CC-0. In Public Domain. Digitization by eGangotri

गीता पढौं अनि, पूजौं

श्रीकृष्णं वन्दे जगद्गुरुम्

श्रीमद्भगवद् गीता

सरल नेपाली अनुवाद



अनुवादक
डा. गोविन्दशरण उपाध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भगवद्गीता : आचार्यहरूको बुझाई

जगद्गुरु आदिशंकराचार्य : तद्इदं गीताशास्त्रं समस्तवेदार्थसार संग्रहभूतं दुर्विज्ञेयर्थम् । ...यत तदर्थं विज्ञाते समस्तः पुरुषार्थ सिद्धिः : यो गीता समस्त वेदहरूको सारअर्थहरू सङ्ग्रह गरिएको शास्त्र हो र यसको समग्रअर्थ परिश्रम गरेरमात्र बुझ्न सकिन्छ। यसको ज्ञान प्राप्त गरेपछि धर्म, अर्थ, काम तथा मोक्षको अभिप्राप्ति हुन्छ । (शारीरिक भाष्य)

श्रीधरस्वामी : अर्जुनं धर्मज्ञानरहस्योपदेशप्लवेन तस्माच्छोकमोहसागरात्दुद्धारः – स्वधर्मबाट विरक्त भएको अर्जुनलाई धर्मरूपि महान् ज्ञानले नुहाईदिएर निजलाई शोक तथा मोहरुपि विशाल समुद्रबाट उद्धार गर्नुभयो। (सुवोधिनी टीका)

जगद्गुरू श्रीनिम्बार्काचार्य : सकलवेदसारभूतगीताशास्त्रोपदेशैस्ततउज्जहार : सम्पूर्णवेदहरूको सारतत्वका रूपमा गीताशास्त्रको उपदेश दिएर (भगवान् श्रीकृष्णले) अर्जुनलाई शोक तथा मोहको दलदलबाट वाहिर निकाल्नु भयो। (तत्वप्रकाशिका टीका)

महाशैवाचार्य अभिनव गुप्त : तद्यप्यन्यप्रसङ्गेषु मोक्षोनामात्र गीयते। तथापि भगवद्गीताः सम्य(त्तद्प्राप्तिदायिकाः अन्य प्रसंगहरूमा मनुष्यहरूका लागि मोक्षको विषयमा बताइएको छ तर भगवद्गीताले मोक्षको ग्यारेन्टी गर्छ। (गीतार्थ सङ्ग्रह)

जगद्गुरु श्रीरामानुजाचार्य : परमपुरुषार्थलक्षणमोक्षसाधनतया वेदन्तोदितं स्वविषयं ज्ञानकम(नुगृहीतं भक्तियोगमवतारयामासः (अर्जुनलाई कारण बनाएर) वेदवेदान्तको साररूप सम्पूर्ण पुरुषार्थहरूको सार तथा मोक्षको साधनभूत ज्ञान कर्मका साथै भक्तिको समुच्चयका रूपमा श्रीमद्भगवद्गीताको अवतरण भयो। (श्रीभाष्य)

जगद्गुरू आनन्दतीर्थ : सर्वभारतार्थसंग्रहाम् भारतपारिजातमधुभूतां गीतामुपनिनिवबन्धः : सम्पूर्ण महाभारतको अर्थको संक्षिप्त सङ्ग्रहका रूपमा वैदिक संस्कृतिको मनचिन्ते वृक्ष (पारिजात)का रुपमा भगवान् श्रीकृष्णबाट गीताको प्रबचन भएको हो। (माध्वभाष्य)

श्रीहनुमान : परमकारुणिको भगवान् भक्तवत्सलो वासुदेवो वेदान्तवाक्यैः समधिगम्यं परम ार्थतत्वमुपदिदेशः परमकरुणायुक्त भक्तवत्सल भगवान् वासुदेव श्रीकृष्णले वैदिकशास्त्रहरूको सारकारूपमा परमार्थतत्व समाधि जान्न सकिने श्रीमद्भगवद्गीताको (शोक तथा मोहमा डुवेका अर्जुनका लागि) उपदेश गर्नुभयो। (पैशाच भाष्य)

जगद्गुरु श्रीवल्लभाचार्य : अतः शरणमार्गेण सेवाधर्ममसुचयत् : आरम्भमै भगवान् श्रीकृष्ण स्वयंले शरणगतिका माध्यमबाट भक्तिको दिव्यबाटो देखाउनु भयो। (तत्वदीपिका टीका)

– सङ्कलन डा. गोविन्दशरण उपाध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकृष्णं वन्दे जगद्गुरुम्

श्रीमद्भगवद्गीता

सरल नेपाली अनुवाद

अनुवादक

डा. गोविन्दशरण उपाध्याय

मनोविज्ञान तथा दर्शनशास्त्र विभाग

त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर, काठमाडौं

SCANNED

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भगवद्गीता

(सरल नेपाली अनुवाद)

अनुवादक
डा. गोविन्दशरण उपाध्याय
gsu300@gmail.com

सर्वाधिकार © अनुवादकमा

प्रकाशक
बैकुण्ठधाम फाउण्डेसन,
बालुवाटार, काठमाडौं

संस्करण : चौथो (२०७८)
मूल्य : रू.

आवरण/सेटिङ्ग
प्रशुराम अधिकारी

मुद्रण
रोल्वालिङ अफसेट प्रेस,
बानेश्वर, काठमाडौं
फोन : ९८५११०२२२९

सहकार्य
जरोकिलो प्रतिष्ठान नेपाल

बैकुण्ठधाम फाउन्डेसन

वैकुण्ठधाम फाउन्डेसन नेपाल सरकारको आधिकारिक निकायमा विधिवत् दर्ता भएको मुनाफारहित जनहितकारी सामाजिक संस्था हो। यो संस्थाले वृद्धवृद्धा, बालबालिका, महिलाको क्षेत्रमा भोजनआवासका क्षेत्रमा काम गर्नुका साथै वैदिक धर्म संस्कृतिसहित नेपालका मौलिक संस्कृतिहरूको संरक्षण, सम्वर्धन र अनुमोदनको लागि सहयोग जुटाउने र सहयोग गर्ने काम गर्छ।

उपरोक्त उद्देश्य प्राप्त गर्न संस्थाले श्रीमद्भागवत, श्रीमद्भगवद्गीताजस्ता वैदिक ग्रन्थहरूको अनुवाद, प्रकाशन, प्रचारप्रसार तथा प्रवचन–गोष्ठीको आयोजना गर्छ। भक्ति, ज्ञानयुक्त अध्यात्मिक जागरणका माध्यमबाट अध्यात्मिक चेतनाको उच्चतहको प्रतिमान स्थापित गर्दै धर्म, अर्थ, काम तथा मोक्षको लागि मार्गदर्शन, शिक्षण तथा प्रशिक्षण दिन्छ।

यस संस्थासँग जोडिन, सहकार्य गर्न वा जिज्ञासा भएमा निम्न ठेगानामा सम्पर्क गरौं :

वैकुण्ठ धाम फाउन्डेसन
कामनपा – ४, एम्बेसी मार्ग, बालुवाटर, काठमाडौं।
फोन : ९८४०३३५०४२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

देवेन्द्रमौलि मन्दारमकरन्द कणारुणाः ।
विघ्नंहरन्तु श्रीराधाकृष्ण पदाब्जरेणवः ॥

पण्डित स्व. पुनाखर उपाध्याय पौड्याल (वि.सं. १९८०–२०७७) को संक्षिप्त परिचय

पण्डित पुनाखर उपाध्याय पौड्यालको जन्म पर्वत जिल्ला, विहादी गाउँपालिकाको रानीपानी स्थित पोखरी–डाँडामा भएको हो। उहाँका पिता श्रीगंगाधर तथा आमा श्रीमती मनरुपा उपाध्यायका एकमात्र सन्तान हुनहुन्थ्यो। पिताद्वारा चतुर्थआश्रम स्वीकार गरेपछि पुनाखरले आमाको सानिध्यमा रहेर स्वाध्याय गर्दै ज्योतिष तथा अन्य धर्मशास्त्रको अध्ययन गर्नुभयो र गङ्गा देवी तथा पवित्रा देवीसँग उहाँको शास्त्रीय विधिअनुसार विवाह भयो र आजीवन ब्राह्मण धर्मको पालन गर्दै समाजसेवा तथा अन्य सेवामूलक कार्य गर्नुभयो।

शिक्षा क्षेत्रमा उहाले जनता प्राथमिक विद्यालयको स्थापना गरी स्थानीयतहमा शिक्षाको ज्योति आरम्भ गर्नुभएको थियो। लामो समयसम्म सो विद्यालयको संस्थापक अध्यक्ष्य रहेर दलित, पिछिडएका वर्ग, वञ्चित बालिकाहरुको शिक्षामा जोड दिनुभएको थियो। त्यसैगरी उहाले स्थानीय नेपाल तारा माध्यमिक विद्यालयको संस्थापक सदस्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुपमा पनि लामो समय योगदान पुऱ्याउनु भएको थियो। शिक्षा ज्ञानको ज्योति हो र शिक्षाबाट नै समाज र राष्ट्रको विकास सम्भव छ भन्ने उहाको मान्यता थियो भने स्थानीय राजनैतिक क्षेत्रमा पनि उहाँको सक्रियता वडा सदस्य तथा कार्यवाहक प्रधानपञ्चको रूपमा विशेष स्मरणीय छ।

उहाँलाई स्थानीय जडिबुटी अर्थात् आयुर्वेदको राम्रो ज्ञान थियो जुन ज्ञानबाट धेरैधेरै स्थानीय वासीहरूले स्वास्थ्यलाभ गर्ने गरेको स्थानीयवासी तथा आफन्तहरू सम्भने गर्छन्। उहाँले स्थानीय जनता तथा बालबालिकाको लागि निःशुल्क वेद, चण्डी तथा कर्मकाण्डको शिक्षा दिनु हुन्थ्यो। उहाँले दीक्षित, शिक्षित र प्रशिक्षित गरेका अनेकौं शिष्यहरूले आज पनि धार्मिक तथा सांस्कृतिक क्षेत्रमा सेवा प्रदान गरिरहनुभएको छ। उहाँले आफ्नो जीवनकालमा सङ्कलन तथा सङ्कलन गरेका हस्तलिखित पुस्तकहरूको अमूल्य निधिका रूपमा विधिवत् संरक्षण गरिनुपर्छ भन्ने अभिमत यस श्रीमद्भगवद्गीताका अनुवादक डा.शरणको पनि आग्रह रहेको छ।

जीवनको अन्तिम क्षणमा उहाँ बूढानीलकण्ठस्थित आफ्नै निवासमा महिला छोरा डिल्लीराम शर्मा तथा बुहारी रमा शर्मासँग हुनुहुन्थ्यो। दुई पत्नीहरूबाट चार छोरा, तीन छोरीहरू तथा तीबाट छ जना नातिनातिनाहरू, सात जना पनाति–पनातिनीहरू आशिषित हुनु–हुन्थ्यो। उहाँका छोराछोरी तथा नातिनातिना, पनातिपनातिनीहरू निम्न छन् : बिष्णु शर्मा पराजुली, लक्ष्मी शर्मा मैनाली, र सीता शर्मा आचार्य (छोरीहरू), डिल्लीराम – रमा शर्मा, डा. जगन्नाथ –लक्ष्मी शर्मा, गोविन्द–बिष्णु शर्मा) र चिरन्जिबी–बिष्णु देवी पौड्याल; भरत पौड्याल, डा बासुदेव पौड्याल, डा. सरिता पौड्याल, शारदा पौड्याल, डा. उषा पौड्याल, डा. प्रतिक्ष्या पौड्याल, प्रतिभा पौड्याल, निशा पौड्याल, किशोर पौड्याल, लता अधिकारी, सरोज पराजुली, प्रतिमा मैनाली, प्रविन मैनाली, समिक्ष्या तथा समिर आचार्य हुनुहुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

श्रीमद्भगवद्गीता विश्वको सबैभन्दा उत्कृष्ट आध्यात्मिक ग्रन्थ हो। यस्तो हुनुको कारणचाहिँ आफै भगवान् श्रीकृष्ण यसका प्रवक्ता हुनु र गुडाकेश अर्जुन यसका श्रोता हुनु हो। श्रीमद्भगवतले प्रष्ट रूपमा **'कृष्णस्तु भगवान् स्वयम्'** अर्थात् श्रीकृष्ण साक्षात् ईश्वर नै हुनुहुन्छ भन्नु र भगवान् श्रीकृष्ण स्वयंले **'अहं बीजप्रदः पिता'** अर्थात् म विश्वलाई प्रकट गर्ने बीज हुँ भनेर बोलेको हुँदा भगवान् श्रीकृष्णको महान् वाणी यो विश्वब्रह्माण्डकै ईश्वरीय ग्रन्थ हो भन्ने तथ्यमा शंका गर्नुपर्ने देखिन्न।

श्रीमद्भगवद्गीताले भक्ति, ज्ञान तथा कर्ममार्ग मध्ये एउटा मार्गको अवलम्बन गरेर जुनसुकै स्त्री वा पुरुषले धर्म, अर्थ, काम तथा मोक्ष प्राप्त गर्न सक्छन् भन्ने उपदेशमात्र होइन मार्गचित्र समेत प्रस्तुत गर्छ। यसैलाई समातेर वैदिक सनातन धर्मका आचार्यहरूले पनि श्रीमद्भगवद्गीताको टीका गर्दै सम्पूर्ण मानवप्राणीको श्रेयसको लागि अभिप्रेरित गर्नुभएको छ।

स्वधर्मको ज्ञान र साधनाले मात्र सनातन धर्म–संस्कृतिको रक्षा हुन्छ भन्ने गीताको आदेशलाई मनन गर्दै भक्ति–ज्ञानयोगका साधक तथा दर्शनशास्त्रका प्राध्यापक डा.गोविन्दशरण उपाध्यायले श्रीमद्भगवद्गीताको नेपाली भाषामा सरल अनुवाद गर्नुभएको छ। यो नेपाली अनुवाद ठ्याक्कै गीताका मूलः श्लोकहरूको छायाँजस्तै छ। संस्कृत भाषा नजान्ने तर गीतालाई बुझ्न चाहनेहरूका लागि यो संस्करण सबैभन्दा सजिलो छ।

श्रीमद्भगवद्गीताको यो प्रकाशनले नेपालीभाषा गीताको सरल अनुवाद पढ्ने पाठकहरूको रहर पूरा हुने नै छ र साथै भक्ति–साधनाका माध्यमबाट आध्यात्मिक, आधिभौतिक तथा आधिदैविक सन्तापबाट मुक्ति प्राप्तगरी भगवान् श्रीराधाकृष्णको दिव्य सान्निध्य प्राप्त गर्ने बाटो पनि खुल्ने छ। श्रीमद्भगवद्गीताको यो प्रकाशनबाट संस्था गौरवान्वित भएको छ।

पावना जोशी
अध्यक्ष
बैकुण्ठधाम फाउन्डेसन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीता किन पढ्ने ?

किनभने गीता विश्वको सबैभन्दा प्रमाणिक आध्यात्मिक ग्रन्थ हो। मैले तेसै यो कुरा भनेको होइन गीता आफैले भन्छ। बाइबलले आफुलाई इसाईको धर्मग्रन्थ भन्छ, कुरानले आफुलाई मुस्लिमहरूको धर्म ग्रन्थ हुँ भन्छ, त्रिपिटकले आफुलाई बौद्धहरूको धर्मग्रन्थ हुँ भन्छ तर गीताले "अहं सर्वस्य" (१०/८) जसले मलाई पढ्छन्, बुझ्दछन् र मैले भनेका कुराहरूको मनन गर्छन् ती सबैको हुँ भन्छ। भगवान् श्रीकृष्ण वैदिक सनातन धर्मको परम्परामा प्रकट भएर एस्तो दिव्यग्रन्थ हामीमा प्रकट गर्नुभयो । यसले हिन्दू–सनातन धर्म कृतार्थ भएको छ ।

श्रीमद्भगवद्गीता १ लाख संस्कृतका श्लोक भएको महाभारत नामक विशाल महाकाव्यको भीष्मपर्वबाट (६.३.२३–६.३.४०) निकालिएको सानो अंश हो। यसमा केवल ७ सय श्लोक र १८ अध्याय छन्। तत्कालीन हस्तिनापुरका राजा धृतराष्ट्र र संजय, कृष्ण र अर्जुनका बिचमा भएको परामर्श–संवादको यो काव्यात्मक सङ्ग्रह हो र यसका सङ्ग्राहक सत्यवतीका पुत्र महान् श्रीकृष्णद्वैपायन व्यास हुन्। व्यासको जन्म नेपालको तनहुँमा भएको भन्ने नेपाली जनविश्वास छ। सरल संस्कृत भाषामा सम्पूर्ण वैदिक सभ्यता, संस्कृति र नीतिको व्याख्या गरिएको अद्भूत प्रमाणिक ग्रन्थ हो। यो तत्थ्य बुझ्न श्रीमद्भगवद्गीता पढ्नै पर्छ।

महाभारतको युद्ध, महाभारतका पात्रहरू र कृष्णअर्जुन तथा यी दूवैको संवादलाई "काल्पनिक कथा" भन्ने तर गीतालाई महत्त्व दिनेहरू पनि छन्। जब श्रीकृष्णले "गीताको उपदेश आफूले सूर्यलाई र सूर्यले मनुलाई र मनुपछि कारणवस यो लोप भएको र पुनः अर्जुनको लागि प्रकट गरिएको भनेर इतिहास नै बताउनु भएको छ भने कृष्ण र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुन कसरी काल्पनिक कथाका पात्र हुन सक्छन् ? श्रीकृष्ण र अर्जुन जन्मेको ठाउँ, उनीहरूले खेलेको, विद्या सिकेको, विवाह गरेको ससुराली गाउँठाउँ तथा महाभारतको युद्धको लागि प्रयोग भएका तत्कालीन ठाउँहरू आज पनि भारत तथा नेपालमा जीवन्त छन्। श्रीकृष्ण र अर्जुनको वास्तविकतामा शंका गर्नेहरूले महावीर जैन, बुद्ध, जिसस, तथा मोहम्मदलाई पनि काल्पनिक भन्ने क्षमता राख्नुपर्छ। तेसैले श्रीकृष्ण जगद्गुरू हुन् भने अर्जुन उहाँका प्रिय मित्र र शिष्य हुन्, वास्तविकताप्रति शंका गर्नुहुँदैन।

गीताको उपदेश युद्धक्षेत्रमा भएको हो। एउटा विश्वप्रसिद्ध योद्धाले आफन्तहरूसँग लड्नु पर्ने अवस्था देखेपछि, 'म अब लड्दिन' भनेर आत्तिदै रथको पछिल्लो भागमा बसेपछि सारथी बनेका भगवान् श्रीकृष्णले आफ्ना प्रिय मित्र अर्जुनलाई युद्धक्षेत्रमै गीताको उपदेश प्रदान गर्नु भएको हो। गीताको आरम्भमा अर्जुनले शिष्यत्व ग्रहण गर्छन्। पहिलो अध्यायमा अर्जुन डराएका, आत्तिएका र शोकग्रस्त भएका छन्, तेसैले उनी विषादग्रस्त छन्। अर्को शब्दमा, आफन्तहरूसँग जम्काभेट भएपछि मर्ने र मारिने डरका कारण अर्जुन शोकग्रस्त हुन्छन्। तर एउटा विश्वप्रसिद्ध योद्धाले युद्ध उपस्थित भएपछि आफन्तको मायाका कारण विषादग्रस्त भएर युद्धबाट भाग्न खोज्नु अधर्म नै हो किनभने योद्धाको कर्तव्य नै स्वदेश, स्वधर्म, स्वसंस्कृति तथा राष्ट्रको रक्षाका लागि लड्नु नै स्वधर्म हुन्छ।

श्रीमद्भगवद्गीताको विषयवस्तु मूलतः सत्व, रज र तम नामक त्रिगुणका विभिन्न संयोजनले निर्मित भएको मानव ज्ञान, कर्म र भक्तिमा अभिमुख हुन्छ। ज्ञानयोगीले ज्ञान साधना प्रयोग गरेर ब्रह्मसँग एकाकार हुन्छ, कर्मयोगीले शास्त्रीय निर्देशअनुसार कर्म गरेर मोक्ष प्राप्त गर्छ भने भक्तयोगीले आत्मसमर्पणका माध्यमबाट भगवान्को सान्निध्य प्राप्त गर्छ । श्रीमद्भगवद्गीता संसारको एकमात्र एस्तो आध्यात्मिक ग्रन्थ हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसले मानिसलाई व्यक्तिगत कर्मअनुसार मोक्ष प्राप्त गर्ने प्रष्ट बाटो देखाउँछ। स्वधर्म, स्व–संस्कृति तथा ज्ञानप्रति गौरव गर्न अभिप्रेरित गर्छ। निःसन्देह श्रीमद्भगवद्गीता एउटा पूर्ण दार्शनिक, पूर्ण आध्यात्मिक तथा नीतिग्रन्थ हो जसले सम्पूर्ण वैदिक–संस्कृतिको संक्षिप्तमा प्रारूप प्रकट गर्छ र सरल र सहजतवरले यसको व्याख्या गर्छ।

महात्मा गाँधीले "जब मेरो मन अनिर्णयको बन्दी हुन्छ, मैले निर्णय गर्न सक्दिन, तेस बखत मैले गीताको शरण लिन्छु र बाटो खुल्छ" गीताको उपयोगिताका आफ्नो अनुभव लेख्छन्। अर्जुन आफैले पनि सम्पूर्ण गीताको उपदेश सुनेपछि "मेरो सम्पूर्ण मोह, सन्देह अर्थात् विषाद मासियो, मैले आफ्नो कर्तव्य के हो भनेर बुझें, अब तपाईंले भनेअनुसार नै गर्छु"(१८/७३) भनेर पाँचहजार वर्षको अगाडि भनेको तथ्य महात्मा गाँधीका अनुभवसँग मिल्छन्।

श्रीमद्भगवद्गीता साक्षात्कार ब्रह्मको वाणी हो भन्ने तत्थ्य आद्य शंकराचार्यले (सन् ७७८–८१२) गीताको अद्वैतवादी व्याख्या गर्दै लेखेको शारीरिक–भाष्यबाट प्रमाणित हुन्छ। शारीरिक भाष्य नै श्रीमद्भगवद्गीताउपर गरिएको पहिलो व्याख्या हो। आचार्य शङ्करले गीताका पूर्वभाष्यहरूको पनि उल्लेख गरेका छन्। दुर्भाग्यवस आज ती भाष्यहरू उपलब्ध छैनन्। तेसपछि विश्वप्रसिद्ध तन्त्रका आचार्य अभिनव गुप्तले गीतामा टीका लेखे (९५०–१०१६) भने आचार्य रामानुजले (१०१७–११३७) गीतामा श्रीभाष्य लेखे। प्राचीन समयमा आचार्य पदवी प्राप्त गर्नका लागि (गीता, उपनिषद् तथा ब्रह्मसूत्र)प्रस्थानत्रयिको स्वमातानुसार व्याख्या गर्नुपर्थ्यो।

प्राचीनदेखि हालसम्मका श्रीमद्भगवद्गीतामा अनेकौं उत्कृट व्याख्या गरिएका छन्। दार्शनिक आयामअनुसार शंकराचार्यले गीताको अद्वैतवादी, आचार्य श्रीरामानुजले विशिष्टाद्वैत परक, श्रीनिम्बार्काचार्यले द्वैताद्वैत मूलक, आचार्य श्रीमध्वले द्वैत परक, श्रीअभिनव गुप्तले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रपरक, श्रीवल्लभाचार्यले शुद्धाद्वैत परक तथा यी सम्प्रदायमा आस्था राख्ने पश्चवर्ती विद्वानहरूले पनि यिनै प्रवृत्तिलाई अङ्गिकार गरेका छन् । उदाहरणका लागि आनन्दगिरी, हनुमान, नीलकण्ठ र मदुसुदन सरस्वतीले अद्वैतवादलाई पच्छ्याएका छन् भने बेंकटनाथद्वयले विशिष्यद्वैत तथा श्रीविश्वनाथ चक्रवर्तिले आचार्य मध्वको परम्परालाई अनुशरण गरेका छन् ।

श्रीमद्भगद्गीता सम्पूर्ण वैदिक जगत्को साझा ग्रन्थ हो भन्ने प्रमाण प्रसिद्ध महेश्वराचार्य श्रीअभिनव गुप्तको "गीतार्थसङ्ग्रह" पढे पुग्छ भने शैव र शाक्तमतका वैदिक आचार्यहरू तथा वैष्णवआचार्यहरूले लेखेका गीता–भाष्यहरूबाट बुझ्न सकिन्छ। जैन तथा बौद्ध (अश्वघोष सन् १००) विद्वान्हरूले पनि आफ्ना संस्कृत ग्रन्थहरूमा गीताबाट धेरै ठाउँमा उद्धरण दिएका छन् । तेसैले वैदिक, जैन तथा बौद्धहरूले श्रीमद्भगवद्गीतालाई साझा ज्ञान र सम्पदाका रूपमा गौरवपूर्ण तवरले स्वीकार्न मिल्छ। नेपाली सनातन संस्कृतिको अभिनिर्माण शैव, शाक्त तथा वैष्णवहरूको सहकार्य तथा सहचार्यबाट भएको छ। प्रसिद्ध ग्रन्थ हिमवत्खण्डले यो तत्थ्यलाई प्रमाणित गर्छ। नेपाली संस्कृतिमा गीता, गाई, गंगा र शालीग्राम हरेक शुभकार्य तथा पापमोचनका लागि घरघरमा स्वीकार्य विषय हुन् ।

अब केही आधुनिक व्याख्याहरू बारे चर्चा गरौं । स्वामी विवेकानन्दले श्रीमद्भगवद्गीतालाई नै आधार बनाएर प्रवचन गर्नु भयो । उहाँले अद्वैतवादको अनुशरण गर्दै गीताको ज्ञानयोगी व्याख्या गर्नुभएको छ भने प्रसिद्ध भारतीय राजनीतिज्ञ तथा विद्वान लोकमान्य तिलक तथा महात्मा गाँधीलेले गीताको कर्मपरक व्याख्या गर्नुभएको छ। विनोवा भावे, सन्त ज्ञानेश्वर तथा स्कोनका संस्थापक आचार्य श्री ए.सी. भक्तिवेदान्त स्वामीले गीताको भक्तियोग परक व्याख्या यथारुप गर्नुभएको छ। भारतका पूर्वराष्ट्रपति डा. एस. राधाकृष्णन् तथा प्रसिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दार्शनिक अरविन्द घोषले गीताको समन्वय मूलक (आधुनिक) व्याख्यामा ध्यान दिएको देखिन्छ। हालै यथार्थ गीता लेखेर स्वामी अडगडानन्द चर्चामा आएका छन्। सन् १९५० पछि विश्वभरी गीतामा असंख्य टीका-टिप्पणी लेखिएका छन्। यो सबैले गीताको सार्वजनिकता प्रमाणित गर्छ।

श्रीमद्भगवद्गीताको पहिलो पर्सियन भाषाको अनुवाद तत्कालीन मुगल सम्राट शाहजहाँका छोरा युवराज दाराशिकोहले (सन् १६१५-१६५९) गराएका थिए भने अंग्रेजीमा अनुवाद गर्ने पहिलो व्यक्ति चाल्स विकिनले (१७६९-१८३६) सन् १७७५ मा यसको प्रकाशन गरेका थिए। तेसपछि फ्रेन्च विद्वान जे.पी पाराडले फ्रेन्चमा, म्याक्समूलरले जर्मनी भाषामा गीताको अनुवाद गरेका थिए। १९औँ शताब्दि अगाडि गरिएका/ गराइएका गीताका अनुवादहरू मूलतः **बाइबलसँग अनुकुलन**का लागि प्रायोजित थिए। वैदिक धर्मशास्त्रको अनुवाद गराउनुको उद्देश्य नै बाइबलको सम्प्रभुता स्थापित गर्नुसँग सम्बन्धित थियो। तेस बखतका धेरैजसो अनुवादहरू पूर्वाग्रहग्रस्त र जानाजान अर्थको अनर्थ गरिएका छन्। आजको मितिमा श्रीमद्भगवद्गीताको अधिकांश विश्वका प्रसिद्ध भाषाहरूमा अनुवाद भैसकेको छ र दिनहुँजसो नयाँनयाँ भाषाहरूमा अनुवाद भैरहेका छन्।

इन्टरनेट, रेडियो-टेलिभिजनजस्ता संचारमाध्यमहरुको विकासले श्रीमद्भगवद्गीताको ज्ञानलाई तीव्रतर रूपमा विश्वभरी फैलिन मदत गरेको छ। अङ्ग्रेजी भाषामा प्रशिक्षित अनेकौँ नेपाली, भारतीय तथा विदेशी विद्वानहरूले आ-आफ्नो अभिरुचि र आवश्यकताअनुसार श्रीमद्भगवद्गीताको व्याख्या र प्रचारप्रसार गरिरहेका छन्। अनेकौँ विद्वानहरूले आधुनिक उपयोगिता र जीवनशैलीका कारण उत्पन्न समस्याहरूबाट सर्वसाधारणलाई शारीरिक, मानसिक तथा आध्यात्मिक तहमा सहयोग गर्न श्रीमद्भगवद्गीताको ज्ञान, भक्ति तथा कर्मयोगमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारित साधनाहरूको उपयोग गरिरहेका छन्। आज श्रीमद्भगवद्गीताको निर्विवाद रुपले वैश्विक **अध्यात्मिक मानवशास्त्र** बन्नेतिर उन्मुख छ। गीताका माध्यमबाट वैदिक संस्कृति र सभ्यताका गौरवहरू वैश्विकतहमा अभ्यास तथा चिन्तन गरिँदै छन्। क्रमशः सम्पूर्ण विश्व सनातन संस्कृतिको विनम्र अनुयायिमा रुपान्तरित हुँदैछ। यस्तो रुपान्तरण धर्मपरिवर्तन होइन, साधना, विधि र चिन्तनको परिवर्तन हो।

नेपालमा नेपाली वा संस्कृतमा कसले पहिलो गीताको अनुवाद वा भाष्य गरेको थियो भन्ने खोज्न बाँकी नै छ तर पण्डित कोमल प्रसादको **कोमलगीता** निकै प्रसिद्ध छ। हाल बजारमा २ दर्जन भन्दा बढी गीताका नेपाली अनुवादहरू र व्याख्याहरू उपलब्ध छन्। भारतको गीता प्रेसले पनि नेपाली भाषामा पनि गीता प्रकाशन गरेको छ। सबै उत्कृष्ट छन् तर धेरैजसो व्याख्याहरू आफ्नो अभिमत स्थापित गर्नमा केन्द्रीत भएको हुँदा तिनमा केही पूर्वाग्रह छल्किन्छ। केही गीताका अनुवादहरू अनुवादकको सीमाको बन्धनमा छन् भने केही अनुवादक वा भाष्यकारको स्वमत पूर्वाग्रहका कारण शब्दार्थहरू प्रभावित भएका छन्। मैले यी दुवै सीमा र पूर्वाग्रहबाट मुक्त राखेर गीताको अनुवाद गरेको छु।

तर यो अनुवाद उद्देश्यरहित छैन। देशमा बढ्दो धर्मपरिवर्तनको चाप थेग्न नसकिने अवस्थामा पुगेको छ। संविधानले हुँदैन भन्दाभन्दै पनि धर्मपरिवर्तनकारी शक्तिहरूको हौसला बुलन्द छ। संघसंस्था दर्ताको लागि बनेको कानुनी प्रक्रियामा टेकेर समाजसेवाको आवरणभित्र निर्वाधरूपले सोझासाझा नेपालीहरूको धर्म परिवर्तन गर्ने धन्दा चलिरहेको छ। विदेशी सरकारहरू, गैरसरकारी संस्थाहरू र धर्मनिरपेक्षताको आवरणमा सरकारीतन्त्र भित्र छिरेका धर्मपरिवर्तनकारी शक्तिले समुदायहरूका बीच एकआपसमा घृणा फैलाउने तेसै मेलोमेसोमा धर्मपरिवर्तन गराउन सहयोग गरिरहेका छन्। सबैभन्दा आश्चर्यको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के भने संविधानको कसम खाएका राजनैतिक नेतृत्वले समेत धर्मपरिवर्तन गराउन नपाइने संविधान विरोधी क्रियाकलापलाई खुलेआम तथा मौन समर्थन गरिरहेका छन्।

हिन्दूधर्ममा एकसे एक धर्मग्रन्थहरू छन्। सबै महान् छन् तर श्रीमद्भगवद्गीता जस्तो सरल र सहज ग्रन्थ अर्को छैन। वेद, उपनिषद्, पुराण, स्मृतिआदि ग्रन्थहरू पढ्नु र बुझ्नु धेरै राम्रो कुरा हो तर एस्ता भाग्यमानिहरू थोरै छन्। आजभोली वैदिकसंस्कृति र ग्रन्थहरूप्रति मान्छेको अभिरुचि बढेको छ। अङ्ग्रेजी जान्नेले अङ्ग्रेजीका अनुवादहरू पढेर स्वधर्म बुझ्ने र जान्ने प्रयत्न गरिरहेका छन् भने नजान्नेहरूले नेपाली वा हिन्दी जस्ता भाषाका अनुवाद पढेर बुझ्ने प्रयत्न गरिरहेका छन्। देश विदेशमा फैलिएर रहेका सनातनी हिन्दूहरूमा स्वधर्मको वास्तविक स्वरूपका जान्ने रहर बढेको छ। अङ्ग्रेजी नजान्ने, हिन्दी नजान्ने र संस्कृत पनि नजान्नेले नेपाली र अङ्ग्रेजीमा अनुवाद गरिएको गीता पढेर आफ्नो मौलिक दार्शनिक सिद्धान्तहरूबारे राम्ररी जान्न सक्छन्।

नेपालीभाषा संस्कृतबाट जन्मेको हो। नेपालीमा ७० प्रतिशत शब्दहरू संस्कृतबाट लिइएका छन्। एसको अर्थ हो हरेक नेपाली, भोजपुरी, मैथिली तथा थारूभाषा बोल्नेले ७० प्रतिशत संस्कृत नै बोलिरहेकै हुन्छन्। अङ्ग्रेजी जान्नु राम्रो कुरा हो तर आफ्नो मातृभाषाको माउँभाषा जान्नु अझैं राम्रो कुरा हो। नेपाली पढ्न सक्नेले थोरैथोरै तर महत्त्व दिएर गीताका संस्कृत श्लोकहरू पढ्ने हो भने ५० प्रतिशत अर्थ बुझ्न सकिन्छ। **संस्कृत भाषा बुझ्न सकिन्न, गाह्रो छ** भन्नेहरूको भर नपरौं। पहिले नेपालीको अर्थ पढौं तेसपछि नेपालीको अर्थमा प्रयोग भएका र संस्कृतको श्लोकभित्र प्रयोग भएका शब्दहरू पढेर मिलान गरौं। संस्कृत बुझिन्न भन्ने मानसिक त्रास केही बेरमै ओझेल पर्छ। दैनिक एउटा श्लोकको यसरी अभ्यास गर्ने हो भने क्रमशः पाँचौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यायमा पुग्दा साधकले संस्कृतका श्लोकहरू राम्ररी पढ्न सक्नुहुन्छ र दशौँ अध्यायमा पुगेपछि संस्कृतका श्लोकहरूको ७० प्रतिशत अर्थ बुझ्न सक्नुहुन्छ।

अङ्ग्रेजीभाषासँग नेपालीहरूको प्रत्यक्ष रूपमा कुनै साइनो छैन तर अभ्यास गरेपछि जुनसुकै मान्छेले बुझ्न र बोल्न सक्छ भने संस्कृतभाषा त नेपाली भाषिको नाताले हामीले ७० प्रतिशत पहिले नै जानेका हुन्छौँ। बाँकिरहेको ३० प्रतिशतमा संस्कृतको व्याकरण र शब्द भण्डार बढाउने हो भने नेपालीपछि दोश्रो सरल भाषा बन्छ। गीता पढ्दै गर्दा **मैले संस्कृत बुझ्न र पढ्न सक्दिन** भन्ने हिनताबोधबाट मुक्त हुनेछौँ। नेपाली, मैथिली, भोजपुरी, हिन्दी, थारूआदि भाषा बुझ्दै नबुझ्ने वा बोल्नै नसक्नेहरूका लागि संस्कृत पक्कै पनि परिश्रम गर्नु पर्ने भाषा हो तर धैरैजसो नेपाली नागरिकहरूले नेपालीभाषा बुझ्न, लेख्न र बोल्न सक्ने हुँदा सबैले श्रीमद्भगवतगीता सजिलै बुझ्न सक्छन् ।

हरेक इसाईले आफ्ना बालबालिकालाई आफ्नो मौलिक सम्पत्तिका रूपमा बाइबल तथा इसाईसँग सरोकार भएका कर्मकाण्ड तथा चाडवाडहरू गौरवका साथ सिकाउँछन्। हरेक मुस्लिमले आफ्ना बालबालिकाहरूलाई कुरान पढाउँछन् र एक अल्लाह र पैगम्बरमा विश्वास गरेर शक्तिशाली मुसलमान बन्न सिकाउँछन्। हिन्दूहरूले पनि गौरवका साथ आफ्नो ऋषि परम्पराको अभ्यास गर्नुपर्छ। आफ्नो धर्म, संस्कृति तथा सभ्यतामा गौरव गर्नका लागि अर्काको आलोचना गर्न आवश्यक छैन। आफ्ना बालबालिकालाई सरल र सहजतवरले स्वधर्म र संस्कृतिको दार्शनिक ज्ञान दिन श्रीमद्भगवतगीता सबैभन्दा उपयुक्त ग्रन्थ हो। तेसैले हरेक नेपाली परिवारले गीताको अभ्यास गर्नु सर्वथा उचित हुन्छ। आफ्ना बालबालिका र आफु स्वयंले पनि एउटा श्लोक कण्ठ गर्दा गौरव गर्नुपर्छ र आफैलाई धन्यवाद दिनुपर्छ ।

संस्कृत साहित्यको सबैभन्दा महत्त्वपूर्ण विशेषता नै यो छन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् गाउँन सक्ने श्लोकमा लेखिएका छन् । सङ्गीतले मान्छेलाई आनन्द दिन्छ, गीताको अभ्यास गर्दा लयबद्धतवरले पढ्ने हो भने यो सुरुचिपूर्ण बन्छ र छिटो कण्ठ हुन्छ। संस्कृत साहित्यको विशाल भण्डार आजसम्म सुरक्षित हुनुको कारण नै लय हालेर गाउँन मिल्ने संस्कृत श्लोक हुन् । श्लोकहरू अनेकौं लयमा नाच्दैगाउँदै वाचन गर्न मिल्छन् । गीता आफैमा गीत भएकोले एसको अभ्यास गर्दा/गराउँदा गायनविधिको प्रयोग गर्नुपर्छ । सबैभन्दा पहिले संस्कृत बुझिन्न भन्ने गलत चिन्तन गीताको अभ्यास गरेपछि आफै मेटिन्छ। **थोरै पढौं, ध्यान दिएर पढौं, दोहोऱ्याएर पढौं। विस्तारै पढ्ने, बुझ्ने र बुझेको कुरा मनन गर्ने बानी बसाल्नु पर्छ। हतारले पढ्दा धेरै पढिन्छ तर बुझाइ र मनन थोरै हुन्छ।**

नेपालमा १३३ वटा जातजाति र तेत्तिकै संख्यामा भाषाहरू छन्। देवनागरी, शारदा, तिरहुत र सिरिजन्घा यी चारलिपीहरू नेपालका आफ्ना रैथाने लिपी हुन्। सन् १६२८ मा पहिलो पटक इसाईहरू नेपालमा छिरेका थिए भने १३४९ मा बंगाली मुस्लिम गयासुद्दीनले काठमाडौं उपत्यकामा आक्रमणपछि मुस्लिमहरूको उपस्थिति आरम्भ भएको इतिहास छ। वि.सं. २०४६ पछि नेपालमा धर्म परिवर्तनका गतिविधिहरू ह्वात्तै बढेर आजको मितिमा नेपालको धर्म–संस्कृति तथा सभ्यता नै संकटको अवस्थामा पुगेको छ । धर्म परिवर्तनलाई निरुत्साहित गर्न नेपालका हरेक नागरिकले घर, टोल, गाउँ, जिल्ला, प्रदेश तथा राष्ट्रिय तहमा श्रीमद्भवतगीताको अभ्यास आवश्यक भएको छ ।

मेरो गीतायात्रा वि.स. २०३२ तिरबाट भएको हो। पिताजीले विभिन्न गाउँबाट पढ्न आएका बटुकहरूलाई कर्मकाण्ड, व्याकरण, चण्डी, भागवत र गीता पढाउनु हुन्थ्यो। पिताजीले वटुकहरूलाई अभ्यास गराउँदा मैले संस्कृतका श्लोकहरू सिकेको थिए, जसमा श्रीमद्भवतगीताका धेरै श्लोक थिए । यसैगरी मैले चारपाँच अध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीता कण्ठस्थ पारेको थिएँ। पछि, तिनै श्लोकहरू निकै काम लागे, गाउँदा निकै स्यावासी पाइयो। म प्रवासमा हुँदै पिताजीसँग सधैँका लागि वियोग भयो। पुस्तौ पुस्तादेखि ताडपत्रमा, नेपाली कागजमा हातले लेखिएका असंख्य पुस्तकहरू हराए। जोगिएका केही प्राचीन हस्तलेखोट मध्ये चार–पाँचसय वर्ष पुरानो श्रीमद्भगवद्गीता र यजुर्वेद समेत केही पुस्तकहरू आँटीको मधुसमा सुरक्षित रहेछन्। आज मेरा लागि यि पुस्तकहरू सबैभन्दा महत्वपूर्ण सम्पदा बनेका छन्।

काठमाडौँको त्रि–चन्द्र क्याम्पसमा दर्शनशास्त्रको अध्यापन गराउँदै गर्दा देशमा गणतन्त्र आयो। देशको सीमित संसाधनले मान्छेका असीमित चाहना र आवश्यकताहरू पूरा हुनै नसक्ने अवस्था भयो। सरकार बनाउनेहरूले सीमित स्रोतसाधन र असीमित आवश्यकताका बीच तालमेल मिलाउन सकेन। फलतः विदेश पलायन, पारिवारिक द्वन्द्व, भ्रष्टचारसहित धर्मपरिवर्तन गराउने क्रममा बृद्धि भयो। नागरिकहरू भौतिक, मानसिक, सांस्कृतिक तथा आध्यात्मिक रूपमा स्वास्थ्य हुनु पर्ने ठाउँमा अझैँ अशान्त, रुग्ण र तनावग्रत देखिन थाले। भौतिक रूपमा भए गरेका उन्नतिहरूको तुलनामा मान्छेका मानसिक तथा पारिवारिक तनावहरू ज्यादै ठूला भए। धनी होस् वा गरीब सबै अशान्त तथा अपूर्णतामा बाँच्ने अवस्था विकसित भयो। एकआपसमा पारिवारिक कलहहरू, सामाजिक तथा सांस्कृतिक घृणाहरू बढ्न थाल्यो। आजको मान्छेमा सुख, शान्ति, पूर्णता तथा सन्तोष **कुहिरोको काग** हुँदैछ।

आधुनिक विषयको अध्यापन गर्दा देश–विदेश घुमियो, मान्छेहरू पढियो, विभिन्न धार्मिक, अधार्मिक र नास्तिकसँग सङ्गत गरियो। तर आफ्नै इतिहास, संस्कृति तथा ज्ञान परम्परासँग जोडिँदा सबैभन्दा खुसी मिल्दोरहेछ। बाइबल, कुरान तथा अन्य धर्मग्रन्थहरू पढेपछि मैले बुझेँ कि श्रीमद्भगवद्गीता मात्र पूर्ण आध्यात्मिक ग्रन्थ हो जसले हिन्दू, मुस्लिम, इसाई, जैन, बौद्धआदि कसैलाई पनि लाखापाखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दैन। श्रीमद्भगवद्गीताले नाक, वर्ण, भाषा, संस्कृति, सभ्यता तथा अन्य विविधताहरूको सम्मान गर्छ र विविधताहरूमैं एकताको अनुभूति गर्न र व्यवहारमा पनि **विश्व मेरै परिवार हो** भन्ने अनभूति दिन्छ। त्यसैले श्रीमद्भवद्गीता सबैको साझा ग्रन्थ हो।

वि.स. २०६६ मा पहिलो पटक मैले अनुवाद गरेको श्रीमद्भगवद्गीता छापिएपछि ५ पटक छापियो। तत्कालीन गाविसका प्रत्येक कार्यालय र देशभरिका चिकित्सकहरूको टेवलमा पुगेको सुनिश्चित गरियो। कतिले पढे, कतिले सजाएर पुस्तकालयमा राखे, कतिले आफ्ना बालबालिकालाई श्लोकहरू सिक्न र पढ्न प्रेरित गरे, कतिले दान गरे, कतिले निकटतम मित्रलाई उपहार दिएर र अर्को लिए, कतिले श्रद्धा र विश्वासपूर्वक गीताको पाठ तथा मनन गरिरहेका छन् भने कतिले गीता पढेर, मनन गरेर सुखसन्तोष प्राप्त गरिरहेका छन्। कतिले गीताको ज्ञान घरघरमा पुग्नुपर्छ भनेर थप उपहार दिंदैछन् – यसको कुनै लेखाजोखा छैन तर ती सबै सहृदियप्रति मेरो सद्भावसहित नमन छ।

यो संस्करण अलि फरक छ। मूल संस्कृतको श्लोक र तेसको सरल नेपाली अर्थसँगै राखिएको छ। पहिलेका संस्करणहरूमा सम्पूर्ण मूलगीता, त्यसपछि नेपाली अर्थ र अन्त्यमा विष्णुसहस्रनाम राखिएको थियो। धेरैले संस्कृत र तेसको अर्थसँगै राख्दा सजिलो हुन्छ भन्ने सुझाव दिएपछि सुझावहरूको सम्मान गरिएको हो। यो संस्करण छाप्न आर्थिक दायित्व वहन गरी स्वधर्म, संस्कार, संस्कृति तथा गौरवको निरन्तरताको अभिभारा स्वीकार गर्नुभएकोमा प्रायोजकको लागि भगवान् श्रीराधाकृष्णसँग भक्ति तथा सपरिवार सुस्वस्थ, उन्नति एवं दीर्घायुको कामना गर्दै पुण्यकार्यको उच्च सम्मान गर्छु।

पुस्तक लेख्नु, सम्पादन गर्नु तथा उपयुक्त बनाएर प्रकाशन गर्नु निकै मेहेनतको काम हो। यो काममा मलाई प्रेरित गर्ने अभियन्ताहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मित्रहरू, सहकर्मीहरूप्रति कृतज्ञ छु। यो पुस्तकलाई पुस्ताकारमा ल्याउन सेटिङ गर्ने, टंकण/मुद्रण गर्ने रोल्वालिङ प्रेसका प्रशुराम अधिकारी तथा कर्मचारीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, आगामी दशवर्षमा नेपालका हरेक मातृभाषीले आफ्नै भाषामा श्रीमद्भगवद्गीता पढ्न पाउँनुपर्छ। सबै मिलेर यो दायित्व निर्वाह गर्न सक्छौं। यसका लागि हामी सबै मिलेर सहकार्य गर्ने सङ्कल्प गर्नुपर्छ। प्रस्तुत अनुवादको विषयवस्तुमा यहाँहरूबाट प्राप्त हुने सल्लाह, सुझावहरूको उच्च सम्मान गर्नेछु।

श्रीराधाकृष्णार्पणमस्तु !

भवदीय

गोविन्दशरण उपाध्याय पिएचडी

२०७८, शिवरात्री

gsu300@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Foreword

First of all, we would like to thank Dr. Govind Sharan Upadhyaya for his initiative to translate and publish this book in memory of our beloved father, the late Punakhar Upadhyaya. The writer and translator Dr. Upadhyaya has rightly said 'let us read and understand the messages of the Bhagavad Gita - not just worship the book.'

Bhagavad Gita is an essential manual for human beings, which is an immense source of knowledge to illuminate wisdom and lead towards immortality (enlightenment). This is not specific to any religious belief but extremely important for the welfare of all humanity. The message is universal, irrespective of time and space: get up, rise and lead an active, happy and healthy life, creating an environment of peace and prosperity in the universe.

Politicians to poets, philosophers to physicists and sages to scientists have got huge inspirations from this perennial knowledge. Gita has persuaded many people around the globe for so many years. From Adi Shankaracharya to Aldous Huxley, Mahatma Gandhi to Nelson Mandela, Albert Einstein to T.S. Eliot have praised the verses of Gita as an inspiring eternal source of knowledge for entire humanity.

There are two sides. One, there was a real war in the Mahabharat. We should understand what was the reason

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

for the war. The war happened because of the refusal of Kaurava, especially Duryodhan, to follow the rules of society. The war was essential to maintain dharma-justice, equality and rules and regulations as Duryodhan completely refused to abide by those rules. The Pandava, who were virtuous and committed to justice and equality in society, were denied their rights. Another important point here is that good prevails over bad, justice is inevitable and without fairness and equality society degrades.

Second, war is symbolic. This is an internal war: our internal conflicts and confusion. Anger, lust, greed and ego are real enemies of humanity. In history we know many rulers have failed due to their ego and greed and anger and lust, which are said to be the three gates of hell. So we have to kill these enemies to create peace within ourselves and be free from selfish nature. These are the practical lessons we can learn, and we can translate these lessons into our life from our own activities and we can see people around us in our society who have applied these messages.

Let's take the example of anger. Anger is dangerous, anger breaks your life and anger makes you suffer, anger makes you powerless and weakens your inner strength. It stops creativity, positive thinking and threatens your relationship and career. Only negativity will reign in your mind and ruin your life. Anger is like a burning fire inside. What will happen to you

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

when fire burns in the house? Anger burns your body physically, mentally and spiritually. Bhagavad Gita has the answer to remove this negativity from its root. "Anger leads to clouding of judgment, which results in confusion of memory. When memory is confused, the intellect gets destroyed; and when the intellect is destroyed, one is ruined.' Those who 'control the mind, and are free from attachment and aversion, even while using the objects of the senses, attain the grace of God.'

Mahatma Gandhi said Gita has the answers to all the problems humanity faces today. He said Gita's greatest lessons are non-attachment, selfless action and nonviolence, which is an unconditional love for one's self and for all living beings on the planet, as the first and most important virtue. This is a practical workbook to live a meaningful life whether we are a householder living with family or leading a public or political life. We are what we do, we are what we think, and we are what we speak. Our actions determine our destiny- not in the far future but now and even after our death.

Bhagawan Shree Krishna describes in detail the importance of selfless action (Karma Yoga). Whatever action we perform, we should perform as a sacrifice for the welfare of others without being selfish. Everyone has to perform actions - even for their survival. It does not matter what you do, but it matters how you do.

'You have a right to perform your prescribed duties, but you are not entitled to the fruits of your actions.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Never consider yourself to be the cause of the results of your activities, nor be attached to inaction.' Lord Krishna explains to Arjun the art of living following dharma- virtuous actions in life. The message of Gita is clear; if you want to live a happy and healthy life- do your duty sincerely and honestly in unison with your thoughts, feelings, speech and actions.

Shree Krishna says: 'when all the gates of the body are illumined by knowledge, know it to be a symptom of the mode of goodness. When the mode of passion predominates, the symptoms of greed, exertion for worldly gain, restlessness, and craving develop. lethargy, negligence and delusion—these are the dominant signs of the mode of ignorance.'

We should understand how we perform our action, which determines the results of our action. I just want to quote the verses of Bhagavad Gita which clearly states: "It is said the fruit of actions performed in the mode of goodness bestow pure results. Actions done in the mode of passion result in pain, while those performed in the mode of ignorance result in darkness."

What type of characters we have is also clearly described in this verse: "from the mode of goodness arises knowledge, from the mode of passion arises greed, and from the mode of ignorance arise negligence and delusion." We should understand our thoughts, feelings, speeches and actions and even our likes and dislikes

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

including foods and friendship also determine whether we are Sattvic, Rajasic or Tamasic person.

The characteristics of enlightened people are clearly described who 'go beyond these three traits. They are alike in happiness and distress; they remain the same amidst pleasant and unpleasant events; they are intelligent; they accept both blame and praise with equanimity; they remain the same in honour and dishonour; they treat both friend and foe alike.'

Caste is presented as a discriminatory Hindu tradition, especially by those who are trying to defame this eternal glorious dharma which advocates for the welfare of all humanity irrespective of their caste, culture and creed. Hinduism is the only dharma which goes beyond humanity and prays for the welfare of all living beings (including non-living beings) of the planet earth. Is there any caste discrimination in this verse?

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप। कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ||41||

The duties of the Brahmins, Kshatriyas, Vaishyas, and Shudras—are distributed according to their qualities, in accordance with their gu?as (and not by birth). This is according to the character of a person- not by birth. Persons born in the same family have different characters, different interests and likes and dislikes and choose their profession accordingly. That is the definition of caste. People involved in conversion have

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

been defaming Hindu dharma and distorting this facts.

The qualities of four varnas are described clearly here. This is not according to their birth, but according to their nature or character. Just being born in the family of a Brahmin cannot be Brahmin, Kshatriya, Vaishya or Shudra. "Tranquillity, restraint, austerity, purity, patience, integrity, knowledge, wisdom, and belief are the intrinsic qualities of Brahmins."(18:42)

"Valour, strength, fortitude, skill in weaponry, resolve never to retreat from battle, large-heartedness in charity, and leadership abilities, these are the natural qualities of work for Kshatriyas." (18:43) Agriculture, dairy farming, and commerce are the natural works for those with the qualities of Vaishyas. Serving through work is the natural duty for those with the qualities of Shudras. (18:44)

By fulfilling their duties, born of their innate qualities, human beings can attain perfection. We have seen in our society, even in the same family, people are involved in different professions because of their nature, character or interests. Discriminatory caste systems are not the product of Hinduism as any Hindu scripture does not mention this. Hindus pray saying "may all be happy, may all be healthy, may all enjoy prosperity and may none suffer." Then how can that religious tradition discriminate on the basis of birth? This is completely wrong, and we must not allow people to promote such

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

traditions to defame our glorious religion.

Bhagavad Gita has the answer to all the questions we have, and all the problems we face from ancient times to the present day and even for the future. The food people prefer is also according to their nature. The same is true for the sacrifice, austerity, and charity they are motivated by. People in Satvic nature (goodness) prefer 'foods that promote life span, and increase virtue, strength, health, happiness, and satisfaction. Such foods are juicy, succulent, nourishing, and naturally tasty.' Food that is 'too bitter, too sour, salty, very hot, pungent, dry, and full of chillies, is dear to people with a Rajasic nature (passion). Such foods produce pain, grief, and disease. Foods that are overcooked, stale, putrid, polluted, and impure are dear to people in Tamas nature (ignorance).'

We can also find references to leadership quality in the Bhagavad Gita. Leaders should always be exemplary as people follow them. "Whatever actions great people perform, common people follow; whatever standards they set; all the world pursues."

This book is enough to understand the importance of karma yoga, gyan yoga and bhakti yoga and live a meaningful and exemplary life in this world and get liberation beyond the physical form. Arjun was eager to know and find the solution to his confusion when he was on the battlefield, so he listened intently, thought

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

and implemented the messages in his actions and got enlightenment. Sanjaya, the charioteer of Dhritarastra, was also enlightened because he realised the messages of Lord Krishna. Reading this book, understanding the meaning will definitely help to get out of problems and pains in life.

This book is a small tribute to our beloved father, who had great affection for the Bhagavad Gita, and performed selfless services during his physical presence.

Sincerely,
Chiranjivi Paudyal
Reading, UK

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय-एक

सैनिकहरुको लेखाजोखा

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ॥१॥

धृतराष्ट्रले भने, हे संजय ! कुरुक्षेत्रको पवित्र भूमिमा लडाईंको लागि जम्मा भएका मेरा र पाण्डुका छोराहरु के गर्दैछन् ? । १ ।

सञ्जय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥

सञ्जयले भने, युद्धका लागि तम्तयार भएर उभिएका पाण्डव सेनालाई हेर्दै राजा दुर्योधन आफ्ना गुरु द्रोणाचार्य नजिकै पुगेर यसरी बोले ।२।

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम्।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

हे गुरुवर ! तपाईंको परम बुद्धिजीवि शिष्य धृष्टद्युम्नले तयार पारेको मोर्चावन्दीमा उभिएका पाण्डवहरुको विशाल सेना नजर होस् । ३ ।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥
धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान्।
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुंङ्गवः ॥५॥
युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्।
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥
अस्माकं तु विशिष्ट्य ये तान्निबोध द्विजोत्तम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नायका मम सैन्यस्य सञ्ज्ञार्थं तान्ब्रवीमि ते ॥७॥
भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥

यस सेनामा महान् वीर एवं धनुर्धारी भीम र अर्जुन, सिपालु सात्यकी, राजा विराट महायोद्धा द्रौपद धृष्टकेतु, चेकितान, अजेय काशीराज, पुरुजित, कुन्तिभोज, सत्यवादी शैब्य, प्रभावशाली युधामन्न्यु, अजेय उत्तमौजा, द्रौपदीपुत्र अभिमन्यु इत्यादि सबै महान वीर एवं निःसन्देह अजेय योद्धा छन्। हे द्विज श्रेष्ठ ! अब हाम्रो पक्षमा रहेका सेना-नायक र वीरहरुका बारेमा पनि तपाईं समक्ष जानकारीका लागि वर्णन गर्दछु। मेरो सेनामा सधैँ लडाईं जित्ने हजुर स्वयं, पितामह भीष्म, कृपाचार्य, अश्वत्थामा, विकर्ण र सोमदत्तका छोरा भूरिश्रवा आदि वीरहरू हुनुहुन्छ ॥४-८॥

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

यहाँ मेरो लागि आफ्नो जीवनको समेत कुनै पर्वाह नगर्ने अरु पनि असङ्ख्य वीरहरु छन्। यी सबै अनेकौं थरिका हतियारहरुले सजिएका र युद्धका लागि ज्यादै सीपालु छन्। ९।

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

पितामह भीष्मको सेनापतित्वमा रहेको हाम्रो सेना पूर्ण सुरक्षित छ भने भीमको अगुवाइमा रहेको पाण्डवको सेना पनि कम छैन ।१०।

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

हजुरहरू सबैले सेनामा आ-आफ्नो मोर्चामा रहेर चारैतिरबाट पितामह भीष्मलाई सहयोग गर्नुहोस्। ११।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्जय उवाच

तस्य सञ्जनयन्हर्षं कुरुवृद्धः पितामहः।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥

त्यसपछि, दुर्योधनलाई उत्साहित पार्दै कुरुवंशका हजुर–बाबा वलवान् पितामह भीष्मले बाघझैँ गर्जने आफ्नो शङ्ख जोडले फुक्नु भयो। १२।

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥१३॥

अनि, अनायास नै शंखहरू, दमाहाहरू, मादलहरू, नरसिङ्गाहरू र अन्य थरीथरीका बाद्य–साधनहरु जोड–जोडले बज्न थाले जसका कारण ठूलो कोलाहल सुनियो ।१३।

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥

त्यसपछि, सेता घोडाहरुले तानेको ठूलो रथमा सवारी भएका श्रीकृष्ण र अर्जुनले आ–आफ्ना दिव्य शङ्ख बजाए। १४।

पाञ्चजन्यं हृषिकेशो देवदत्तं धनञ्जयः।
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥

ऋषिकेश श्रीकृष्णले आफ्नो पाञ्चजन्य नामक शङ्ख, अर्जुनले देवदत्त, धेरै आहार खाने जे–जस्तो पनि काम गर्न सक्ने भीमसेनले पौण्ड्र नामको शङ्ख बजाए। १५।

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥
काश्यश्च परमेष्वासः शिखण्डी च महारथः।
धृष्टद्युम्नो विराटश्च सात्यिकश्चापराजितः ॥१७॥
द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक् पृथक् ॥१८॥

हे राजा धृतराष्ट्र ! त्यसपछि कुन्तिपुत्र राजा युधिष्ठिरले अनन्त-विजय नामको शङ्ख, नकुल र सहदेवले सुघोष र मणिपुष्पक नामक शङ्ख बजाए भने महाप्राण काशीराज, महारथी शिखण्डी, धृष्टद्युम्न, विराट, बलवान् सात्यकी, द्रुपद, द्रोपदी र सुभद्राका छोराहरूले पनि आ-आफ्ना शंखहरू जोडले बजाउन थाले। १६-१८।

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन ।१९॥

थरिथरिका शङ्खहरू बज्नाले निस्किएको ठूलो हल्लाले पृथ्वी-आकाश समेत धृतराष्ट्रका छोराहरूको हृदयलाई छियाछिया बनाउन थाल्यो। १९।

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः।
प्रवृत्ते शस्त्रसम्पाते धनुरुद्यम्य पाण्डवः ॥२०॥
हृषिकेशं तदा वाक्यमिदमाह महीपते।

हे राजा ! त्यसपछि हनुमानको झण्डा भएको रथमा सवार अर्जुनले आफ्नो धनुष हातमा उठाएर बाण चलाउनै लागेको बेलामा धृतराष्ट्रका सन्तानहरूलाई सैनिक संरचनामा उभिएको देखेर श्रीकृष्णसँग यी वचन भने। २०।

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥
यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान्।
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ॥२२॥

अर्जुनले भने - हे अच्युत ! कृपया मेरो रथ दुवै सेनाहरूका मांझमा लगेर उभ्याउनुहोस् ! यहाँ कुटील दुर्योधनको पक्षमा लागेर हामीसँग लडाईं गर्न आएका को-कोसँग मैले लड्नु पर्नेछ, हेर्छु। २१-२२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

धृतराष्ट्रको कमसल विचार भएको छोरा दुर्योधनलाई खुशी पार्नका लागि लड्न यहाँ भेला भएका यी सबैलाई बुझ्न चाहन्छु। २३।

सञ्जय उवाच

एवमुक्तो हृषिकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥

सञ्जयले भने : हे भारत ! अर्जुनले श्रीकृष्णलाई यसरी भनेपछि श्रीकृष्णले उनी चढेको उत्तम रथलाई दुवै सेनाका बीचमा लगेर उभ्याइदिनु भयो ।२४।

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ पश्यैतान् समवेतान्कुरुनिति ॥२५॥

भीष्म, द्रोण एवं संसारभरिका सबै प्रमुख राजाहरूका अगाडि श्रीकृष्णले अर्जुनलाई हे पार्थ ! यहाँ युद्धका लागि भेला भएका कुरुवंशीहरूलाई हेर भन्नुभयो ।२५।

तत्रापश्यत्स्थितान्पार्थः पितृनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातृन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥

दुवै सेनाका माँझबाट उभिएर हेर्दा असलमा अर्जुनले दुवै सेनातर्फ बुवा पर्नेहरू, हजुरबाहरू, गुरुहरू, मामाहरू, दाइभाइहरू, छोराहरू, नातीहरू, साथीहरू, ससुराहरू एवं आफ्ना शुभचिन्तक समेतलाई देखे ।२६।

श्वशुरान् सुहृदश्चैव सेनयोरूभयोरपि ।
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥
कृपया परयाविष्टो विषीदन्निमब्रवीत् ।

कुन्तिपुत्र अर्जुनले यसरी त्यहाँ सबै साथी–सम्बन्धिहरूलाई देखेपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त करुणामय भएर पिर मान्दै यसरी भने। २७।

अर्जुन उवाच

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम्।२८।
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥

अर्जुनले भने – हे कृष्ण ! मेरा अगाडि युद्धका निमित्त उभिएका आफन्तहरूदेखिरहेको छु जसले गर्दा मेरो सम्पूर्ण शरीर थरथर कामिरहेको छ, शरीरका रौं ठडिएका छन्।२९–२८।

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

मेरो गाण्डिव धनुष हातबाट चिप्लिँदै छ र मेरो छाला पोलिरहेको छ। हे केशव ! मेरो मन बरालिएको र उभिन समेत मलाई असजिलो परिरहेको छ अमङ्गल मात्रै देखिरहेको छु। ३०।

निमित्तानि च पश्यामि विपरीतानि केशव।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

हे कृष्ण ! युद्धमा आफन्तलाई मारेर न म आफ्नो कुनै कल्याण देख्छु न ता जितेपछि प्राप्त हुने राज्य र राजकीय सुखसत्ताप्रति मेरो कुनै अभिरुचि नै रह्यो।३१।)

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥
येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च।
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥
आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥
एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

हे गोविन्द ! जसका लागि हामी राज्य, भोग, सुखसम्पदाहरू चाहन्छौं तिनीहरु नै आ-आफ्नो प्राण र धनको माया मारेर युद्ध गर्न मैदानमा उभिएका छन् भने त्यो राज्य, भोग र जीवन समेतले हामीलाई के उपलब्धि हुनेछ ? त्यसैले हे मधुसुदन ! मलाई विजय र राज्यको सुखसुविधा केही पनि चाहिएन। पितामहहरू, छोराहरू, हजुरबाहरू, मामाहरू, नातिहरू, साला-जेठानहरू र अन्य नातेदारहरू लडाईं लड्न मेरा अगाडि उभिएका छन्। यो पृथ्वीको त कुरै छोडौं तीनै लोकको शासन पाए पनि म यिनीलाई मार्न चाहन्न ! यिनीहरूले नै बरु मलाई मारुन् ! ।३२-३५।

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६॥

हे जनार्दन ! यी धृतराष्ट्रका आततायी छोरालाई मारेर हामीलाई के सुख मिल्ला र ? यस्ता पापीहरूलाई मार्‍यो भने पनि हामीलाई नै पाप लाग्ने छ। ।३६।

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

हे माधव ! त्यसैले यी आफन्त धृतराष्ट्रका छोराहरु र अन्य बान्धवहरूलाई मार्नु हाम्रा लागि उचित छैन। यी स्वजनहरुलाई मारेर हामीलाई के सुख मिल्ला र ? बरु यिनैले हामीलाई मारुन ।३७।

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ।३८॥

हे जनार्दन ! यी कौरवहरूको बुद्धि लोभले भ्रष्ट भएकोले यिनीहरूले आफ्ना परिवार र मित्रहरूसँग झगडा गर्नु र मार्नुमा समेत कुनै दोष देख्दैनन्।। ३८ ।

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

हे जनार्दन ! असल र कमअसल बिचको फरक जान्ने हामी किन यस्तो पापकर्म गर्न तम्सिने ? ।३९।

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

हे श्रीकृष्ण ! वंशको नाशसँगै सनातन कुलपरम्परा पनि लोप हुन्छन् र सनातन धर्मको बाटोबाट विचलित भएको वंश पापकर्ममा संलग्न हुनसक्छ ! । ४० ।

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्यसु वार्ष्णेय जायते वर्णसङ्करः ॥४१॥

कुलमा अधर्म बढ्न थालेपछि सो कुलका महिलाहरू व्यभिचारमा लाग्छन् र ती बाट नचाहिएका वर्णसंकर सन्तानहरू जन्मिन्छन् । ४१ ।

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

वर्णसंकर सन्तान जन्माएर तिनबाट सनातन धर्म लोप गर्न सघाउने कुलनाशी हुन्छन् र यस्ता कुलनाशीका पितृहरू श्राद्धकर्मको अभावका कारण नरकमा खस्छन् ।

दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥

अधर्मीले गरेका पापकर्मका कारण वर्णशङ्कर सन्तति उत्पन्न हुन्छन् र तिनका पापमय कार्यहरूले जातिधर्म तथा कुलधर्म समेत मासिन्छ ।४३।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

हे जनार्दन ! सनातन धर्मको विनाश गर्नेहरू सदैवका लागि नरकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोचिन्छन् भन्ने कुरा मैले परम्पराबाट सुनेको छु ।४४ ।

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

ओहो ! क्या अचम्मको कुरा कि हामी सामान्य राज्यसुख प्राप्तिका खातिर आफन्तहरूलाई मार्नेजस्तो महान् पाप गर्न तम्सिएका छौं । ४५ ।

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६॥

युद्धमा कुनै प्रकारको प्रतिरोध नगर्ने मलाई आफ्ना हातमा अस्त्रशस्त्र लिएर लड्नलाई तम्तयार धृतराष्ट्रका छोराहरूले मार्छन् भने बरु मेरा लागि असल हुनेछ । ४६ ।

सञ्जय उवाच

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

सञ्जयले भने : लडाईंको त्यो मैदानमा अर्जुनले यति कुरा भनेर आफ्नो धनुवाण एकातिर पन्छाएर मनले शोकाकुल हुँदै रथमा गएर थुचुक्क बसे ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे अर्जुनविषादयोगो नाम प्रथमोऽध्यायः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय-दुई

गीताको सार

सञ्जय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

सञ्जयले भने : भगवान् टीठ लाग्दा, शोकाकुल एवं गहभरि आँसु लिएका अर्जुनलाई देखेर श्रीकृष्णले यसरी भन्नुभयो । १ ।

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

भगवानले भन्नुभयो : हे अर्जुन ! यस्तो विषम बेलामा यस्ता काम नलाग्ने विचार तिम्रो मनमा कसरी आए ? यी विचारहरु परिस्थितिसँग मेल नखाने, अपयश दिलाउने र नरकप्राप्तिका लागि अनुकूल देखिन्छन् । २ ।

क्लैब्यं मा स्म गमः पार्थ नैतक्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ॥३॥

हे पार्थ ! नामर्द नहोऊ, तिमीजस्तो वीरलाई यो शोभा दिँदैन । हे तपस्वी! हृदयको तुच्छता त्यागेर लडाईं गर्न उठ । ३ ।

अर्जुन उवाच

कथं भीष्ममहं सङ्ख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ॥४॥

अर्जुनले भने : हे शत्रुहन्ता श्रीकृष्ण ! आसन्न युद्धमा मैले भीष्म एवं द्रोणजस्ता आदरणीय महानुभावहरूलाई आफ्ना बाणहरू कसरी प्रयोग गरुँ ? । ४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुनहत्वा हि महानुभावान् श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके।
हत्वार्थकामांस्तु गुरुनिहैव भुञ्जीय भोगान् रुधिरप्रदिग्धान् ।५॥

श्रेष्ठ गुरुजनहरूको हत्या गर्नु भन्दा त बरु मगन्ते बनेर संसारमा जीवित रहनु उचित हुन्छ। संसारको चाहनामा भए तापनि यी सबै मेरा गुरुजन हुन्। यी मारिँदा हामीले जोहो गर्न चाहेका हरेक वस्तु रगतले भिजेका हुनेछन्। ५।

न चैतद्विद्मः कतरन्नो गरीयो- यद्वा जयेम यदि वा नो जयेयुः।
यानेव हत्वा न जिजीविषाम- स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

तिनले विजय प्राप्त गरेमा असल हुन्छ अथवा तिनलाई हामीलाई जिते राम्रो हुन्छ, यो कुरा हामीलाई जानकारी छैन। हामीले युद्धमा नमार्न चाहेका धृतराष्ट्रका सन्तानहरू अहिले यहाँ युद्धभूमिमा उभिई रहेका देखिन्छन्। ६।

कार्पण्दोषोपहतस्वभावः पृच्छामि त्वां धर्मसम्मूढचेताः।
यच्छ्रेयः स्यान्निश्चितं ब्रुहि तन्मे शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥ ७ ॥

करुणा अथवा बौद्धिक दुर्वलताको दोषले गर्दा अहिले मैले मेरो असल कर्तव्य के हो भनेर ठम्याउन सकिरहेको छैन र सम्मोहित भैँ छु। यस्तो अवस्थामा म हजुरको शरणमा परेर मेरो परम कर्तव्य के हो भनेर सोधिरहेको छु। म तपाईंकै शिष्य हुँ, अतः कृपा गरेर मलाई उचित अर्ती-उपदेश प्रदान गर्नुहोस्। ७।

न हि प्रपश्यामि ममापनुद्याद्- यच्छोकमुच्छोषणमिन्यिाणाम्
अवाप्य भूमावसपत्नमृद्धं- राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

मेरा इन्द्रियलाई कमजोर तुल्याउने शोक हटाउन मदत गर्ने कुनै उपाय मैले देखेको छैन। स्वर्गका देवताहरुले भैँ यो संसारभरिको सम्मृद्धशाली राज्य पाए पनि म यो शोकबाट मुक्त हुन सक्दिनँ। ८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्जय उवाच

एवमुक्त्वा हृषिकेशं गुडाकेशः परन्तप।
न योत्स्य इति गोविन्दमुक्तवा तूष्णीं बभूव ह॥९॥

सञ्जयले भने – यति भनेपछि शत्रुलाई दवाउने अर्जुनले श्रीकृष्णसँग 'गोविन्द म लड्दिन' भनी चुप लागेर बसे। ९।

तमुवाच हृषिकेशः प्रहसन्निव भारत।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः॥१०॥

हे भरतवंशी धृतराष्ट्र! त्यस बेला दुवै सेनाको माझमा उभिएर शोकाकूल अर्जुनलाई हेरेर हाँस्दै श्रीकृष्णले यसरी भन्नुभयो। १०।

श्रीभगवानुवाच

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः॥११॥

श्रीभगवानले भन्नुभयो : तिमी कुरा त विद्वानझैँ गर्छौ तर जसका लागि शोक नगर्नु पर्ने हो त्यसैका लागि शोक गरिरहेका छौ। विद्वानहरूले जिउँदो अथवा मरेको दुवैका लागि शोक गर्दैनन्। ११।

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः।
न चैव न भविष्यामः सर्वे वयमतः परम्॥१२॥

आजभन्दा अघि म नभएको, तिमी र यी राजाहरू नभएको समय थिएन र भविष्यमा पनि हामी सबै नहुने सम्भावना छैन। १२।

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति॥१३॥

जसरी यो शरीरधारी आत्मा क्रमशः बाल्यावस्थाबाट युवावस्था, युवावस्थाबाट वृद्धावस्थातिर सर्किरहेछ त्यसैगरी यो आत्मा पनि फरक-फरक शरीरमा सर्छ। यस प्रकारको परिवर्तनलाई देखेर धीर पुरुषहरू मोहग्रस्त हुँदैनन्। १३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥१४॥

हे कुन्तीपुत्र ! दुःख र सुख, गर्मी र जाडोझैं आउने–जाने अस्थायी विषय हुन्। अतः हे भरतवंशी अर्जुन ! यस्ता कुरालाई हरेक मानिसले विचलित नभइकन सहन गर्न जान्नुपर्छ। १४।

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

हे अर्जुन ! जुन मानिस सुखदुखबाट विचलित हुँदैन र दुवै अवस्थामा एकै रहन्छ, त्यो मनिस नै मुक्ति पाउने लायक हुन्छ। १५।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥

अस्तित्वरहित वस्तु अस्तित्वमा आउन सक्दैन र अस्तित्वमा रहेको वस्तु हराउन सक्दैन। आत्मा र शरीर यी दुबैका प्रकृतिको निरीक्षण गरेर तत्वदर्शीहरूले यस्तो निचोड निकाले। १६।

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम्।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

सम्पूर्ण शरीरहरूमा व्याप्त रहेको तत्वलाई तिमीले अविनाशी भनेर बुझ्नुपर्छ । त्यस अविनाशी आत्मातत्वलाई कसैले नाश पार्न सक्दैन। १७।

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

विनाश रहित, नाप्न नसकिने र नित्य रहिरहने जीवात्माको भौतिक शरीर नाशवान् छ। अतः हे भरतवंशी अर्जुन तिमी लडाईं गर। १८।

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥

जसले यो आत्मालाई मार्नेवाल ठान्दछ र जसले यसलाई मार्नेवाल जान्दछ, ती दुबै अज्ञानी हुन्। यो आत्मा न त मर्छ न त मारिन्छ ।१९।

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥२०॥

आत्मा न जन्मन्छ न ता मर्छ। आत्मा कहिल्यै जन्मिएन, जन्मिदैन र जन्मिने छैन। ऊ अजन्मा, नित्य, शाश्वत र पुरातन छ। शरीर मर्दा पनि ऊ रहिरहन्छ ।२०।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

हे पृथापुत्र ! जसले यो आत्मा अविनाशी, नित्य, अजन्मा र अव्यय छ भनेर जान्दछ त्यसले कसरी अरुलाई मार्ला अथवा हत्या गर्न लगाउन सक्ला ?। २१ ।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥२२॥

जसरी मानिसले पुराना लुगा फालेर नयाँ लुगा लगाउँछ त्यसै गरी आत्माले पनि पुरानो मकिएको शरीरलाई छोडेर नयाँ शरीर धारण गर्छ। २२ ।

नैनं छिदन्ति शस्त्राणि नैनं दहति पावकः
न चैनं क्लेयन्त्यापो न शोषयति मारुतः ॥२३॥

यो आत्मालाई कुनै हतियारले टुक्रा पार्न सक्दैन, आगोले जलाउन सक्दैन, न पानीले भिजाउन सक्छ न ता हावाले नै सुकाउन सक्छ ।२३।)

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो (आत्मा) कहिल्यै नफुट्ने, नडढ्ने, नभिज्ने र नसुक्ने खालको छ। सदैव रहिरहने, सर्वत्र फैलिएर रहेको, अपरिवर्तनशील, अचल र एकैनासको छ। २४।

अव्यक्तोऽयमचिन्तयोऽयमविकार्योऽयमुच्यते।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

यो (आत्मालाई) प्रकट नभइसकेको, विचार गर्न नसकिने र अपरिवर्तनीय मानिन्छ। त्यसैले यो कुरा बुझेर तिमीले शरीरका लागि शोक गर्नुहुँदैन। २५।)

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम्।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥

हे लामालामा हात भएका अर्जुन ! यदि तिमीले आत्मालाई जन्मिरहने र मरिरहने भन्ने बुझेका छौ भने तापनि यसका लागि शोक गरिरहनुपर्ने कुनै कारण छैन । २६।

जातस्य हिध्रुवो मृत्यु ध्रुवं जन्म मृतस्य च।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

जन्म लिनेको मृत्यु र मृत्यु हुनेको जन्म अनिवार्य कुरा हो। अतः तिमीले आफ्नो अनिवार्य कर्तव्य पालन गर्नैपर्छ र यसका लागि सोच गर्नुपर्दैन। २७।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

जन्मअघि कुनै पनि जीव देखिन्नन्। जन्मेपछि ती सबै बीचमा देखा पर्छन् र अन्त्यमा मरेपछि पुनः ती अव्यक्त नै हुन्छन्। अतः हे अर्जुन ! त्यसका लागि के को चिन्ता गर्ने !। २८।

आश्चर्यवत्पश्यति कश्चिदेन-माश्चर्यवद्वदति तथैव चान्यः।
आश्चर्यवच्चैनमन्यः श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो (आत्मालाई) कसैले आश्चर्यका रुपमा हेर्छन्, कसैले आश्चर्यका रुपमा चर्चा–परिचर्चा गर्छन्, कतिले आश्चर्यका बारेमा सुन्छन् र केहीले यसका बारेमा सुनेर पनि केही बुझ्न सक्दैनन्। २९।

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

हे भरतवंशी अर्जुन ! शरीरसँग रहेको यसको स्वामीलाई कहिल्यै मार्न सकिन्न त्यसैले कुनै पनि जीवात्माका लागि तिमीले शोक गर्नुपर्दैन। ३०।

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

आफ्नो कर्तव्य र सिद्धान्तलाई राम्रो तवरले विचार गरेर एउटा क्षेत्रीलाई युद्धभन्दा असल अन्य विकल्प छैन भन्ने कुरा तिमीले बुझ्नुपर्छ र यस्तो काम गर्न कुनै प्रकारको लाज मान्नुहुँदैन। ३१।

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम्।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

हे पार्थ ! खुलेको स्वर्गको ढोका रुपमा स्वतः प्राप्त यस्तो उचित युद्धको अवसर त ज्यादै भाग्यवान् र सुखी क्षेत्रीयहरूले मात्र प्राप्त गर्छन्।३२।

अथ चेत्त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

यदि कुनै कारणवस स्वतः प्राप्त भएको युद्ध गर्ने यस्तो सुनौलो अवसरलाई उपयोग गरेनौ भने तिमीलाई आफ्नो कर्तव्य पूरा नगरेको पाप लाग्छ र एउटा वीर योद्धाका रुपमा कमाएको यश पनि गुमाउनेछौ। ३३।

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम्।
सम्भावितस्य चाकीर्तिर्मरणादतिरिच्यते ॥३४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसहरूले सधैँ तिम्रो कुरा काट्नेछन्। एउटा प्रतिष्ठित मानिसका लागि अपयश भन्दा कष्टकर मृत्यु पनि हुँदैन। ३४।

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥

जुन–जुन वीरहरूले तिमीलाई योद्धाका रुपमा सम्मानित गरेका छन्, तिमी युद्धबाट विमुख भयौ भने तिनीहरूका लागि तिम्रो कुनै पनि मूल्य रहनेछैन। ३५।

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिताः।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥

तिम्रा शत्रुहरू तिम्रो उपहास गर्दै निन्दा गर्ने छन्। तिम्रो लागि यो भन्दा दुखदायी कुरा अरु के होला ?। ३६।

हतो व प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥

हे कुन्तिपुत्र ! युद्धमा तिमी मरे स्वर्ग जानेछौ भने जिते धरतीको राज्य पाउने छौ। अतः युद्धका लागि निश्चय गरेर उठ र लडाईं लड।३७।

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

सुखदुख, लाभहानि, विजय–पराजयका विषयमा विचारै नगरी तिमी केवल कर्तव्यका लागि युद्ध गर। यसो गरे तिमीलाई कुनै प्रकारको पाप लाग्ने छैन। ३८।

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां श्रृणु।
बुद्धया युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥३९॥

यसरी मैले जानेको कुरा तिमीलाई सुनाएँ। अब म बुद्धियोगका बारेमा तिमीलाई केही उपदेश दिन्छु, सुन। जुन कुरा तिमीले धारण गर्‍यौ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूलाई कर्मबन्धनबाट मुक्त गर्न सक्छौ। ३९।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥

(बुद्धियोगको) अभ्यासमा कुनै विघ्न अथवा हानि छैन। असल मार्गतिर गरिएको सानो प्रयत्नले व्यक्तिलाई ठूला-ठूला डरहरुबाट जोगाउँछ।४०।)

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

एउटा उद्देश्यमा टिकेको बुद्धि स्थायी हुन्छ भने उद्देश्य छरिएको भएमा त्यही बुद्धि अस्थिर र अनन्त देखिन्छ। ४१।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम्।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

थोरै ज्ञान भएका मानिसहरु वेदको मूल अर्थ बुझ्दैनन् र त्यसमा अल्मलिन्छन्, अशक्त हुन्छन् अनि स्वर्ग, नर्क, पुनर्जन्मकारी कर्मकाण्डमा लाग्छन्। तिनका लागि कर्मकाण्डसरह असल कुनै कुरा हुँदैन।४२-४३।

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम्।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

इन्द्रियसुखको लागि सम्पत्ति कमाउन मरिहत्ते गर्ने र सांसारिक वस्तुप्राप्तिका खातिर लागि परेको अशान्त बुद्धिले समाधिको अनुभव गर्न सक्दैन। ४४।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा सत्व, रजस् र तमस् प्रकृतिका यी तीन गुणहरुबारे वर्णन गरिएिको छ। अतः हे अर्जुन ! तिमी यी गुणहरुबाट उपर उठेर हरेक प्रकारका द्धैधचरित्रबाट मुक्त होऊ र आफ्नो प्राकृतिक आत्मामा स्थापित होऊ। ४५।

यावारनर्थ उदपाने सर्वतः सम्प्लुतोदके।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

जसरी एउटा ठूलो तलाउ पाएपछि सानो इनारमा रहेको पानीको औचित्य रहन्न त्यसरी नै वेदको मूल आशय बुझेपछि वेदलाई बुझेको ठहर्छ। ४६।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।
मा कर्मफलहेतूर्भूमा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

तिमीले आफ्नो कर्म गर तर फलको चाहना नगर। तिमीले आफूलाई कर्मको कारण नठान र कर्तव्यबाट विमुख पनि नहोऊ। ४७।

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय।
सिद्धयसिद्धयोः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

हे अर्जुन ! सफलता र असफलतालाई समान ठानेर र सबै प्रकारको संगति त्यागेर आफ्नो कर्तब्य पालन गर। यस्तो समभावलाई नै योग भनिन्छ। ४८।

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

हे धनञ्जय ! बुद्धिबाट सहयोग प्राप्त गरी अकुशल कर्महरूबाट दूरी बढाऊ। स-साना फलको चाहना त्यागेर बुद्धिमा आश्रित हुने प्रयत्न गर। ४९।

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिको आश्रय लिएर गरिएका शुभ–अशुभ कर्मको फलबाट यसै जीवनमा मुक्ति मिल्न सक्छ अतः विवेकयुक्त भएर कर्ममा लाग र कुशल योगी बन। ५०।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामय ॥५१॥

यसरी विवेकशील भएर योगीहरूले संसारिक फलासाबाट आफूलाई मुक्त पार्छन् र यस संसारको जन्ममृत्युको चक्रबाट मुक्त भई अनामय अवस्थामा प्रवेश गर्छन्। ५१।

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

जब तिम्रो विवेकले मोहरुपी जङ्गललाई पार गर्नेछ, त्यस बखत तिमी सुनिसकिएका र सुन्नुपर्ने कुराहरुबाट अलग हुनेछौं। ५२।

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

जब तिम्रो मन अनेकार्थी वेदवचनबाट द्विविधामा पर्नेछैन र विवेकमै स्थिर रहने छ अनि बल्ल तिमीले दिव्य चेतना प्राप्त गर्नेछौ। ५३।)

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

अर्जुनले भने : हे केशव ! स्थितप्रज्ञ र समाधिमा रहेका व्यक्तिले कुन भाषा बोल्छन, के बोल्छन, कसरी बस्छन अनि कसरी हिंड्छन् ? ।५४।

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान्।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्ले भन्नुभयो : हे पार्थ ! जव मानिसले आफ्नो मनका सम्पूर्ण चाहनालाई त्यागछ र आफूभित्र नै आनन्द अनुभव गरेर सन्तोष प्राप्त गर्छ त्यो नै स्थितप्रज्ञ अवस्था हो। ५५।

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

दुःख पाएको बेला अशान्त नहुने र सुख प्राप्त हुँदा नमात्तिने, आशक्ति रहित, डर एवं क्रोधउपर नियन्त्रण प्राप्त ब्यक्तिलाई मुनि एवं स्थिरप्रज्ञ भनिन्छ। ५६ ।

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम्।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

जतातत‍ै अनादर पाउँदा पनि जसले राम्रो-नराम्रो, शुभ-अशुभ, भनेर प्रशंसा अथवा आलोचना गर्दैन, त्यही नै विवेकी वा प्राज्ञवान् व्यक्ति हो। ५७ ।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

जसरी कछुवाले आफूलाई खप्परभित्र खुम्च्याउँछ त्यसरी नै आफ्ना इन्द्रियहरूलाई तिनका बिषयवस्तुबाट जसले हटाउँछ, उ नै विवेकी व्यक्ति हो। ५८ ।

विषया विनिवर्तन्ते निराहारस्य देहिनः।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

कुनै देहधारीका इन्द्रियहरू निर्बल भएता पनि तिनमा भोगको चाहना मेटिंदैन तर त्यसभन्दा उपल्लो स्तरको स्वाद पाएपछि त्यसको चाहना हराउँछ। ५९ ।

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे कुन्तिपुत्र ! यसरी इन्द्रियहरूलाई नियन्त्रण गर्ने प्रयत्न गर्दा गर्दै पनि बलवान् इन्द्रियहरूले विवेकी मनलाई अपहरण गर्छन्। ६०।

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

जसले आफ्ना इन्द्रियहरूका क्रियाकलापलाई नियन्त्रणमा राखेर ती उपर अधिकार जमाएको र विवेकलाई ममा स्थापित गरेको छ, त्यही व्यक्ति ज्ञानी हुन्छ। ६१।

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥

इन्द्रियका विषयहरूको चिन्तन गर्दा गर्दै मानिस तिनै विषयमा रुमल्लिन पुग्छ, यस्तो आशक्तिले यौन–चाहना हुन्छ र यसबाट रिस उत्पन्न हुन्छ। ६२।

क्रोधाद् भवति सम्मोहः सम्मोहात्स्मृतिविभ्रमः।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥

रिसले सम्मोह जन्माउँछ, सम्मोहले स्मरण शक्ति घटाउँछ, यसबाट मन विचलित भई विवेकहीन हुन्छ अनि, विनाश निम्तिन्छ । ६३ ।

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन्।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

रागद्वेषबाट मुक्त भई स्वेच्छाले आफ्ना इन्द्रियहरू उपर विजय प्राप्त गरेका मानिसले अध्यात्मिक पूर्णता प्राप्त गर्छ। ६४।

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

आध्यात्मिक पूर्णता प्राप्त साधकका सबै दुखहरू मासिन्छन् र उसको विवेक चाँडै नै अध्यात्ममा स्थिर हुन्छ। ६५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥

आध्यात्ममा संलग्न नभई कसैको बुद्धि वा मन स्थिर हुन सक्दैन, अस्थिर मन भएकाले शान्ति पाउन्न र अशान्तले कसरी सुख पाउन सक्छ र ? । ६६ ।

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

लियो हावाको झोँकाले डुङ्गालाई एकतिर हुत्याए झैँ (बाहिरी बिषयमा) रमिरहेको एउटै इन्द्रियले पनि विवेकको एकाग्रतालाई सजिलैसँग भताभुङ्ग पार्न सक्छ। ६७ ।

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

हे महाबाहो ! त्यसैले जसका इन्द्रियहरू आफ्नो चाहनाबाट मुक्त भएका छन् निसन्देह, त्यसैको विवेकलाई स्थिर भएको मान्नुपर्छ ।६८।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥

सामान्य प्राणीको रात्रिकालमा संयमीहरू जागा रहन्छन् र दिनमा तिनै मुनिहरू सुतिरहेझैँ देखिन्छन्। ६९ ।

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ॥७०॥

अचल र भरिपूर्ण समुद्रमा नदीहरू प्रवेश गरेर बिलाएझैँ विवेकशील मानिसका मनमा विचारहरू आउँदै बिलाउँदै गर्छन्। यसरी नै विवेकमा स्थिर भएका मानिसले शान्ति पाउछन्, अरुले होइन । ७० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ॥७१॥

जसले आफ्ना सम्पूर्ण कामनालाई त्यागेर वैरागी, अहंकार एवं ममतारहित भएर विचरण गरिरहेको छ, यथार्थमा उसले मात्र परमशान्ति प्राप्त गर्छ। ७१ ।)

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकाले पि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

हे पार्थ ! यही नै पूर्ण आध्यात्मिक अवस्था हो जसलाई पाएपछि मानिस मोहग्रस्त हुँदैन । यस्तो मानिसले जीवनको अन्तिम अवस्थामा पनि ब्रह्मस्थिति प्राप्त गर्छन् । ७२ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे सांख्ययोगो नाम द्वितीयोऽध्यायः

"ज्ञान तथा कर्म इन्द्रियहरूको आदेशमा चल्ने व्यक्तिहरूको मन सधैं अस्थिर हुन्छ । अस्थिर मन भएका मान्छेको बुद्धि स्थिर हुँदैन र बुद्धि अस्थिर भएका व्यक्तिहरूको विवेक अधकल्चो हुन्छ । यस्तो अवस्थामा सुखको कल्पना पनि नगरे हुन्छ ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय-तीन

कर्मयोग

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

अर्जुनले सोधे : हे केशव ! हे जनार्दन ! यदि हजुरका विचारमा सकाम कर्म भन्दा बुद्धियोग नै महत्वपूर्ण छ भने यो भयंकर युद्धका लागि मलाई किन अभिप्रेरित गर्दै हुनुहुन्छ ? । १ ।

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

हजुरको अनेकार्थी उपदेशले मेरो बुद्धि अल्मलियो, अतः मेरो वास्तविक कल्याण हुने विषय मात्र बताउनुहोस्। २ ।

श्रीभगवानुवाच

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

भगवान्ले भन्नुभयो : हे पापरहित अर्जुन ! यस ससारमा दुईथरिका विश्वास हुन्छन् भन्ने कुरा मैले तिमीलाई पहिल्यै बताई सकें। ज्ञानीले बुद्धिका माध्यमबाट तत्वको बोध गर्न चाहन्छन् भने भक्तले कर्म वा सेवा गरेर भगवान्लाई जान्ने प्रयत्न गर्छन् ।३।

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

न कुनै पनि मानिसले कर्मफलबाट विमुख भएर मुक्ति प्राप्त गर्न सक्छ न त पूर्णत्यागी बनेर मात्रै जीवनमा पूर्णता प्राप्त गर्न सक्छ। ४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

हरेक मानिसले आफ्नो प्राकृतिक गुणहरुमा आधारित रहेर सोहीअनुसार कर्म गर्नैपर्छ । कर्मरहित भएर कुनै पनि मानिस एक मिनेट पनि बस्न सक्दैन । ५ ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

जसले कर्म-इन्द्रियहरूलाई त वसमा राखेको छ तर मनले भने इन्द्रिय-सुखकै चाहना गरिरहन्छ, यस्तो मानिसलाई कपट आचरणकारी भन्नुपर्छ । ६ ।

यस्त्विन्द्रियाणी मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७ ॥

हे अर्जुन ! यदि कसैले आफ्नो मनद्वारा इन्द्रियहरूमा नियन्त्रण राख्ने इमान्दारितापूर्ण प्रयत्न गर्दै अनाशक्त रहेर कर्म गर्छ भने ऊ कर्मयोगी र श्रेष्ठ हो । ७ ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥

तिमीले आफ्नो लागि प्राकृतिकरुपमा तोकिएको कर्म गर । विना काम बस्नु भन्दा केही गर्नु राम्रो हो । काम नगरिकन त तिमीले आफ्नो जीउ पनि पाल्न सक्दैनौ । ८ ।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

हे कुन्तिपुत्र ! हरेक कर्म पूजा ठानेर सम्पादन गर्नुपर्छ, अन्यथा कर्म नै सांसारिक बन्धनका स्रोत बन्छन् तसर्थ, आत्मिक प्रसन्नताका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म गर र बन्धन मुक्त होऊ। ९।

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

(प्राचीन समयमा) प्रजापति ब्रह्माले यज्ञसँगै प्रजाहरूको सिर्जना गरे र भने "तिमीहरू यज्ञका (कर्म) माध्यमबाट सुखी हुनेछौ किनभने यसका माध्यमबाट तिमीहरूले संसारका सुख र मोक्ष्य प्राप्त गर्नेछौ । १० ।"

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

तिमीले गरेका यज्ञबाट प्रसन्न भएका देवताले तिमीहरूलाई सुखी बनाउने छन् र यसरी देव मानव वीच सहयोगी वातावरण बनेर सबैको कल्याण हुनेछ। ११।

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुंक्ते स्तेन एव सः ॥१२॥

तिमीले इच्छाएका हरेक जीवनोपयोगी वस्तुहरु यज्ञबाट प्रसन्न भएका देवताले दिनेछन् तर जसले यस्ता वस्तुहरू अरुलाई नदिइकन एक्लै उपभोग गर्छ, त्यो चोर नै हो।१२।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

जसले यज्ञबाट बचेको वस्तु अरुलाई बाँडेर बाँकी रहेको वस्तु आफूले उपयोग गर्छ, ऊ महात्मा हो र उसले प्रकारका पापहरूबाट उन्मुक्ति पाउँछ तर यसो नगरिकन एक्लै आफ्नो लागि मात्रै उपयोग गर्नेले पापै मात्र खान्छ। १३।

अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै प्राणीहरू अन्नमा निर्भर छन्, अन्न वर्षात्‌बाट उम्रन्छ, यज्ञयागादि गर्नाले वर्षा हुन्छ र यज्ञ पूर्वनिर्धारित कर्मद्वारा उत्पन्न हुन्छन । १४ ।

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुदभवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

कर्म र वेद दुवै सर्वव्यापक परमात्माबाट उत्पन्न भएको बुझ । त्यसैले सर्वव्यापक परमात्मा अथवा ब्रह्म यज्ञकर्ममा नै निहित छन् । १५ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

हे अर्जुन ! जसले यसरी आरम्भ गरिएको कर्म चक्रलाई मान्दैन त्यसको जीवन पापपूर्ण हुन्छ । यस्ता इन्द्रिय सुखमा लागेको जीवन व्यर्थमै जान्छ । १६ ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

र जो आफूभित्र नै रमाउँछ, स्वतः सन्तुष्ट छ यस्तो स्वयं सन्तोषी र सुखी मानिसका लागि कुनै पनि कर्तव्य बाँकी रहन्न । १७ ।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

यस्ता आत्मिक सन्तोष प्राप्त गरेका मनुष्यका लागि कुनै कर्म शेष रहन्न र कर्मको कुनै प्रयोजन पनि हुँदैन । ऊ पूर्णतया स्वतन्त्र अथवा परनिर्भरता रहित हुन्छ । १८ ।

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

अतः कर्मफलको आशा नगरिकन हरेक मानिसले आफ्नो कर्म गर्दै जानुपर्छ । अनाशक्ति पूर्वक काम गर्दै जानेले परमात्मालाई पाउँछन् । १९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ॥२०॥

कर्म गरेर नै जनक इत्यादिले सिद्धि प्राप्त गरेका थिए भने तिमीले पनि संसारी मानिसहरूबीच उदाहरणकै लागि भए तापनि तोकिएको कर्म गर्नैपर्छ। २०।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥

चिनिएका (आचरण असल भएका श्रेष्ठ) मानिसले जे जस्तो काम गर्छन्, साधारण जनताले त्यसैको अनुशरण गर्छन् र तिनका कर्मलाई आदर्श ठानेर, साराको सारा संसारले तिनै आचरणको अनुशरण गर्छ। २१।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

हे पार्थ ! तिनै लोकमा मैले पूरा गर्नुपर्ने कुनै कर्तव्य छैन। मलाई केही चाहना अथवा आवश्यकता पनि छैन। तैपनि म आफ्नो कर्म गरिरहेको हुन्छु। २२।

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

यदि मैले मेरा लागी निर्धारित गरिएका कर्महरू सावधानीपूर्वक गरिन भने मेरो देखासिकी गरेर मानिसहरू अकर्मण्य हुनेछन्। २३।

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

यदि मैले मेरा लागि निर्धारित भएको कर्म गरिन भने सबै मानव समाज खत्तम हुनेछ। यसरी मेरा कारण वर्णशङ्कर बढेपछि सबै प्रजाहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विनाश हुनेछ र त्यसका लागि म उत्तरदायी ठहरिने छु । २४ ।

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

जसरी एउटा साधारण मानिसले कर्मफलको आसाले काम गरिरहेको हुन्छ, त्यसरी नै विद्वानले गरेको कर्म आसक्तिरहित र अरुलाई बाटो देखाउनका निमित्त हुन्छ। २५।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

ज्ञानीहरुले साधारण कर्माभिमुख मानिसको बुद्धिलाई भ्रमित पार्नु हुँदैन वरु तिनका कर्महरूलाई अनाशक्ति भावतिर फर्काउन मद्दत गनुपर्छ। २६ ।

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

प्राकृतिक गुणहरूका कारण सम्पन्न भइरहेका कार्यहरूलाई आफैँले गरेको ठानी मानिसहरू अहंकार गर्छन् र आफूलाई कर्ता भन्छन् ।२७।

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

हे महाबाहो ! परमसत्यको ज्ञान भएका र कर्मको प्रभावलाई बुझेका तत्वज्ञानीले आफूलाई कर्म र त्यसको उपभोक्तासँग (इन्द्रिय) अनासक्त राख्छन्। २८ ।

प्रकृतेर्गुणसम्मूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ।२९॥

प्राकृतिक वस्तुमा रमेका मानिसहरू, त्यसैका क्रियाकलापमा आसक्त रहन्छन्। विद्वान व्यक्तिले पनि ती अधम कर्ममा लागेका मानिसहरूलाई सुधार्न सक्दैनन्। २९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

अतः हे अर्जुन ! तिमीले आफ्ना सबै कर्महरू ममा अर्पित गरेर, बौद्धिकरुपमा मलाई चिनेर, म र मेरो तथा व्यक्तिगत लाभको लोभ त्यागेर आलस्यमुक्त भई लडाईं गर। ३०।

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

मेरो निर्देशनअनुसार आफ्नो काम गर्दै श्रद्धायुक्त र डाह नगरिकन उपदेश पालन गर्ने मानिस संसारिक कर्मको बन्धनबाट जोगिन्छन्। ३१।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम्।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥

जसले डाह गरेर मेरो उपदेशलाई मान्दैनन्, ती ज्ञानी नै भए तापनि मूर्ख हुन्छन् र तिनले गरेका असल कार्यहरु पनि बेकार हुन्छन्। ३२।

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

ज्ञानी मानिसले पनि आफ्नो प्राकृतिक स्वभावअनुसारको कर्म गर्छ सबै कर्महरू प्राकृतिक स्वभावबाट नियन्त्रित हुने भएकोले, दमनको औचित्य नै के ?।३३।

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

इन्द्रियहरू र ती इन्द्रियहरूसँग जोडिएका रागद्वेष इत्यादि बिषयलाई नियमित पार्ने केही प्रकृया हुन्छन्। मोक्षको पथमा हिंडेकाहरू यस्तो बन्धनलाई काटेर अगाडि बढ्छन्। ३४।

श्रेयान्स्वधर्मो विगुण परधर्मात्स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्काको धर्म राम्ररी गर्नुभन्दा अधकल्चो भए तापनि आफ्नै धर्ममा अडिग रहनु असल हुन्छ र आफ्नै धर्मका लागि मर्नु बेस हुन्छ। पराईको धर्म डरलाग्दो हुन्छ।३५।

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पुरुषः।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

अर्जुनले भने : हे कृष्ण ! त्यसो भए नचाहँदा नचाहँदै पनि मानिसले कसैले बलात् लगाएझैँ गरी कस्को प्रेरणाबाट अभिप्रेरित भई पाप गर्छ ?। ३६।

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद् भवः।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३७॥

भगवान्ले भन्नुभयो : रजोगुणबाट उत्पन्न हुने काम-बासना र क्रोध नै सम्पूर्ण पापका कारण हुन्। यिनैलाई सर्वभक्षि, सर्वपापी र महाशत्रु भनेर बुझ।३७।

धूमेनाव्रियते वन्हिर्यथादर्शो मलेन च।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

धुवाँले आगो ढाकिएझैँ, ऐनालाई धुलोले ढाके झैँ र भ्रूण सालनालले बेरिए झैँ जीवात्मा विषय-वासनाबाट छोपिएको हुन्छ। ३८।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा।
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

यसैगरी बुद्धिमान् मानिसको बौद्धिक चेतनालाई पनि बनको डँढेलो झैँ हरहमेशा दन्किरहने, नित्यशत्रु अविजेय काम-वासनाले छोपिराखेको हुन्छ। ३९।

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रियहरू, मनस् र बुद्धि कामवासनाका निवासस्थल हुन्। यिनीहरूबाट सहयोग प्राप्त गरेर काम-वासनाले मानिसको ज्ञानलाई छोपिदिन्छ।४०।

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ।
पाप्मान प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम्॥४१॥

त्यसैले हे अर्जुन ! अहिले तुरुन्तै आफ्ना इन्द्रियहरूलाई वशमा परेर पापरुप, ज्ञान-विज्ञानको चेतनालाई मास्ने काम-वासनालाई विनाश पार।४१।

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः॥४२॥

कर्म इन्द्रियहरू भन्दा ज्ञानेन्द्रिय श्रेष्ठ छन्, ज्ञानेन्द्रियहरू भन्दा मन श्रेष्ठ मानिन्छ भने बुद्धिभन्दा पनि श्रेष्ठ आत्मतत्व छ। ४२।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना।
जहि शत्रं महाबाहो कामरूपं दुरासदम्॥४३॥

यसरी हे अर्जुन ! बुद्धितत्वका आधारमा आत्मतत्वलाई बुझेर आफ्नो मनलाई वशमा पार र अनि, कामरुप महान् शत्रुलाई नाश पार।४३।

ॐ तत्सदिति श्रीमद्भगवद् गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मयोगो नाम तृतीयोऽध्यायः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय-चार

दिव्यज्ञान

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

भगवान् श्रीकृष्णले भन्नुभयो : मैले यो नित्य ज्ञान पहिलोपटक सूर्यलाई सुनाएको थिएँ । सूर्यले मनुलाई र मनुले राजा इक्ष्वाकुलाई दिए ।१।

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परंतप ॥२॥

हे परन्तप ! यसै परम्पराभित्र रहेर यो ज्ञान अन्य राजर्षिहरूले पनि प्राप्त गरे । तर समय बित्दै गएपछि यो महान् परम्परा मासियो । २ ।

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥

आज म तिमी मेरो साथी र भक्तको नाताले त्यही पुरानो योगविद्या सुनाउँदै छु किनभने यस प्रकारको खास ज्ञान बुझ्न तिमी समर्थ पनि छौ । ३ ।

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

अर्जुनले भने : सूर्यको जन्म पहिला भएको हो र तपाईंको पछि, यो ज्ञान तपाईंद्वारा नै प्राचीनकालमा उपदेश भएको कुरा कसरी पत्याऊँ मैले ? । ४ ।

श्रीभगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीकृष्णले भन्नुभयो : हे परन्तप अर्जुन ! मेरा र तिम्रा अनेकौं जन्म बितिसकेका छन् ती सबैका बारेमा मलाई जानकारी छ, तिमीलाई छैन। ५।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥

म अजन्मा छु, अमर छु र मेरो शरीर दिव्य छ र सबै प्राणीको स्वामी हुँ तथापि आफ्नो मायाका बलमा प्रकृतिलाई अँगालेर प्रकट हुन्छु ।६।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

हे भरतवंशी ! जहिले–जहिले धर्मको विनाश र पापको उत्थान हुन्छ, त्यस बखत धर्मको रक्षाका खातिर मैले अवतार धारण गर्छु । ७ ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

भक्तहरूको सुरक्षा गर्न र पापीलाई नाश पारेर धर्मको पुनःस्थापना गर्न म हरेक युगमा प्रकट हुन्छु। ८ ।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्वतः ।
त्यक्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥९॥

जसले मेरो जन्मकर्मको दिव्यतालाई तात्विकले बुझ्दछ, उसले यो भौतिक शरीर छोडेपछि पुनर्जन्म लिनुको साटो मलाई प्राप्त गर्छ। ९ ।

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद् भावमागताः ॥१०॥

आशक्ति, क्रोध र डरबाट मुक्तभई, भित्रैबाट मेरो शरणमा परेर विगतमा धेरै मेरो ज्ञानबाट पवित्र भए अनि, मलाई प्राप्त गरे । १० ।

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो–जसले जुन भावनाले मेरो आराधना गर्छ, त्यसैगरी मैले पनि उसलाई सम्भन्छु । हे पार्थ ! सबैले सबैतिरबाट मेरै बाटो अँगाल्छन् । ११ ।

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

कर्मको सफलता चाहने मानिसले विभिन्न देवताहरूको पूजाआजा गर्छन् र सोही अनुरुपको फल तत्कालै यसै संसारबाट तिनलाई प्राप्त हुन्छ। १२ ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्धयकर्तारमव्ययम् ॥१३॥

मैले गुण र कर्मका आधारमा चार वर्णहरूको सृष्टि गरें। यी सबैको कारक म नै हुँ तथापि मलाई अविनाशी र अकर्ता नै बुझ । १३ ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

मलाई कुनै कर्मले बन्धनमा पार्न सक्दैन न त ममा कुनै कर्मफलको इच्छा नै छ। जसले मेरा विषयमा यसरी बुझ्दछ, ऊ सांसारिक कर्मको प्रभावले बाँधिदैन। १४ ।

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

पुरानो समयका ऋषिमुनिहरूले मेरो स्वभावलाई बुझेर कर्म गरेका थिए। तिमीले पनि उनीहरूको अनुगमन गर्दै आफ्नो कर्तव्य पालन गर। १५ ।

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥

विद्वानहरू पनि कर्तव्य र अकर्तव्यबीचको फरक छुट्याउँदा अल्मलिन्छन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले म तिमीलाई कर्मको रहस्य बताउँछु , जुनकुरा बुझेपछि तिमीले सबै प्रकारका अशुभ कर्महरुबाट छुटकारा प्राप्त गर्नेछौ । १६ ।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥

कर्मको गहनतालाई बुझ्न असाध्यै गाह्रो छ त्यसैले कर्म, विकर्म र अकर्म के हुन् भन्ने कुरा राम्ररी बुझ्नुपर्छ। १७ ।

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥

जसले अकर्ममा कर्म र कर्ममा अकर्म देख्दछ, त्यसलाई मनुष्यहरूमा चतुर ठान्नुपर्छ र कर्मभित्रै रहेर पनि ऊ कर्मका प्रभावबाट मुक्त रहन्छ। १८ ।

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

जसले आफ्ना सबै कर्महरूको आरम्भ कामेच्छा रहित भएर गर्छ, यस्तो ज्ञानरुपि आगोले कर्म बन्धनलाई पोलेको मानिसलाई विद्वानहरूले पण्डित भन्दछन्। १९ ।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किंचित्करोति सः ॥२०॥

कर्मफलको सबै आसा त्यागेर हरहमेसा सन्तुष्ट र स्वतन्त्र रहने मानिसले कर्म गरेता पनि उसले कुनै कर्म गरेकै हुन्न। २० ।

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥

यस्तो इच्छारहित मानिस भित्रि मन र आत्माबाट नै त्यागी हुन्छ भने उसका हरेक जीवन चलाउनका लागि मात्र हुन्छन्। यस्तो मानिसलाई कर्मले बिटुलो बनाउँदैन। २१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदृच्छालाभसंतुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥

जो मानिस स्वतः प्राप्त फलबाट सन्तुष्ट, मेरो र तेरो विचारबाट मुक्त, इर्ष्यारहित, र लाभहानीमा समतामूलक दृष्टिकोण राख्दछ, उसलाई कर्मले बाँध्न सक्दैन ।२२।

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

आशक्तिरहित, कर्मफलको चाहनाबाट मुक्त, चित्त ज्ञानमा स्थिर भएको मानिसका सबै कर्महरू यज्ञ ठहरिन्छन् र उसले गरेका सबै कर्मफल बिलाउँछन् ।२३।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

ब्राह्मणले अग्निमा हवन गरेको घिउ झैँ ब्रह्ममय भावनायुक्त मानिसका सम्पूर्ण कर्महरू ब्रह्ममय नै हुन्छन् । २४ ।

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

केही योगीहरू थरीथरीका यज्ञ गरेर राम्रोसँग देवताहरूको आराधना गर्छन् भने अरुचाहिँ ब्रह्मरुपी यज्ञाग्निमै आहुति चढाउँछन् । २५ ।

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

केहीले कान–आदि इन्द्रियका शब्द–आदि गुणहरु आत्म–संयमरुपी अग्निमा हवन गरेका हुन्छन् भने अर्काथरीले आफ्ना इन्द्रियरुप अग्निमै तिनको आहुति दिन्छन् । २६ ।

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मज्ञानबाट प्रकाशित भएको मानिसले सम्पूर्ण प्राण एवं इन्द्रियहरूका कर्मलाई आत्मसंयमरुपी अग्निमा आहुति दिन्छन्। २७।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

आध्यत्मपथ अँगालेका केही योगीहरू द्रव्ययज्ञ, तपयज्ञ, योगयज्ञ स्वाध्याय र ज्ञानयज्ञ आदिमा प्रतिबद्ध रहेका हुन्छन् । २८ ।

अपाने जुह्वाति प्राणं प्राणेऽपानं तथापरे।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥
अपरे नियतहाराः प्राणान्प्राणेषु जुह्वाति।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

केही योगीहरूले समाधिस्थ रहन प्राणायाम गरेर श्वासमा नियन्त्रण प्राप्त गर्छन् र अपानवायुमा प्राणवायुलाई एवं प्राणवायुमा अपानवायुका माध्यमबाट नियमन गर्ने प्रयत्न गर्छन् भने अन्त्यमा दुबैलाई रोकेर समाधिस्थ हुन्छन्। २९। यस्तै केहीले खानपानलाई नियन्त्रित गरी प्राणलाई प्राणमै आहुति दिन्छन्। यसरी यज्ञका जानकारहरुले यज्ञका माध्यमबाट आफ्ना सम्पूर्ण पापहरुबाट मुक्ति प्राप्त गर्छन्। ३०।

यज्ञशिष्यमृतभुजो यान्ति ब्रह्म सनातनम्।
नायं लोकोऽस्त्यज्ञस्य कुतोऽन्यः कुरुसत्तम् ॥३१॥

हे कुरुश्रेष्ठ ! यज्ञ नगर्ने मानिसका लागि यो संसार त सुख छैन भने परलोकको त के कुरा ? यी सबैले यज्ञको वास्तविक महत्व बुझेको हुनाले पापरहित हुन्छन् र अमृतसरह यज्ञको अवशेष भोजन गरेर नित्य ब्रह्मतिर प्रस्थान गर्छन्।। ३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

यी अनेक प्रकारका यज्ञहरू छरिएर रहे तापनि वेदसम्मत छन् र कर्मबाट यिनको उत्पत्ति भएको हो। यो कुरा जान्यो भने तिमी मुक्त हुनेछौ ।३२।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परंतप।
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

हे तपस्वी अर्जुन ! ज्ञानमय यज्ञ द्रव्यमय यज्ञभन्दा श्रेष्ठ हो। हे पार्थ ! सम्पूर्ण कर्महरूको अवशान आखिरमा ज्ञानमै पुगेर हुन्छ। ३३ ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्वदर्शिनः ॥३४॥

तत्वदर्शी ज्ञानीका नजिक गई तिनलाई सेवा गर्दै प्रणाम गरेर प्रश्न गरेमा तिनले तिमीलाई परम ज्ञानको उपदेश गर्नेछन् ।३४।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

हे पाण्डव ! तिमीले त्यस परमतत्वका बारेमा जानेपछि यस्तो द्विविधामा फेरि कहिल्यै पर्ने छैनौ किनभने यो ज्ञान प्राप्त गरेपछि तिमीले सम्पूर्ण विश्वमा मेरो अनुभव गरिरहेको हुनेछौ ।३५।

अपि चेदसि पापेभ्य सर्वेभ्यः पापकृत्तमः।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥३६॥

यदि तिमी पापीका राजा नै कहलिएका रहेछौ भने पनि, ज्ञानरुपी नाउमा सवारी गरेपछि जस्तोसुकै दु:खबाट पार लाग्नेछौ ।३६।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे अर्जुन ! जलिरहेको आगोले जसरी सुकेको काठलाई खरानी पार्छ, त्यसरी नै ज्ञानरुपी अग्निले सबै कर्मप्रभावलाई भस्म पार्छ। ३७।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

यस संसारमा ज्ञानजस्तो परम पवित्र अरु केही छैन कठोर योगबाट यस्तो ज्ञान सिद्ध भएको हुन्छ। आत्माले यस्तो ज्ञानलाई उचित समयमा आफूभित्र आस्वादन गर्छ। ३८।

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

श्रद्रा, ज्ञान, र इन्द्रियउपर अधिकार प्राप्त गरेको व्यक्तिले यस्तो ज्ञान प्राप्त गर्छ र यस्तो ज्ञान प्राप्त हुँदासाथ उसले तत्कालै परमशान्ति पाउँछ। ३९।

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४०॥

अज्ञानी, श्रद्धाहित र शंकालु व्यक्तिले परम ज्ञान प्राप्त गर्न सक्दैनन् भने यस्ता संशयी मानिसका लागि इहलोक र परलोक दुबैमा सुख हुँदैन र यस्ताको नाश हुन्छ। ४०।

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनंजय ॥४१॥

हे धनञ्जय ! योगका माध्यमबाट कर्मलाई छोडेका र ज्ञानको अभ्यासबाट संशयलाई निमिट्यान्न पारेका आत्मज्ञानीलाई कुनै पनि कर्मले बाँध्न सक्दैनन्। ४१।

तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतः हे अर्जुन ! अज्ञानका कारणले तिम्रो मनमा जुन द्विविधा जागेको छ, त्यसलाई ज्ञानरुपी तवरले छिनाऊ र योगी बनेर युद्धका लागि उठ। ४२।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानकर्मसन्यासयोगो नाम चतुर्थोऽध्यायः ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - पाँच

कर्मन्यास योग

अर्जुन उवाच

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चतम् ॥१॥

अर्जुनले भने : हे कृष्ण ! हजुरले मलाई पहिले कर्मत्यागको उपदेश दिनुभयो भने अहिले कर्मयोगी बन भनेर भन्दै हुनुहुन्छ। अब यी दुवै मध्ये मेरा लागि कुन् कल्याणकारी छ, निश्चय गरेर भन्नुहोस्। १।

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ॥२॥

श्रीकृष्णले भन्नुभयो : मोक्ष प्राप्तिका खातिर कर्मको परित्याग र कर्मयोग दुवै उपयुक्त छन्। तर यी दुई मध्ये कर्मयोग नै महत्वपूर्ण छ। २।

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न कांक्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बंधात्प्रमुच्यते ॥३॥

जो कर्म र कर्मफल रागद्वेषरहित उसलाई नित्यसन्यासी भनेर बुझ्नुपर्छ। हे अर्जुन ! यस्ता मानिसले सुख–दुखरुप द्वन्दबाट माथि उठेर सजिलैसँग मुक्ति प्राप्त गर्छन्। ३।

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥

ज्ञान र कर्मयोग फरक फरक हुन् भन्ने धारणा केवल अल्पज्ञमा मात्र पाइन्छ न कि विद्वानहरूमा। यी दुबैमध्ये एउटा मार्गमा लाग्ने मानिसले उचित फल पाउँछ। ४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्साङ्ख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

साङ्ख्ययोगका माध्यमबाट जुन फल प्राप्त गर्न सकिन्छ सोही फल कर्मयोगवापत् प्राप्त गर्न सकिन्छ। जसले साङ्ख्ययोग र कर्मयोगलाई समान देख्छ, असलमा त्यही व्यक्ति नै ज्ञानी हो । ५ ।

संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥

कर्मको गति नबुझी सन्यासी बनेर कोही पनि सुखी हुन सक्दैन तर कर्मको प्रभावसँग परिचित भै कर्म गर्ने कर्मयोगीले सजिलैसँग परमात्मालाई प्राप्त गर्दछ। ६ ।

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

योगी, आत्मा पवित्र भएको, आत्मसंयमी, जितेन्द्रिय एवं प्राणीमात्रलाई आफूसरह अनुभव गर्ने मानिसले कर्म गरे तापनि उसलाई कर्मको प्रभावले छुँदैन । ७ ।

नैव किंचित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥
प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

परमतत्वको साक्षात्कार गरेको मानिसले हेर्दा, सुन्दा, छुँदा, सुँघ्दा, खानपान गर्दा, सुत्दा, श्वास-प्रश्वास, कुराकानी गर्दा, मलमूत्र बिसर्जन गर्दा, कुनै वस्तु स्वीकार गर्दा, आँखा खुला राखेर हेर्दा वा बन्द गरेर सोचिरहँदा समेत मैले केही गरिरहेको छैन तर मेरा इन्द्रियहरूले आफ्नो प्राकृतिक कार्य गरिरहेका छन् भन्ने चिन्तन गरिरहेको हुन्छ। ८-९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

जसले सम्पूर्ण कर्मको फल ब्रह्मलाई अर्पण गरेर आशक्तिरहित भएर काम गर्दछ, पानीले कमलको पातलाई भिजाउन नसकेझैँ उसलाई पनि पापले छुन सक्दैन । १० ।

कायेन मनसा बुद्धया केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्ग त्यक्त्वात्मशुद्धये ॥११॥

योगीहरूले सबै प्रकारको कमसल सङ्गत छोडेर शरीर, मन, बुद्रि तथा इन्द्रियहरूले मात्र आत्म-शुद्धिका लागि कर्म गर्छन् । ११ ।

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

ममा श्रद्धा भएको मानिसले कर्मफलको अभिलाषा त्यागेर शान्तिपद प्राप्त गर्छ भने ममा निष्ठा नभएको व्यक्ति भने कर्मफलको लोभमा परेर बन्धनमा पर्छ । १२ ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

शरीरको स्वामी जीवले मानसिक रुपमै सम्पूर्ण कर्मप्रति उदासीन भई नौवटा ढोका भएको शरीरभित्र आरामसँग निवास गर्छ । १३ ।

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

देहधारी जीवात्माले न त कर्म गर्छ, न कर्म गर्न प्रेरित गर्छ, न ता कर्मभावको रचना नै गर्दछ। यी सबै कुरा प्राकृतिक हुन्छन् । १४ ।

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृत्तं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरले न कसैको पाप स्वीकार गर्छन् न त पुण्य नै। वास्तवमा जीवहरू अज्ञानका कारण मोहग्रस्त छन् त्यसै मोहले तिनको मूल ज्ञानलाई ढाकेको हुन्छ। १५।

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

जब ज्ञानका कारणले कसैको अन्तरात्मामा रहेको अज्ञान मासिन्छ र पुनः उसको त्यो अत्यन्त तेजिलो ज्ञानले गर्दा हरेक विषय चिनिन्छन्। १६।

तद् बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

जब मानिसको विवेक, अन्तरात्मा, श्रद्धा एवं भक्ति परमात्मामा केन्द्रीत हुन्छन्, अनि मात्र उसका सबै कर्महरूको विनाश भई, उसले सधैँका लागि मुक्तिको पथमा अग्रसरता लिन्छ। १७।

विद्याविनयसंपन्ने ब्राह्मणे गवि हस्तिनी।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

एउटा विद्वान एवं विनयशील ब्राह्मणले गाई, हात्ती, कुकुर, चण्डाल र पण्डित इत्यादि सबैलाई एकसमान देख्छ। १८।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः।
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ॥१९॥

जसले आफ्नो मनका वृत्तिहरूलाई समेटेर साम्य बनाएका छन्, तिनले यो संसारलाई जितिसकेका हुन्छन्। ती दोषरहित व्यक्ति ब्रह्मसरह नै हुन्छन् र ब्रह्ममा स्थापित हुन्छन्। १९।

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम्।
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो मन पर्ने कुरा पाएर खुसी हुँदैनन् र मन नपर्ने कुरा पाएर दुःखी हुँदैनन्, जसको बुद्धि एकाग्र छ, जो मोहरहित छ र जसले ब्रह्मतत्वलाई बुझेको छ त्यो व्यक्ति पहिलेदेखि नै ब्रह्ममा स्थापित छ भन्ने बुझ्नुपर्छ। २०।

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम्।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥

यस प्रकारका मुक्तात्मा बाहिरी स्थूल इन्द्रियसुखतिर आकर्षित नभई आफूभित्र नै सुखको अनुभूति गर्छन्। यसरी आत्मालाई चिनेका मानिस ब्रह्ममा लीन रहने हुँदा असीमित सुखको उपभोग गर्छन् । २१ ।

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥

स्थूल इन्द्रियहरुको स्पर्शबाट उत्पन्न हुने सुखमा बुद्धिमान मानिस खुसी हुँदैन किनभने हे कुन्तिपुत्र ! यस्ता सुखहरु स्थायी हुँदैनन् । २२ ।

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात्।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

मर्नुभन्दा पहिले जसले इन्द्रियहरूका माध्यमबाट उत्पन्न हुने काम र क्रोधको तीव्र चाहनालाई खप्न सक्छ, त्यही मानिस यस संसारमा सुखी हुन्छ। २३।

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

जसले आफूभित्र नै परमसुखको अनुभव गर्छ, जो अन्तर्मुखी एवं स्वःप्रकाश छ, ऊ भगवत् सानिध्य ब्रह्मपद प्राप्त गरेको परमयोगी हो र अन्त्यमा उसले ब्रह्मपद प्राप्त गर्दछ।२४।

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देह-रहित, प्राणीमात्रको कल्याण गर्न लागिपरेका, निष्पाप र अन्तर्मुखी स्वभाव भएका ऋषिहरूले ब्रह्मपद प्राप्त गर्छन्। २५।

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम्।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥

काम-क्रोधबाट मुक्त भएका र मनउपर नियन्त्रण प्राप्त गरेका आत्मज्ञानी सन्यासीले तुरुन्तै ब्रह्मपद प्राप्त गर्नेछन्। २६।

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

स्पर्शबाट उत्पन्न संवेदनशीलतालाई रोकेर, आँखाको गतिलाई आँखीभौँमा समेटेर, श्वास-प्रश्वास गतिलाई नाकभित्र रोकी, मन, इन्द्रिय र बुद्धिलाई नियन्त्रणमा राख्दै मोक्षलाई आफ्नो गन्तव्य बनाउने योगी चाहना, डर र रीस रहित हुन्छ। जो सधैँ यस्तै अवस्थामा हुन्छ, त्यो नै मुक्त पुरुष हो। २७-२८।

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम्।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

सम्पूर्ण यज्ञ, तपस्या, लोकहरू र समस्त देउताहरूको स्वामी मलाई नै ठान्ने र मलाई नै जीव-जगतको हितैषी भनेर जान्ने व्यक्तिले परमशान्ति पाउँछ। २९।

ॐ तत्सदिति श्रीमद्भागवद् गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे कर्मसंन्यासयोगो नाम पञ्चमोऽध्यायः ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - छ

ध्यानयोग

श्रीभगवानुवाच

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ॥१॥

श्रीकृष्ण भन्नुहुन्छ : असलमा, जसले कर्मफलको आशा नगरी कर्तव्य पालनाका लागि कर्म गर्छ, त्यो नै योगी वा सन्यासी हुन्छ, अग्निहोत्र नगर्दैमा र निष्कृय रहँदैमा कोही पनि योगी वा सन्यासी हुँदैन । १ ।

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ।
न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन ॥२॥

हे पाण्डुपुत्र ! जसलाई सन्यास भनिन्छ त्यही नै योग हो भनेर बुझ । मानसिक चाहनाहरूको अभावसम्म कुनै पनि योगी वा सन्यासी हुन सक्दैन । २ ।

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥

भर्खरै योगमा प्रवेश गरेका मुनिहरूका लागि कर्म नै मोक्षको प्रमुख साधन हो भने योगीहरुका लागि 'शम' । ३ ।

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।
सर्वसंकल्पसंन्यासी योगारूढस्तदोच्यते ॥४॥

भौतिक इन्द्रियहरूलाई नियन्त्रण गरेको, कर्ममा नफँसेको र सबै प्रकारका चाहनाहरूबाट स्वतन्त्रता प्राप्त गरेको व्यक्तिलाई योगारुढ भनिन्छ । ४।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

मानिसले आफ्नो उद्धार आफ्नै आत्माको सहयोगले गरोस् र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्म-पतनबाट जोगियोस् किनभने स्वयं मानिस आफू नै आफ्नो मित्र तथा शत्रु हो । ५ ।

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥

आफ्नो मानसिक-प्रवृत्तिमा विजय प्राप्त गरेका मानिसको लागि मन नै मित्र हुन्छ भने मानसिक-प्रवृत्तिउपर विजय प्राप्त नगरेकाले स्वयंसँग शत्रूतापूर्ण व्यवहार गर्छन् । ६ ।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

आफ्ना मानसिक प्रवृत्तिउपर विजय प्राप्त प्रशंतात्माले परमात्मालाई प्राप्त गरिसकेका हुन्छन् र तिनका लागि जाडो-गर्मी, मान-अपमान र सुख-दुःखजस्ता संवेदनाहरू समान हुन्छन् । ७ ।

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्ट्यश्मकांचनः ॥८॥

ज्ञान-विज्ञानमा पोख्त, सन्तोषी, एकनास, इन्द्रियहरूको बेगलाई जितेका र ढुङ्गो एवं सुनलाई एकनास देख्नेहरू नै योगी भनिन्छन् । ८ ।

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

मानिस जति बेला हितैषी, साथी, उदासीन, मध्यस्थकर्ता, ईर्ष्यालु, शत्रु, बन्धुजन,पापी एवं पुण्यात्माहरूलाई समानरुपमा हेर्न सक्ने हुन्छ त्यस बखत ऊ विशिष्ट कहलाउँछ । ९ ।

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

योगीले सदैव एकान्तमा रहेर आफ्नो मनलाई परमात्मामा लगाउनुपर्छ र ऊ सधैं एकाङ्गी, इच्छारहित र अपरिग्रही हुनुपर्छ । १० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥
तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युंज्याद्योगमात्मविशुद्धये ॥१२॥

योगको अभ्यास गर्नेले सर्वप्रथम एकान्त ठाउँ रोजेर मृगचर्म र नरम कपडाले ढाकिने गरी पवित्र ठाउँको भूईंमा कुशको गुन्द्री ओछ्याओस्। आसन अग्लो वा होचो नहोस्। यसै आसनमा बसेर आत्माविश्वास पूर्वक मन, इन्द्रिय तथा कर्मलाई बसमा राख्दै मनलाई एकाग्र पारी आत्माशुद्विका लागि योगमा आफूलाई निमग्न पारोस् । ११-१२।

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
संप्रेक्ष्यनासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥
प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

आफ्नो शरीर, गर्दन र शिरलाई सोझो पारेर नाकको टुप्पामा आँखा स्थिर पारोस् र मनलाई संयमित र एकाग्र तुल्याओस्। अनि ब्रह्मचारी रहेर निर्भिकतापूर्वक एकाग्रता सहित मेरो मात्रै ध्यान गरोस्। १३-१४।

युंजन्नेवं सदात्मानं योगी नियतमानसः ।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

यसरी योगको निरन्तर अभ्यासद्वारा आफ्नो मनलाई बसमा राख्ने सफल योगीहरू अन्त्यकालमा शान्तिरुप निर्वाण सहित मलाई प्राप्त हुन्छन् ।१५।

नात्याश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

हे अर्जुन ! धैरै भोजन गर्ने वा खाँदै नखाने, धैरै सुतिरहने वा सुत्दै नसुत्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस असल योगी हुन सक्दैन ।१६।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

खानपान, हिँडाइ डुलाइ र काम गराइमा नियमितता ल्याउँदै निन्द्रा र जागरण बिचको सम्बन्धलाई बुझ्ने 'योग'ले दुःखबाट छुटकारा दिन्छ ।१७।

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

जब चित्त एकाग्र भएर परमात्मा केन्द्रित हुन्छ र त्यसमा कुनै प्रकारका चाहना वा कामना रहन्नन्, त्यस्तो योगीलाई योगारुढ भनिन्छ । १८ ।

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युंजतो योगमात्मनः ॥१९॥

जसरी हावा नचलेको ठाउँमा दियो टल्पलाउँदैन त्यसैगरी चित्तलाई बसमा राखेका योगीहरु आत्मामा केन्द्रित हुन्छन् । १९ ।

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

निरन्तरको योगाभ्यासले व्यक्तिको चित्त एकाग्र हुन्छ जहाँ उसले आफैँलाई अनुभव गर्न सक्छ र आफूमै सन्तुष्ट हुन्छ। २० ।

सुखमात्यन्तिकं यत्तद् बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्वतः ॥२१॥

यस्तो अवस्थामा ऊ आफ्ना इन्द्रियहरूका माध्यमबाट दिव्य सुखको अनुभूति गर्न सक्छ। यसरी सुखानुभूति गरेपछि ऊ अन्य सुखहरूप्रति आसक्त हुँदैन र आफूमै स्थिर रहन्छ। २१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिनस्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥
तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥

यस्तो स्थिर सुखानुभूतिपछि अन्य विषय सुखको कुनै महत्व रहन्न र ठूलै विपदाले पनि यसमा बाधा पार्न सक्दैन। निःसन्देह, भौतिक संसर्गका कारण जोडिएका अनेकौं दुःखहरूबाट वास्तविक छुट्कारा पनि यही नै हो। २२-२३।

संकल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

साधनामा लाग्न इच्छुक मानिस मनले निश्चय गरेर विचलित नभइकन तन्मयताका साथ योगको अभ्यासमा लागोस्। सबै प्रकारका सङ्कल्पको प्रभावबाट उन्मुक्ति प्राप्त गर्दै मनले सम्पूर्ण इन्द्रियहरूउपर पूर्ण नियन्त्रण प्राप्त गरोस्। २४।

शनैः शनैरुपरमेद् बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किंचिदपि चिन्तयेत् ॥२५॥

अलि-अलि गरेर दृढताका साथ बुद्धि र मनलाई आत्मामा केन्द्रित गर्नुपर्छ र अरुथोक सोच्नु हुँदैन। २५।

यतो यतो निश्चरति मनश्चंचलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

मन ज्यादै चन्चल भएकोले जथाभावी दौडिरहेको हुन्छ र यसलाई त्यहाँबाट बारम्बार तानेर आफ्नो नियन्त्रणमा राख्नुपर्छ । २६ ।

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मष्म ॥२७॥

मानसिक गति शान्त भएको योगीले परमसुख प्राप्त गरिरहेको हुन्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै कारणबाट उसले पापरहित परमात्माको सामिप्यता प्राप्त गर्छ। २७।

युंजन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

यसरी हरहमेसा योगको अभ्यासमा लागिरहेको योगी, सबै पापबाट मुक्त भई, ब्रह्मम सामिप्यको सर्वोच्च सुखानुभूति गर्न सफल हुन्छ। २८ ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

योगी–पुरुषले समस्त जीव–जगतलाई आफूमा र आफूलाई जीव–जगतका रुपमा देख्छ अर्थात् ऊ समदर्शी हुन्छ। २९ ।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

जसले सबैतिर मेरो दर्शन गर्छ र म भित्र सबैथोक रहेको अनुभूति गर्छ, उसका लागि म हराउन्न न त ऊ नै मेरा लागि हराउँछ। ३० ।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

जसले सम्पूर्ण चराचरमा मेरो उपस्थितिलाई स्विकारेर एकात्मक भावले मेरै सेवा गर्दछ, त्यस्तो योगी हमेशा मैमा विद्यमान भएको ठहर्छ।३१।

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

हे अर्जुन ! जसले समस्त प्राणीहरूको दुःखसुखलाई आफ्नो भैँ ठानेर समताभाव राख्छ, त्यो नै वास्तविक योगी हो। ३२ ।

अर्जुन उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चंचलत्वात्स्थितिं स्थिराम् ॥३३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुनले भने : हे मधुसुदन ! तपाईंले सरलरुपमा प्रवचन गरेको यो योग–पद्धति, मेरो मन अस्थिर र चन्चल भएको कारणले होला, राम्ररी बुझ्न सकिनँ। ३३ ।

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद् दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

हे कृष्ण ! यो मन अत्यन्त चन्चल, अशान्त पार्ने र ज्यादै बलियो पनि छ। यसलाई बशमा राख्नु भनेको बतासलाई नियन्त्रण गर्नुझैँ असजिलो छ भन्ने मलाई लाग्छ। ३४ ।

श्रीभगवानुवाच

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

श्रीकृष्णले भन्नुभयो : हे महाबाहु कुन्तीपुत्र ! मन अत्यन्त चन्चल र सजिलै बसमा पार्न नसकिने खालको हुन्छ भन्ने कुरामा कुनै दुईमत छैन त्यैपनि अभ्यास र वैराग्यले यसलाई जित्न सकिन्छ । ३५ ।

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

मन चन्चल भएको मानिसका लागि आत्म–साक्षात्कार गर्नु सजिलो हुँदैन। जसको मन संयमित छ र प्रयत्न पनि गरिरहेको छ, उसले पक्कै सफलता प्राप्त गर्छ भन्ने मेरो अभिमत रहेको छ । ३६ ।

अर्जुन उवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

अर्जुनले भने : हे कृष्ण ! कसैले योगको अभ्यास सुरु गर्दा श्रद्धासँग गरेको हुन्छ तर पछि ऊ योगाभ्यासबाट विचलित भै सिद्धिबाट टाढिन पुग्छ, त्यस्तो असफल योगीको के गति हुन्छ ? । ३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥
एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

हे महाबाहु ! के ब्रह्म प्राप्तिका मार्गमा लागि परेर आ...परहित व्यक्ति पटेको बादलझैँ दुबैतिरबाट भ्रष्ट भएर नष्ट त हुँदैन ?। ३८ । हे महाबाहु कृष्ण ! यो मेरो सन्देहलाई हटाउन सक्ने अरु कोही छैन त्यसैले मेरो मनबाट यसलाई हटाई दिनुहुन विनम्र अनुरोध गर्दछु। ३९।

श्रीभगवानुवाच

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद् दुर्गतिं तात गच्छति ॥४०॥

भगवान्ले भन्नुभयो : हे पार्थ ! आत्मकल्याणको बाटोमा लागेको योगीको लोक–परलोक केही पनि नाश हुँदैन। हे तात ! कल्याणकारी कार्यमा लागेकाहरूको कहिल्यै पनि दुर्गती गति हुँदैन । ४० ।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्येऽभिजायते ॥४१॥

योगमा असफल भएका पुण्यात्माले परलोकमा अनेकौं जन्मसम्म सुख भोग गरेपछि सदाचारी वा धनवान्का घरमा जन्म लिने मौका पाउँछन्। ४१।

अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

अथवा यस्तो जीवात्माले विलक्षण बुद्धिमान् भएर योगीका घरमा जन्म लिन्छ। संसारमा यस्तो जन्म सितिमिति हुँदैन। ४२।

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे कुरुनन्दन ! यसरी जन्मे पछि त्यसले फेरि पूर्व जन्मकै चेतना प्राप्त गर्छ र पुनः योगसिरूको पथमा अग्रसर हुन्छ। ४३।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

आफ्नो पूर्वजन्मको संस्कारले गर्दा नचाहेर पनि ऊ पुनः योगाभ्यासतिर नै आकर्षित हुन्छ। यस्तो जिज्ञासु सदैव वर्णनातीत हुन्छ। ४४।

प्रयत्नाद्यातमानस्तु योगी संशुद्धकिल्बिषः।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥

यस्ता पापबाट छुट्कारा प्राप्त गर्दै योगमार्गमा लागिरहेका उत्तरोत्तर प्रगति गर्दै अन्त्यमा सफलता पाउँछन। ४५।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥४६॥

योगी तपस्वी, ज्ञानी र कर्मचारी भन्दा श्रेष्ठ वा महान् हुन्छ त्यसैले, हे अर्जुन ! तिमी योगी बन।४६।

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

समस्त योगीहरूमा पनि पूर्णरुपले मेरो शरणमा परेको, म बाहेक अरुलाई नसम्झिने र श्रद्धापूर्वक मेरो भजन गरिरहने योगी मेरो नजिक हुन्छ। मेरो विचारमा यस्तो योगी नै सर्वश्रेष्ठ हुनुपर्छ। ४७।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे आत्मसंयमयोगो नाम षष्ठोऽध्यायः ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - सात

परम-ज्ञान

श्री भगवानुवाच

मय्यासक्तमनाः पार्थ योगं युंजन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

श्रीभगवानले भन्नुभयो : हे पार्थ ! मलाई मनमा राखेर र ममा आसक्त भई पूर्णसंज्ञानमा योगाभ्यास गर्ने मानिसले कसरी मलाई जान्न सक्छ, यो सुन । १ ।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

अब मैले तिमीलाई सम्पूर्ण ज्ञान-विज्ञानको रहस्य बताउने छु जुन कुरा बुझेपछि अरु कुनै कुरा जान्न बाँकी रहन्न । २ ।

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

हजारौं मानिसहरूमध्ये कुनै एकजनाले सिद्धिका लागि प्रयत्न गर्छ, त्यस्ता हजारौंमध्येबाट बल्लबल्ल एकजनाले मलाई जस्ताको तस्तै जान्दछ । ३ ।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥

पृथ्वी, पानी, आगो, बतास, आकाश, मन, बुद्धि एवं अहंकार यी आठवटा प्राकृतिक शक्तिहरू मेरै फरक-फरक आकार-प्रकार हुन् । ४ ।

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥

हे महाबाहु अर्जुन ! उपरोक्त शक्तिहरू बाहेक अझै एउटा अपरा नामक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो शक्ति छ, जसले पराप्रकृति अर्थात् सम्पूर्ण जीवन–जगतलाई धानिरहेको छ। ५।

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

उपरोक्त दुवै शक्तिमा आश्रित संसार रहेको र जगतको उत्पत्ति एवं विनाशको प्रमुख कारण मलाई नै बुझ। ६।

मत्तः परतरं नान्यत्किंचिदस्ति धनंजय।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

हे धनञ्जय ! म भन्दा महान् अरु केही छैन। धागोमा उनिएका मोतीका दानाझैँ सम्पूर्ण विश्व नै मैमा आश्रित रहेको छ। ७।

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

हे कुन्तिपुत्र ! म पानीको स्वाद हुँ, सूर्य र चन्द्रमाको प्रकाश हुँ, वेदहरूमध्ये ॐकार हुँ, आकाशको शब्द हुँ भने मानिसहरूको पुरुषार्थ म नै हुँ। ८।

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

म पृथ्वीको सुगन्ध हुँ, अग्निको दहन शक्ति हुँ, समस्त जीवहरूको जीवनी शक्ति र तपस्विहरूको तपोवल पनि म नै हुँ। ९।

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम्।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

हे पार्थ ! मलाई नै समस्त जीवहरूको बीज प्रदान गर्ने आदि पिता ठान भने बुद्धिमान्हरूको बुद्धि र तेजस्वीहरूको तेज पनि मलाई नै जान। १०।

बलं बलवतां चाहं कामरागविवर्जितम्।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे भरतश्रेष्ठ अर्जुन ! म काम–वासना नभएका बलवानहरूको बल हुँ भने, प्रकृति–विपरीत कर्म गर्नेहरूमा काम–वासना पनि म नै हुँ। ११।

ये चैव सात्विका भावा राजसास्तामसाश्च ये।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

यी सबै सात्विक, राजसिक र तामसिक भावहरू मैरै शक्तिबाट उत्पन्न हुन्छन् भन्ने बुझ। यी सबै ममा निर्भर छन्, मभित्र छन् तर म यिनमा आश्रित छैन। १२।

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत्।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥

यो सम्पूर्ण संसार उपरोक्त तीनवटा गुणको प्रभावले मोहित छ। त्यसैले म अविनाशी परमात्मालाई यसले चिन्न सक्दैन । १३ ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

मेरो त्रि–गुण सम्पन्न दिव्य मायाबाट सजिलै पार पाउन सकिंन्न तर जसले मेरो उपासना गर्छन्, शरणमा पर्छन् ती यसबाट सजिलै जोगिन्छन्। १४।

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥

कमसल कर्म गर्ने मूर्ख, मोहले आफ्नो असल ज्ञानलाई छोपेका, असुरको जस्तो मानसिकता भएका मानिसहरू मेरो शरणमा आउँदैनन्। १५।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥

हे भरतश्रेष्ठ ! दुःखमा परेका, ज्ञानको चाहना भएका, अर्थार्थी र परमज्ञानको चाहना भएका यी चार थरीका सुकर्मीले मेरो भजन गर्छन्। १६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥

यिनीहरूमध्ये पनि एकोहोरो रुपमा ज्ञान एवं भक्तिमा लागि परेका सर्वोत्तम हुन्छन् किनभने म तिनका निम्ति प्रिय छु र ऊ मेरा निम्ति अत्यन्त प्रिय छ। १७।

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम्।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥

यी सबै ज्ञानीहरु म सरह नै उदारमना र महान् छन् भन्ने मेरो राय छ भने यस प्रकारका श्रद्धालु मेरो आराधनामा रहेर उत्तम गति प्राप्त गर्छन्। १८।

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

जन्म-जन्मान्तरपछि ज्ञानीले मलाई प्राप्त गर्छन् तर सम्पूर्ण जगत् वसुदेवमय छ भनेर बुझ्ने महात्मा अत्यन्त दुर्लभ हुन्छन्। १९।

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

संसारिक कामवासनाले बुद्धि धुमिल मानिसहरूले अन्य देवताहरूको शरणमा पर्छन् र आ-आफ्नो स्वभावानुसार नियमहरू पालन गर्छन्। २०।

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

जसले जुन् देवताको जुन रुपमा श्रद्धा पूर्वक उपासना गरे पनि मैं उपासना गर्ने गर्छ। त्यसै रुपमा उसलाई मैले अचल भक्ति स्थिर गर्दछु। २१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते।
लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥२२॥

यसरी आदरपूर्वक उसले थरीथरीका देवताहरूको आराधना गर्ने प्रयत्न गर्दै आफ्नो चाहना पूरा गर्छ। असलमा, मैले नै सबै इच्छाहरू पूरा गरेको हुन्छु। २२।

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम्।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

अल्पज्ञानीहरूले अन्य देउताहरूको आराधना गरेर सीमित फल प्राप्त गर्छन् र मृत्युपछि स्वर्गमा जान्छन् तर मेरो आराधना गर्नेहरू मेरा समीपमा आउँछन्। २३।

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

मेरो असली स्वरुप नबुझेका अल्पज्ञहरू मलाई निराकार वा साकार भएको ठान्दछन्। मेरो अब्यय पुरुषोत्तम स्वरुपलाई चिन्दैनन्। २४।

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥

योगमायाको प्रभावले गर्दा अज्ञानीले मलाई देख्न सक्दैनन् र मेरो अजन्मा एवं अविनाशी स्वरुपलाई जान्न सक्दैनन्। २५।

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

हे अर्जुन ! मैले भूत, भविष्य र वर्तमान कालका सबै कुरा जान्दछु तर अरु कसैले मलाई जान्न सक्दैनन्। २६।

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत।
सर्वभूतानि संमोहं सर्गे यान्ति परंतप ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे भरतवंशी शत्रु–विजयी अर्जुन ! समस्त जीवहरु जन्मिदा अज्ञानी हुन्छन् र इच्छा, शत्रुताबाट उब्जेका द्वन्द्वमा फसेर अल्मलिन्छन्। २७।

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम्।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

जसले वर्तमान र पूर्वजन्ममा सत्कर्म गरेका छन् र पापरहित छन् तिनले सबै प्रकारका मोहको द्वन्दबाट मुक्त भई दृढतापूर्वक मेरो भजन गर्छन्। २८।

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥

बूढोपन र मृत्युबाट छुटकारा चाहेका मानिसले श्रद्धापूर्वक मेरो भजन गर्छन्। आध्यात्मिक परमतत्वको ज्ञान भएका कारण ती ब्रह्म सरह नै हुन्छन्। २९।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥

जसले समस्त भौतिक जगत्, देवजगत्, र समस्त यज्ञहरूको नियन्त्रक र कारण मलाई नै ठानेको छ, बुझेको छ त्यस्तो मन एकाग्र भएको व्यक्तिले मरणको बखतमा मलाई जान्न सक्छ। ३०।

ॐ तत्सदिति श्रीमद्भगवदगीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानविज्ञानयोगे नामः सप्तमोऽध्यायः॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - आठ

भगवात् योग

अर्जुन उवाच

किं तद् ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

अर्जुनले सोधे–हे पुरुषोत्तम ! ब्रह्म के हो ? अध्यात्म के हो ? सकाम कर्म के हो ? यो भौतिक जगत् के हो र देवता केलाई भनिन्छ ? ।१।

अधियज्ञ कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

हे मधुसूदन ! यज्ञको स्वामी को हो र त्यो यस शरीरमा कहाँ छ ? र मन एकाग्र भएका मानिसले मरणका बखतमा हजुरलाई कसरी जान्न सक्छन् ? । २ ।

श्रीभगवानुवाच

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ॥३॥

भगवान्ले भन्नुभयो : कहिल्यै पनि नाश नहुने स्वभाव भएको परमब्रह्म तत्व नै अध्यात्मको विषय हो भने भौतिक जगत्सँग प्रकट एवं अलप हुने क्रियाकलापहरू कर्मसँग जोडिएका हुन्छन्। ३।

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम्।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥४॥

हे शरीर भएकोहरूमा श्रेष्ठ ! यो परिवर्तनशील प्रकृति नै अधिभूत हो र परमेश्वरको विराट रुपलाई नै अधिदेव भनिन्छ भने सबै प्राणीहरूभित्रको आत्मतत्व भएकोले म ईश्वर नै अधियज्ञ अथवा यज्ञको स्वामी हुँ।४।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्।
यः प्रयाति सं मद्भावं याति नास्त्यत्र संशयः ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्ने बेलामा जसले मेरो स्मरण गर्दै शरीर छोड्दछ, त्यसले तुरुन्तै मलाई पाउँछ यसमा कुनै प्रकारको शङ्का छैन।५।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम्।
तं तमेवैति कौन्तेय सदा तद् भावभावितः ॥६॥

हे कुन्तिपुत्र ! शरीर त्याग्ने बखतमा जसले जस्तो–जस्तो सम्झना गर्छ, उसले मरेपछि त्यस्तै शरीर पाउँछ।६।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

त्यसैले हरहमेशा मेरो सम्झनामा आफ्नो बुद्धि एवं मन अर्पित गरी लडाई गर। यसो गरेपछि तिमीले निश्चय नै मेरो प्राप्ति गर्नेछौ।७।

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

हे पार्थ ! जुन मानिसले आफ्नो मनले हरहमेशा मेरो सम्झना गरिरहन्छ र विचलित नभईकन मेरो ध्यानमा रहिरहन्छ, उसले निश्चय नै दिव्यपद प्राप्त गर्दछ।८।

कविं पुराणमनुशासितारमणोरणीयांसमनुस्मरेद्यः।
सर्वस्य धातारमचिन्तयरूपमादित्यवर्णं तमसः परस्तात् ॥९॥

कवि, प्राचीनतम, नियन्ता, सूक्ष्मतम, कल्पनातीत, अचिन्त्य, समरुप, सूर्यसरह प्रकाशवान्, अन्धकाररहित दिव्य पुरुष परमात्माको स्मरण गर्नुपर्दछ।९।

प्रयाणकाले मनसाचलेन भक्तया युक्तो योगबलेन चैव।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक् स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

जसले मर्ने बेलामा आँखीभौंका माझमा प्राणलाई एकाग्र पारेर योगशक्तिले मनलाई स्थिर बनाई आफ्नो भक्तियुक्त मनलाई भगवान्को शरणमा लगाउँछ, उसले निश्चित नै भगवान्लाई प्राप्त गर्दछ।१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

प्रणवको (ॐकार) ध्यान गर्ने, वेदमा दखल भएका र परम–वैरागी सन्यासीले ब्रह्ममा प्रवेश गर्छन् । यस्तो ब्रह्मपद चाहनेले ब्रह्मचर्य ब्रतको पालना गर्छन् । यसपछि मैले तिमीलाई मुक्ति प्राप्त गर्ने तरिकाबारे भन्दछु ।११।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

इन्द्रियहरूका सबै क्रियाकलाप उपर नियन्त्रण प्राप्त गर्नु नै यौगिक अवस्था हो । शरीरका समस्त ढोकाहरु र मनलाई बुद्धिले नियन्त्रण प्राप्त गरेर प्राणलाई शिरोग्र भागमा स्थापित गरी योगावस्था उपस्थित हुन्छ ।१२।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

जसले ॐको र मेरो स्मरण गर्दै आफ्नो शरीर त्याग्दछ, निश्चयरुपमा उसले सद्गति प्राप्त गर्दछ ।१३।

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ नित्युक्तस्य योगिनः ॥१४॥

हे पृथापुत्र अर्जुन ! मेरो भक्तिमा साधनारत र अनन्यता पूर्वक मेरो सम्झना गरिरहने योगीका लागि म हरहमेशा सुलभ छु ।१४।

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

मलाई प्राप्त गरिसकेका योगीहरूले पुनः यो नाशवान्, दुःखै दुःखले भरिपूर्ण यस जगत्मा फेरि आउनुपर्दैन । उनीहरुले परमसिद्धि पाइसकेका हुन्छन् ।१५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥

हे कुन्तिपुत्र ! ब्रह्मलोकदेखि लिएर पृथ्वीलोकसम्मका सबै लोकमा पुनर्जन्म हुन्छ तर मेरो प्राप्तिपछि पुनर्जन्म हुँदैन ।१६।

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः।
रात्रिं युगसहस्त्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

मानवीय गणना अनुसार एक हजार युगमा ब्रह्माको एक दिन हुन्छ, उहाँको रात पनि त्यति नै लामो हुन्छ भन्ने विद्वानको मत रहेको छ ।१७।

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ॥१८॥

ब्रह्माको दिन आरम्भ हुँदा सम्पूर्ण भौतिक पदार्थहरू अव्यक्तबाट व्यक्त हुन्छन् भने रात हुँदा तिनै व्यक्तबाट अव्यक्त हुन पुग्दछन् ।१८।

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

हे पार्थ ! यसरी यो सम्पूर्ण भौतिक संसार ब्रह्माको दिन हुँदा बारम्बार प्रकट हुन्छन् र रात्रि हुँदा हराउँछन् ।१९।

परस्तस्मात्तु भावोम्योऽव्योक्तोऽव्यक्तात्सनातनः।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

यस बाहेक पनि अर्को व्यक्त र अव्यक्त भन्दा बाहिर पर्ने परप्रकृति छ जुन शाश्वत र दिव्य छ। ऊ समस्त भौतिक संसारको विनाश हुँदा पनि रहिरहन्छ ।२०।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम्।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

जसलाई अव्यक्त छ, अक्षर छ भनेर विद्वानहरूले भन्ने गर्छन् तथा जसलाई सबैले आफ्नो गन्तव्य ठान्छन् र जहाँ पुगेपछि पुनरागमन हुँदैन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही नै मेरो परमधाम हो ।२१।

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

हे पार्थ ! परम पुरुष परमात्मालाई अनन्य भक्तिका माध्यमले मात्र प्राप्त गर्न सकिन्छ । समस्त विश्व उहाँभित्र रहेको छ भने उहाँबाट नै यो समस्त संसार अस्तित्वमा छ ।२२।

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥

हे भरतश्रेष्ठ ! अब म तिमीलाई एक पटक संसार छाडेर गइसकेको योगी फेरि फर्केर संसारमा आउँछ कि आउँदैन भन्ने बारे क्रमिक रुपमा भन्दछु ।२३।

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

आगोमा, उज्यालो प्रकाशमा, शुभ दिनमा, शुक्लपक्ष र उत्तरायणमा शरीर त्याग्ने ब्रह्मज्ञानीले ब्रह्मपद प्राप्त गर्दछन् ।२४।

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

धुवाँमा, रातका बखत, कृष्णपक्षमा र सूर्य दक्षिणयन रहेको बेलामा शरीर त्याग्ने योगीले चन्द्रलोकमा पुगेर फेरि यहीँ फर्कन्छन् ।२५।

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥

सनातन धर्मका मतमा प्रकाशमय र अन्धकारमय गरी संसारलाई त्याग्ने दुईवटा पथ छन् । प्रकाश पथबाट यात्रा गर्ने जीव फर्केर आउँदैन र अन्धकारमय पथबाट जानेहरू फर्किन्छन् ।२६।

नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

हे अर्जुन !! यी दुवै मार्ग बारे राम्ररी बुझेका कुनै पनि योगीहरु कहिल्यै अल्मलिन्नन् तसर्थ, तिमी सधैँ योगमा स्थिर होऊ ।२७।

वेदेषु यज्ञेषु तपःसु चैव दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

जसले योगमार्ग स्विकारेको छ उसलाई वेदाध्ययन, तपस्या, दान र सकाम कर्म गरेर पाइने प्रतिफलबाट वन्चित हुनुपर्दैन । अन्तमा यी सबै कुरा बुझेर योगीले नित्य परमधाम प्राप्त गर्दछ । २८।

ॐ तत्सदितिश्रीमद्भगवद् गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे अक्षरब्रह्मयोगो नामाऽष्टमोऽध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - नौ

गोपनीय ज्ञान

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

श्रीभगवान्‌ले भन्नुभयो – इर्ष्यारहित भएकोले यो अति गोपनीय ज्ञानबारे तिमीलाई भन्दै छु। यो जानेपछि तिमी यस संसारका सबै खराबीबाट मुक्त हुनेछौँ।१।

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

यो समस्त विद्याहरूको राजा हो र परम गोप्य छ, यो परम पवित्र छ, यसले आत्माको साक्षात्कार गर्छ, यही नै धर्मको मूल हो भने यसलाई जानेपछि परम सुख मिल्दछ।२।

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परंतप।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

हे परन्तप ! यस राजयोगमा श्रद्धा नगर्ने जीवहरू मेरो साक्षात्कार नगरी फेरि जन्म–मृत्युमय संसारमा फर्किन्छन्।३।

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः॥४॥

यो समग्र विश्व मेरो अव्यक्त स्वरुपले छोपिएको छ, समस्त प्राणीहरु मैमा छन् तर म तिनीहरूभित्र छैन।४।

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

मैले रचेका हरेक वस्तुहरू मभित्र नहुन सक्छन्। मेरो योगशक्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमाल हेर कि समस्त जगतलाई धारण गरे तापनि म यसको अंश होइन, तर म यसको परम कारण हुँ ।५।

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

जसरी छरिएर रहेको वायु शक्तिशाली आकाशमा नित्य रहन्छ, त्यसरी नै जगतका समस्त प्राणीहरू ममा रहन्छन् भन्ने कुरा स्वीकार गर ।६।

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥

हे कौन्तेय ! सृष्टिको अन्त्यमा सबै प्राणीहरू ममा प्रवेश गर्छन् भने पुनः अर्को कल्प आरम्भ हुँदा मैले आफ्नो शक्तिद्वारा तिनको फेरि सृजना गर्छु ।७।

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

यो समस्त संसार मेरो अधिनमा छ। यो जगत् मेरो चाहनाका कारण पटक-पटक स्वतः उत्पन्न हुन्छ र पुनः मेरै इच्छाले यो नासिन्छ पनि ।८।

न च मां तानि कर्माणि निबध्नन्ति धनंजय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

हे धनन्जय ! ती समस्त कार्यले मलाई बन्धनमा पार्न सक्दैनन् । म तटस्थ छु र भौतिक क्रियाकलापप्रति मेरो कुनै अभिरुचि छैन ।९।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

हे कुन्तिपुत्र ! मेरो अध्यक्षतामा यो समस्त संसार निरन्तर परिवर्तनका साथ मेरो इच्छा पूरा गर्न चलिरहेको छ ।१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम्।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

मूर्खहरूले मेरो दिव्य परमेश्वर स्वरुपलाई नबुझेर मलाई अन्य शरीरधारी सरह ठानेर मेरो उपहास गर्छन् ।११।

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

प्रकृतिको मोहमा फसेका मानिसहरु राक्षसी कर्मतिर आश्रित हुन्छन् भने यिनका समस्त चाहना, ज्ञान र कर्म व्यर्थ हुन्छन् ।१२।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

हे पार्थ ! महात्माजनहरू मेरो दैवी प्रकृतिको आश्रयमा रहन्छन्। तिनले मलाई समस्त जगतको आदि कर्ता जानेर अनन्य मनले मेरै आराधना गर्छन् ।१३।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

यी भक्तहरूले मेरो गुणगान गर्दै, दृढ ब्रतका साथ मलाई पाउने प्रयत्न गरिरहन्छन् र भक्तिपूर्वक मलाई नमस्कार गर्दै मेरो उपासना गर्छन् १४।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

ज्ञानरुपी यज्ञमा लागेका अन्य मानिसहरू मध्ये कसैले अद्वैत, द्वैत र कसै–कसैले त विश्वरुप मै फरक–फरक तवरले मेरो उपासना गर्छन् ।१५।

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम्।
मंत्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

तर म नै वैदिक कर्मकाण्ड, यज्ञ, स्वधा, औषधी, यज्ञमा पढिने मन्त्र हुँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने होमिने घीउ, यज्ञको आगो तथा आहुति पनि म नै हुँ ।१६।

पिताहमस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्रमोंकार ऋक्साम यजुरेव च ॥१७॥

यस जगतको जन्मदाता, धारणकर्ता माता र पितामह म नै हुँ भने ज्ञानयोग्य बस्तु, पवित्रतम ॐकार, ऋग्वेद, सामवेद र यजुर्वेद पनि म नै हुँ ।१७।

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृद् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

सबैको शक्ति, पालनकर्ता, स्वामी, साक्षी, निवासस्थल, शरण लिने अन्तिम ठाउँ, र परम हितैषी मित्र पनि म नै हुँ भने सृष्टि, प्रलयको आधार, आश्रयस्थल र अविनाशी बीऊ पनि मलाई नै मान ।१८।

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

हे अर्जुन ! मैले नै पृथ्वीलाई तातो बनाउँछु, यहाँ बर्षा गराउँछु अनि रोक्छु पनि । म अजर–अमर छु, महाकाल पनि म नै हुँ भने सत्–असत् म भित्रै विद्यमान छन् ।१९।

त्रैविद्या मां सोमपाः पूतपापा यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोक मश्नन्ति दिव्यान्दिवि देवभोगान् ।२०॥

जुन मानिसले वेदहरूको स्वाध्यायन गर्छन् र सोम रस पिउँछन् तिनीहरू पनि स्वर्गको कामना गर्दै मेरो आराधना गर्छन् । समस्त पापहरू समाप्त भएपछि ती फेरि स्वर्गमा जान्छन् र त्यहाँ स्वर्गीय सुख उपभोग गर्छन् ।२०।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ॥२१॥

त्यहाँ अनेकौँ प्रकारका दिव्य सुखहरूको उपभोग गरेर सम्पूर्ण पूण्यकर्म समाप्त भएपछि पुनः ती यही मृत्युलोकमा फर्किन्छन् । कर्मत्रयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशक्ति राख्नेहरू बारम्बार यस संसारमा आउने जाने गरिरहन्छन् ।२१।

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

जसले अनन्यता पूर्वक मेरो चिन्तन र उपासना गर्छन् तिनको समस्त जिम्मेवारी मैले लिन्छु र तिनका सबै आवश्यकताहरू पूरा गरिदिन्छु ।२२।

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥

जसले अन्य देवताहरूको श्रद्धापूर्वक भजन वा आराधना गर्छन्, तिनले पनि विना विधि-विधान मेरै आराधना गरिरहेका हुन्छन् ।२३।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्वेनातश्च्यवन्ति ते ॥२४॥

यी सबै प्रकारका यज्ञहरूको भोक्ता र स्वामी पनि म नै हुँ अतः जसले मेरो यस्तो दिव्य स्वभावलाई चिन्दैनन्, ती अधोगतिमा पर्छन् ।२४।

यान्ति देवव्रता देवान्पितृन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

देवताका उपासक देवलोक जान्छन, पितृहरूका उपासक पितृकै लोकमा पुग्छन्, प्रकृतिका उपासक प्राकृतिक हुन्छन् मेरा उपासकहरू मैरै लोकमा आउँछन् ।२५।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृमश्नामि प्रयतात्मनः ॥२६॥

पवित्र मनवालले भक्तिसहित पात, फूल, वा पानी जे जस्तो अर्पण गरे पनि त्यसलाई मैले खुसीसाथ स्वीकार्छु ।२६।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे कुन्तिपुत्र ! तिमी जे गर्दछौ, जे खान्छौ, जे हवन गर्दछौ र जे–जस्तो साधना गर्छौ, त्यो सबै मलाई अर्पण गर ।२७।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामपैष्यसि ॥२८॥

यसरी तिमी कर्मका राम्रा–नराम्रा प्रभावबाट मुक्त हुनेछौ र त्यागको अभ्यास गरेर मलाई प्राप्त गर्नेछौ ।२८।

समोऽहं सर्वभूतेष न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥

म सबैका निम्ति एक समान छु, मेरो शत्रु–मित्र कोही छैन । जसले मेरो भक्तिपूर्वक भजन गर्छन् तिनको सुरक्षा मैले गर्छु ।२९।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः॥३०॥

असाध्य पापी भए तापनि अनन्य भावले मेरो भक्ति गर्छ भने त्यसलाई साधु नै मान्नुपर्छ किनभने ऊ आफ्नो प्रतिज्ञामा अडिग भइसक्यो ।३०।

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

ममाथि अडिग श्रद्धा भएको मानिसले छिट्टै भक्ति र नित्य शान्ति प्राप्त गर्छ । त्यसैले हे अर्जुन ! मेरा भक्तहरूको कहिल्यै नाश हुने छैन भनेर घोषणा गरिदेऊ ।३१।

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

हे अर्जुन ! मेरो शरणमा पर्नेहरू चाहे ती पाप योनिमा जन्मिएका स्त्री, वैश्य वा शुद्र नै किन नहोऊन, सबै मेरो धाममा जान पाउँछन् ।३२।

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि धर्मात्मा ब्राह्मण, भक्त राजर्षिहरूको के कुरा ? त्यसैले यो अनित्य र दुःखमय संसारमा रहेर मेरै भजन गर ।३३।

मन्मना भव मद् भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युत्वैवमात्मानं मत्परायणः ॥३४॥

मनलाई सधैँ–सधैँ मेरो चिन्तनमा लगाऊ, मेरो भक्त बन, मेरै आराधना र नमस्कार गर। यसरी पूर्णरुपमा म मा समर्पित भएपछि अवश्य तिमीले मलाई प्राप्त गर्नेछौ ।३४।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे राजविद्याराजगुह्य योगो नाम नवमोऽध्यायः ॥९॥

ललितपुर पाटनको कृष्ण मन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - दश

विभूतिहरूको वर्णन

श्रीभगवानुवाच

भूय एव महाबाहो श्रृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

श्रीभगवानले भन्नुभयो – हे अर्जुन ! फेरि पनि सुन । मैले तिमीलाई आफन्त ठानेर, तिम्रो कल्याणका खातिर दिव्य उपदेश दिँदैछु । १ ।

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

मेरो जन्मका विषयमा देवताहरू र महर्षिहरूले समेत जान्दैनन् किनभने ती महर्षि र देवताहरूका जन्मको स्रोत पनि म नै हुँ । २ ।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

जसले मलाई समस्त संसारको आदिस्रोत, स्वामी, अव्यय परमपिताका रुपमा बुझ्दछ, यस्तो मानिस मोहरहित तथा पापहरूबाट पनि मुक्त हुन्छ । ३ ।

बुद्धिर्ज्ञानमसम्मोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥
अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

संसारका जीवहरूमा विवेक, ज्ञान र शङ्काबाट मुक्ति, क्षमा, सत्य, दम, शम, सुख, दुःख, जन्म, मरण, निर्भयता, अहिंसा, समानता, सन्तोष, दान, यश र अपयस जस्ता फरकफरक भावना मै बाट आउँछन् ।४–५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा।
मद् भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

महान् सप्तमहर्षिहरू र त्यसभन्दा पहिलेका चारवटा मनुहरू मेरो मनबाट उत्पन्न भएका हुन्, जसबाट यस पृथ्वीका समस्त प्राणीहरू र मानिसहरू उत्पन्न भए। ६।

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

जसले मेरो यस्तो महानता र योगशक्ति सही तरिकाले बुझ्दछ, त्यो मानिस एकनासले योगाभ्यासमा लागि पर्छ, यो कुरामा कुनै शङ्का गर्नु पर्दैन। ७।

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

म बाट समस्त संसारको उत्पत्ति र मैबाट यसको विस्तार हुन्छ भन्ने बुझेर बुद्धिमानहरूले अत्यन्त भावनापूर्वक मेरो भजन गर्छन्। ८।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

ती बुद्धिमानहरूले मेरै बारेमा विचार गर्छन्, मैमा तिनको जीवन लागेको हुन्छ, तिनले एक आपसमा मेरै कुरा गरिरहेका हुन्छन् र मेरा कथाहरूमा सदैव रमाइलो गर्ने र सन्तोष पाउने गर्छन्। ९।

तेषां सततयुक्तानां भजतां – प्रीतीपूर्वकम्।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

निरन्तर प्रेमपूर्वक मेरो भजन गरिरहने यस्ता भक्तहरूलाई मैंले बुद्धियोग दिन्छु र त्यसैको सहयोगबाट उसले मलाई प्राप्त गर्छ। १०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

म आफ्नो कृपाले तिनका हृदयमा बस्छु र ज्ञानयोगरुपी दियो बालेर तिनको सबै अज्ञानरुप अन्धकार मास्छु । ११ ।

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥

अर्जुनले भने – तपाईं परम ब्रह्म हुनुहुन्छ, परम पवित्र हुनुहुन्छ, सबैको आधार हुनुहुन्छ, शाश्वत, दिव्य, अजन्मा, प्रथम देव र महान् हुनुहुन्छ । १२ ।

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥

देवर्षि नारद, असित, देवल, ब्यास जस्ता ऋषिहरूले तपाईं नै परमेश्वर भएको कुरा पुष्टि गरिरहेका छन् तपाईं आफैं पनि यही कुरा भन्दै हुनुहुन्छ । १३ ।

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

हे केशव ! तपाईंले भनेका हरेक कुरा सत्य छन् भन्ने मेरो मान्यता छ भने तपाईंको असली स्वरुप देवता अथवा दानवले समेत राम्ररी जान्दैनन् । १४ ।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥

हे पुरुषोत्तम ! हे भूतभावन ! हे समस्त जीवहरूका अधिपति ! हे परमेश्वर ! हे संसारका स्वामी ! तपाईं मात्र आफ्नो असली स्वरुप चिन्नुहुन्छ । १५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

कृपा गरेर तपाईंले मलाई आफ्ना अङ्सख्य विशिष्ट स्वरुपका (विभूतिका) विषयमा विस्तारपूर्वक मलाई भन्नुहोस्। जसले गर्दा तपाईं सर्वत्र व्याप्त हुनुहुन्छ। १६।

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन्।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

हे महान् योगी श्रीकृष्ण ! मैले तपाईंलाई कसरी चिनूँ, कसरी तपाईंको चिन्तन गरूँ, हजुरलाई कुन भावले उपासना गरिन्छ ? ।१७।

विस्तेरेणात्मनो योगं विभूतिं च जनार्दन।
भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

हे जनार्दन ! कृपा गरेर आफ्नो सामर्थ्य र शक्तिका बारेमा विस्तारपूर्वक बताउनुहोस् । तपाईंको मिठो बोली सुनेर मलाई जीवनभरि थकाई लाग्दैन। १८।

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः।
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

भगवानले भन्नुभयो – हे कुरुश्रेष्ठ ! सुन। मैले तिमीलाई आफ्ना केही प्रमुख तर असीम स्वरुपहरूका बारेमा विस्तार गरेर भन्छु। १९।

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

हे गूढाकेश अर्जुन ! म समस्त जीवात्माका अन्तरात्मामा बस्ने आत्मा हुँ भने म नै समस्त विश्वको आरम्भ, मध्य र अन्त्य पनि हुँ। २०।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

म आदित्यहरूमा विष्णु, किरणवालहरूमा तेजस्वी सूर्य, बतासहरूमा मरिची र नक्षत्रहरूमा चन्द्रमा हुँ। २१।

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

म वेदहरूमा साम, देवताहरूमा स्वर्गको राजा, इन्द्रियहरूमा मन र जीवहरूमा चेतनशक्ति म नै हुँ। २२।

रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम्।
वसूनां पावकश्चास्मि मेरूः शिखरिणामहम् ॥२३॥

म रुद्रहरूमा शंकर, यक्ष–राक्षसहरूमा कुबेर, वसुहरूमा अग्नि हुँ भने पहाडहरूमध्ये मेरु म नै हुँ। २३।

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम्।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

हे पार्थ ! म पुरोहितहरूको प्रमुख बृहस्पति, सेनापतिहरू मध्ये कार्तिकेय र जलाशयहरूमा सागर हुँ भनेर बुझ। २४।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम्।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

म महर्षिहरूमा भृगु, बोलीहरूमा ॐकार, यज्ञहरूमा जप र जड वस्तुहरूमा हिमालय हुँ। २५।

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥

रुखहरुमा पिपल, देवर्षिहरूमा नारद, गन्धर्वहरूमा चित्ररथ र सिद्ध पुरुषहरूमा मलाई कपिल भनेर चिन। २६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम्।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

म घोडाहरूमा समुद्र मन्थनबाट उत्पन्न उच्चैश्रवा, हात्तीहरूमा ऐरावत हुँ भने मानिसहरूमा राजा हुँ। २७।

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक्।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणास्मि वासुकिः ॥२८॥

हतियारहरूमा बज्र, गाईहरूमा कामधेनु, प्रजनन कर्ताहरूमा कामदेव र सर्पहरूमा वासुकी पनि म नै हुँ। २८।

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम्।
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

नागहरुमा अनन्त, जलचरहरूमा बरुण, पितृहरूमा अर्यमा, अनुशासन कर्ताहरूमा म यमराज हुँ। २९।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम्।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

दैत्यहरुमा प्रहलाद, नाशकर्ताहरूमा काल, मृगहरूमा सिंह, चराहरूमा म गरुड नामक चरा हुँ। ३०।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम्।
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जान्हवी ॥३१॥

पवित्रकर्तामा वायु, शस्त्रधारीहरूमा राम, माछामा गोही र नदीहरूमा गङ्गा म नै हुँ। ३१।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

हे अर्जुन ! समयको आदि, मध्य र अन्त्य म नै हुँ भने विद्याहरूमा अध्यात्म-विद्या र तर्कमा त्यसको सार सत्य हुँ। ३२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

अक्षरमा मकार, समासहरूमा द्वन्द –समास, समयमा शाश्वत–समय र सृष्टिकर्ताहरूमा ब्रह्ममा म नै हुँ। ३३।

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

हरणकारीमा मृत्यु, उत्पन्न हुने विषयहरूमा त्यसको नियम पनि म नै हुँ। नारीहरूमा रहेका स्मृति, कीर्ति, मीठो बचन, बुद्धि धृति र क्षमाजस्ता गुण पनि म नै हुँ। ३४।

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

सामवेदका ऋचाहरूमा बृहत्साम, छन्दहरूमा गायत्री, महिनाहरूमा मंसिर र ऋतुहरूमा कुसुमाकर वसन्त म नै हुँ। ३५।

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्वं सत्त्ववतामहम् ॥३६॥

ठग–विद्यामा जुवा, तेजस्वीहरूको तेज, विजय, साहस, र बलवानहरूको बल पनि म नै हुँ। ३६।

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

वृष्णीहरूमा वासुदेव, पाण्डवहरूमा धनन्जय, मुनिहरूमा ब्यास र कविहरूमा शुक्राचार्य अर्थात् उशना पनि म नै हुँ भनेर बुझ। ३७।

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

दमनकारीहरूमा दण्ड, विजयको चाहना राख्नेहरूका लागि सदाचार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्यमय आचरणमा मौन र ज्ञानवान्हरूमा म बुद्धि हुँ ।३८।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

हे अर्जुन ! अझै भन्ने हो भने म समस्त प्राणीहरूको बीज-कारण हुँ र कुनै पनि प्राणी म बाहेक रहन सक्दैन। ३९।

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

हे परन्तप अर्जुन ! मेरा दिव्य विभूतिहरूको कुनै लेखाजोखा छैन, ती अनन्त छन्। मैले तिमीलाई भनेका त केही उदाहरण मात्र हुन् ।४०।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥४१॥

समस्त बैभव, सुन्दरता र यो महान् सृष्टि सबै मेरो सानो शक्तिबाट उत्पन्न भएका हुन्, यो कुरा तिमीले बुझ ।४१।

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

तर हे अर्जुन ! तिमीले यी सबै विविधायुक्त कुरा बुझेर के गर्छौ ? एक्लो मलाई सर्वव्यापक र समस्त सृष्टिको धारणकर्ता भएको कुरा बुझे पुग्छ। ४२।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विभूतियोगो नाम दशमोऽध्यायः ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - एघार

विश्वरूपदर्शन

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

अर्जुनले भने – यतिवेला, हजुरले ममा कृपा गरेर दिनु भएको अत्यन्त गोपनीय आध्यात्मिक उपदेश सुनेर मेरो मोह समाप्त भएको छ ।१।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥

हे कमल नयन श्रीकृष्ण ! मैले हजुरबाट समस्त प्राणीहरूको उत्पत्ति र विनाशका विषयमा बिस्तारपूर्वक सुनेको छु र तपाईं अविनाशीको महत्व पनि बुझेको छु ।२।

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३॥

हे परमेश्वर ! हे पुरुषोत्तम ! यद्यपि मैले यहाँ हजुरको परमेश्वर स्वरुपको दर्शन गरिरहेको छु तथापि ममा अहिले हजुरको विश्वरुपको दर्शन गर्ने अभिलाषा छ ।३।

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

हे ईश्वर, हे प्रभु ! यदि हजुरले मलाई हजुरको विश्वरुप हेर्न सक्छ भन्ने ठान्नुहुन्छ भने हजुरको त्यो अव्ययरुप देखाउनुहोस् ।४।

श्रीभगवानुवाच

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भगवानले भन्नुभयो – हे पार्थ ! मेरा सयौँ–हजार नानाथरीका र अनेकौँ आकार–प्रकार एवं रुपरङ्गका दिव्य रुपहरू हेर ।५।

पश्यदित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

हे भारत ! अब आदित्यहरू, बसुहरू, रुद्रहरू, अश्विनी कुमारहरू र मरुतहरू सहित तिमीले पहिले नदेखेका नसुनेका अनेकौँ आश्चर्यजनक कुराहरू हेर ।६।

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥

हे गुडाकेश ! आज तिमीले हेर्न चाहेजति कुरा एकै ठाउँ मेरो स्वरुपमा हेर र भविष्यमा तिमीले हेर्न चाहेका चराचर वस्तुहरू पनि यहाँ तिमीले देख्न सक्नेछौ ।७।

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

यी तिम्रा साधारण आँखाले मलाई देख्न सक्दैनन् अतः त्यसका लागि म तिमीलाई दिव्य आँखा दिन्छु, तिनैबाट मेरो दिव्य ऐश्वर्यपूर्ण रुप हेर्न समर्थ हुन्छौ ।८।

सञ्जय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥

संजयले भने – हे राजन् ! यसरी अर्जुनलाई भनेपछि महायोगेश्वर श्रीहरि कृष्णले अर्जुनलाई आफ्नो अद्भुत विराटरुप देखाउनुभयो ।९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥
दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

अर्जुनले त्यस विराटरुपमा अनेकौं आँखाहरू, मुखहरू भएका र थरिथरिका गहनाले सजिएका, शस्त्रअस्त्र लिएका, दिव्य माला र वस्त्रहरू पहिरिएिका, अनेकौं सुगन्धित द्रव्यबाट मगमग भैरहेका र सबैलाई अचम्म पार्ने जताततै फैलिएका असङ्ख्य रुपहरू त्यहाँ देखे ।१०-११।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद् भासस्तस्य महात्मनः ॥१२॥

ती महात्मा श्रीकृष्णको त्यो दिव्य विराटरुप आकाशमा एकैपटक एक हजार सूर्यहरू उदाए झैँ तेजस्वी र प्रकाशपूर्ण थियो ।१२।

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

अर्जुनले त्यस महान् विराटस्वरुप भित्र एकैपटक एकै ठाउँमा विविधता सहित सम्पूर्ण विश्व र देवीदेवताहरूलाई देखे ।१३।

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

भगवानको यस्तो तेजस्वी विराटरुपलाई देखेर अर्जुन डरले थर्थरी काम्न लागे, उनको शिर निहुरियो र दुवै हात जोडेर भगवान्सँग यसरी बोले ।१४।

अर्जुन उवाच

पश्यामि देवांस्तव देव देहे सर्वास्तथा भूतविशेषसंघान् ।
ब्रह्माणमीशं कमलासनस्थ-मृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुनले भने – हे देव ! मैले हजुरको शरीरमा समस्त देवताहरू, प्राणी–समूह, कमलको आसनमा बसिरहेका ब्रह्माजी, ऋषिहरू र अद्भुत सर्पहरू पनि देखिरहेको छु ।१५।

अनेकबाहूदरवक्त्रनेत्रं पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं पश्यामि विश्वेश्वर विश्वरूप ॥१६॥

हे विश्वेश्वर, हे विश्वरुप ! मैले हजुरको शरीरमा जताततै फैलिएका अनन्त हातहरू, पेटहरू, मुखहरू, आँखाहरू देखिरहेको छु। मैले यी सबै कहाँबाट आरम्भ भएका छन् र कहाँसम्म फैलिएका छन् ? बुझिरहेको छैन ।१६।

किरीटिनं गदिनं चक्रिणं च तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता–द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

मैले हजुरहरूको असङ्ख्य गदाहरू, मुकुटहरू र चक्रधारण गरेको, आफ्नो तेजिलो प्रकाशले जताततै उज्यालो बनाइरहेको, सूर्य अथवा आगो झैँ जाज्वल्यमान र हेर्नलाई ज्यादै कठिन स्वरुप देखिरहेको छु ।१७।

त्वमक्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

मेरो विचारमा हजुर नै जान्नुपर्ने परम तत्व हुनुहुन्छ, धर्मको रक्षक, अव्यय, सनातन र समस्त विश्वको आधारभूत परमतत्व हुनुहुन्छ ।१८।

अनादिमध्यान्तमनन्तवीर्य–मनन्तबाहुं शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

हजुरको कुनै आरम्भ, मध्य र अन्त्य छैन, हजुर परम शक्तिशाली हुनुहुन्छ, हजुरका असङ्ख्य हात छन्, चन्द्रमा र सूर्य हजुरका आँखा हुन्। म यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बखत आफ्नो दिव्य तेजबाट समस्त विश्वलाई तताइरहेको अत्यन्त हजुरको आगो झैँ तेजिलो मुखमण्डल पनि देखिरहेको छु ।१९।

द्यावापृथिव्योरिदमन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वादभुतं रूपमुग्रं तवेदं लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

हजुर एक्लै भए तापनि अन्तरिक्ष, आकाश, स्वर्ग र पृथ्वी जताततै व्याप्त हुनुहुन्छ। हे महात्मा ! हजुरको यो अचम्मको उग्ररुप देखेर तीनैवटा लोक आकुलव्याकुल छन् ।२०।

अमी हि त्वां सुरसङ्घा
विशन्ति केचिद् भीताः प्रांजलयो गृणन्ति ।
स्वस्तीत्युत्वा महर्षिसिद्धसङ्घाः
स्तुवन्ति त्वां स्तुतिभीः पुष्कलाभिः ॥२१॥

हजुरको यो विराट रुपमा हुलका हुल देवताहरू प्रवेश गरिरहेका छन् भने केही डराएर हात जोडिरहेका छन् र ऋषि–मुनिका समूहहरू स्वस्ति स्वस्ति भन्दै अनेकौँ मन्त्रले हजुरको स्तुति गरिरहेका छन् ।२१।

रूद्रादित्या वसवो ये च साध्या विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसंघा वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

रुद्रहरू, आदित्यहरू, वसुहरू, साध्यगण, विश्वदेव, अश्विनीकुमार, मरुतगण, पितृगण, गन्धर्व, यक्ष, असुरहरु र सिद्धजनहरूले समेत अचम्म मानेर हजुरको यो दिव्यरुपलाई हेरिरहेका छन् ।२२।

रूपं महत्ते बहुवक्त्रनेत्रं महाबाहो बहुबाहूरुपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

हे महाबाहु ! हजुरका यी असंख्य मुखहरू, नेत्रहरू, असङ्ख्य हात–पाउ, असङ्ख्य पेटहरू र असङ्ख्य डरलाग्दा दाँतहरू देखेर म समेत समस्त लोक विचलित भइरहेका छन् ।२३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभःस्पृशं दीप्तमनेकवर्णं व्याप्ताननं दीप्तविशालनेत्रम् ।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥

हे विष्णु ! आकाश छुने अग्लो, अनेक रुपरङ्ग भएको, भयानक मुख उघारेको र ठुल्ठुला आँखा भएको हजुरको यो स्वरुप देखेर डरले मेरो बुद्धि र धृति विचलित भएको छ।२४।

दंष्ट्राकरालानि च ते मुखानि दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म प्रसीद देवेश जगन्निवास ॥२५॥

हे जगन्निवास, हे देवेश ! हजुरका असङ्ख्य मुखहरू, मुखभित्र देखिने कालाग्नि सरहका भयानक दाँतहरू देखेर डरका कारण म दिग्भ्रमित भएको छु अतः म उपर प्रसन्न हुनुहोस्।२५।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः सर्वे सहैवावनिपालसंघैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

हजुरको डरलाग्दा दाँत भएका मुखहरुमा आफ्ना समस्त सैनिकगण, भीष्म, द्रोण सहयोगीहरू, धृतराष्ट्रका छोराहरू समेत हामीतिरका प्रमुख लडाकुहरु पनि एकाएक प्रवेश गरिरहेछन्।२६।

वक्त्राणि ते त्वरमाणा विशन्ति दंष्ट्राकरालानि भयानकानि
केचिद्विलग्ना दशनान्तरेषु संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

यसरी प्रवेशका क्रममा केही योद्धाहरूको टाउको हजुरका डरलाग्दा दाँतले किचिएर चकनाचूर भई तिनै दाँतहरूका बिच धसिएको भयानक दृश्य यहाँ देखिन्छ।२७।

यथा नदीनां बहवोऽम्बुवेगाः समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

अनेकौं स-साना नदीहरू बडो वेगपूर्वक जसरी समुद्रमा होमिन्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी नै यहाँ रहेका वीर योद्धाहरू एकाएक गरेर हजुरको आगोझैं दन्किरहेको डरलाग्दो मुखमा प्रवेश गरिरहेका छन् ।२८।

यथा प्रदीप्तं ज्वलनं पतङ्गा विशन्ति नाशाय समृद्धवेगाः ।
तथैव नाशाय विशन्ति लोका–स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

जसरी पुतलीहरू बलिरहेको दियोमा आत्महत्याका लागि जानाजान हाम फाल्छन त्यसरी नै समस्त लोक आफ्नो विनाशका लागि हजुरको भयानक मुखमा प्रवेश गरिरहेको देखिन्छ ।२९।

लेलिह्यसे ग्रसमानः समन्ता–ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः।
तेजोभिरापूर्य जगत्समग्रं भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

हे सर्वव्यापी श्री बिष्णु ! हजुरले आफ्ना डरलाग्दा मुखले समस्त लोकलाई निल्दै आफ्नो उग्रतेजबाट प्रताडित गरिरहनुभएको छ ।३०।

आख्याहि मे को भवानुग्ररूपो नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

हे श्रीकृष्ण ! म उपर प्रसन्न हुनुहोस् । यस्तो डरलाग्दो रुपमा देखा परेको हजुरको मूलस्वरुप कस्तो छ त्यस विषयमा मलाई बताउनुहोस् ।३१।

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो लोकान्समाहर्तुमिह प्रवृत्तः ।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

श्रीभगवान् भन्नुहुन्छ – म यस बखत काल बनेर लोकको विनाश पार्न यहाँ आएको छु। तिमी नभए तापनि दुवैतिरका यी समस्त सेनाहरू निश्चित रुपमा मारिने नै छन् ।३२।

तस्मात्वमुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून्भुंक्ष्व राज्यं समृद्धम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

हे सव्यसाचिन ! त्यसैले उठ र लडाईंमा मैले पहिले नै मारिसकेका यी सैनिकहरूलाई मारेर सुयश प्राप्त गर्दै ऐश्वर्यशाली राज्यको उपभोग गर। तिमी युद्धको एउटा माध्यममात्र बन ।३३।

द्रोणं च भीष्मं च जयद्रथं च कर्णं तथान्यानपि योधवीरान् ।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

द्रोणचार्य, पितामह भीष्म, वीर जयद्रथ, महावीर कर्ण र अन्य वीर योद्धाहरूलाई मैले पहिने नै मारिसकेको छु। त्यसैले यस विषयमा कुनै चिन्ता नगरी लडाईं गर, तिमीले यी शत्रुलाई सजिलैसँग जित्नेछौ ।३४।

सञ्जय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य कृताजलिर्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

सञ्जयले भने – हे राजा ! भगवान् श्रीकृष्णका यी वचन सुनेपछि थरथर काम्दै अर्जुनले हात जोडेर बारम्बार उहाँलाई नमस्कार गरे। अनि, ज्यादै डराउँदै अक्मकिँदो स्वरमा यसरी भने ।३५।

अर्जुन उवाच

स्थाने हृषिकेश तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च ।
रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्धसंघाः ॥३६॥

अर्जुनले भने – हे ऋृषिकेश ! हजुरको यो विश्वरुप देखेर समस्त विश्व हर्षित छ र हजुरकै कीर्तन गरिरहेछ। पापी राक्षसहरू डरले चारैदिशातिर भागिरहेका देखिन्छन् भने पुण्यजनहरूको समूहले तपाईंलाई नमस्कार गरिरहेछ ।३६।

कस्माच्च ते न नमेरन्महात्मन्गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।
अनन्त देवेश जगन्निवासत्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे परमेश्वर ! हजुर आदिपिता ब्रह्माभन्दा पनि महान् हुनुहुन्छ, अनि तिनले हजुरलाई नमस्कार किन नगरुन् ? किनभने तपाईं नै देव-प्रमुख, अनन्त, जगतको प्रमुख आश्रयस्थल, अक्षर र कारणहरूको पनि कारण हुनुहुन्छ।३७।

त्वमादिदेवः पुरुषः पुराण- स्त्वमस्य विश्वस्य परं निधानम्।
वेत्तासि वेद्यं च परं च धाम त्वया ततं विश्वमनन्तरुप ॥३८॥

हजुर नै पुराणमा वर्णित आदिदेव, विश्वको आधार, परम ज्ञानी, प्रमुख ज्ञेय तत्व हुनुहुन्छ भने यस भौतिक जगतबाट पर रहेर पनि यसमा व्याप्त हुनुहुन्छ।३८।

वायुर्यमोऽग्निर्वरुणः शशांकः प्रजापतिस्त्वं प्रपितामहश्च।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

हजुर नै वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा, प्रजापति र प्रपितामह पनि हुनुहुन्छ । हजुरलाई हजारौं-हजार पटक नमस्कार छ ।३९।

नमः पुरस्तादथ पृष्ठतस्ते नमोऽस्तुं ते सर्वत एव सर्व।
अनन्तवीर्यामितविक्रमस्त्वं सर्व समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

हे कृष्ण ! हजुरलाई अगाडि, पछाडि, माथि र तल सबैतिरबाट नमन छ। हजुरको शक्ति अनन्त छ, हजुरमा सबैथोक अवस्थित छ र हजुर सर्वव्यापी परमात्मा हुनुहुन्छ।४०।

सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण हे यादव हे सखेति।
अजानता महिमानं तवेदं मया प्रमादात्प्रणयेन वापि ॥४१॥

मैले अज्ञानतावश हजुरको यस्तो महानता नबुझी आफ्नै साथी ठानेर हठपूर्वक प्रेम वा प्रमादले हजुरलाई हे कृष्ण, हे यादव हे मित्र भनेर सम्बोधन गरें, त्यसका लागि क्षमा पाऊँ।४१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यच्चावहासार्थमसत्कृतोऽसि विहारशय्यासनभोजनेषु।
एकोऽथवाप्यच्युत तत्समक्षं तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

यस्तै, सँगै आराम गर्दा, सुत्दा, भोजन गर्दा र एक्लै वा सँगीहरुसँग रमाइलो गर्दा हजुरलाई अनेकौँ प्रकारले सम्बोधन गरेँ हुँला, ती सबैका लागि हे अप्रमेय ! मलाई पुनः माफ गर्नुहोस् ।४२।

पितासि लोकस्य चराचरस्य त्वमस्य पूज्यश्च गुरुर्गरीयान्।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

हजुर यस समस्त सृष्टिका पिता, पूजनीय र गुरु हुनुहुन्छ। हजुर सरहको अथवा बराबरको अरु कोही छैन। हे अतुलनीय प्रभाववाल ! यो तिनैलोकमा हजुरको बराबरी कसैले गर्न सक्दैन ।४३।

तस्मात्प्रणम्य प्रणिधाय कायं प्रसादये त्वामहमीशमीड्यम्।
पितेव पुत्रस्य सखेव सख्युः प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

हे देव ! तसर्थ हजुरको महान् स्वरुपप्रति म नतमस्तक छु, त्यसलाई प्रणाम गर्छु र स्तुति टक्र्याउँछु। जसरी एउटा पिताले पुत्र, मित्रले मित्र र प्रेमीले प्रेमीलाई गरेका अपराधहरू सजिलै क्षमा गर्छन्, मेरा अपराधहरू पनि क्षमा गर्नुहोस् ।४४।

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा भयेन च प्रव्यथितं मनो मे।
तदेव मे दर्शय देवरूपं प्रसीद देवेश जगन्निवास ॥४५॥

हजुरको पहिला कसैले पनि नदेखेको स्वरुप देखेर म हर्षित भएको छु भने मेरो मन डरले थरथरी कामिरहेको छ। हे देवेश, हे जगन्निवास ! ममा दया गरेर उही पहिलेको रुपमा दर्शन दिनुहोस् ।४५।

किरीटिनं गदिनं चक्रहस्त- मिच्छामि त्वां द्रष्टुमहं तथैव।
तेनैव रूपेण चतुर्भुजेन सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे विश्वरुप, हजार हातवाल परमेश्वर ! म पुनः हजुरको उही मुकुटधारी, हातमा शङ्ख, चक्र, कमलको फूल धारण गरेको र चतुर्भुज रुपमा देख्न चाहन्छु ।४६।

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं रूपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

श्रीभगवानले भन्नुभयो – हे अर्जुन ! तिमीसँग खुशी भएर मैले तिमीलाई आफ्नो योगशक्तिको प्रयोग तेजोमय, अनन्त, आदि, पहिले कसैले पनि नदेखेको आफ्नो दिव्य विश्वरुप देखाएँ ।४७।

न वेदयज्ञाध्ययनैर्न दानै–र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

हे कुरुवीर ! वेदहरूको अध्ययन, दान–दातव्य, ठुलो तपस्या वा जस्तोसुकै कर्म गरे तापनि मेरो यस्तो रुप कसैले देख्न सक्दैन । तिमीभन्दा पहिले यस मृत्युलोकमा मेरो यस्तो विराटस्वरुप कसैले देखेको थिएन ।४८।

मा ते व्यथा मा च विमूढभावो दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

मेरो यस्तो भयानक रुप देखेर तिमी डरायौ वा तिम्रो बुद्धि भ्रमित भयो होला । अब नडराऊ, सहजतामा फर्केर फेरि उही सरलरुपमा मेरो दर्शन गर ।४९।

सञ्जय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा स्वकं रूपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

सञ्जयले भने – यसरी बासुदेवले अर्जुनलाई सम्बोधन गरेपछि पुनः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो पुरानो स्वरुपमा फर्किनुभयो र महात्मा अर्जुनलाई सान्त्वना दिनुभयो। ५०।

अर्जुन उवाच

दृष्ट्वेदं मानुषं रूपंतव सौम्यं जनार्दन।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

अर्जुनले भने – हे जनार्दन ! हजुरको यो सौम्य मानवरुप देखेपछि मेरो चित्त स्थिर भएको छ र म आफ्नो प्राकृतिक स्वभावमा फर्किएको छु।५१।

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रूपं दृष्ट्वानसि यन्मम।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकांक्षिणः ॥५२॥

भगवान्ले भन्नुभयो – तिमीले देखिरहेको मेरो यो स्वरुप देवताहरूका लागि पनि दुर्लभ छ। उनीहरू पनि यो स्वरुपको दर्शन पाउन सधैँ–सधैँ इच्छित रहन्छन्।५२।

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

जस्तो रुपमा तिमीले मेरो दर्शन गरिरहेका छौ, यसलाई वेदाध्यायन, तप, दान, पूजा–आजा गरेर कसैले देख्न सक्दैन।५३।

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन।
ज्ञातुं द्रष्टुं च तत्वेन प्रवेष्टुं च परंतप ॥५४॥

हे अर्जुन ! म त केवल अनन्य भक्तिबाट यसरी देखिन सम्भव हुन्छु। हे परन्तप ! भक्तिभावले मात्र मलाई यथार्थरुपमा जान्न, ममा प्रवेश गर्न र मेरो दर्शन गर्न सम्भव छ।५४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मत्कर्मकृन्मत्परमो मद्भक्तस्सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

हे अर्जुन ! सँगरहित भएर जसले सधैँ सधैँ मेरा लागि कर्म गर्छ र सबै प्राणीमाथि मैत्रिभाव राख्छ, उसले अवश्य नै मेरो प्राप्ति गर्छ वा मलाई पाउँछ ।५५।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे विश्वरूपदर्शनयोगो नाम एकादशोऽध्यायः ॥११॥



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - बाह्र

भक्तियोग

अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

अर्जुनले भने – केही मानिसले तपाईंको अनन्यतापूर्वक निरन्तर भक्ति गर्छन् भने केहीले तपाईंकै निराकार स्वरुपको उपासना गर्छन्– यी दुई मध्ये कुन चाहिं योगमा पारङ्गत हुन्छन् ? ।१।

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

श्रीभगवान्ले भन्नुभयो – जसले मेरो आश्रय ग्रहण गर्दै ममा मन स्थिर गरेर श्रद्धासहित मेरो उपासना गरिरहन्छ, मेरो विचारमा उही नै सिद्ध अथवा योगी पुरुष हो ।२।

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
संनियम्येन्द्रिग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

जसले आफ्ना समस्त संसारप्रति समान दृष्टिकोण अपनाएर अक्षर, कसैले देखाउन नसक्ने, अव्यक्त, सर्वत्र व्याप्त, अचिन्त्य, अचल नित्य म परमेश्वरको उपासना गर्छन् भने तिनले अन्त्यमा मलाई नै प्राप्त गर्छन् ।३–४।

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योन हृष्यति न द्वेष्टि न शोचति न कांक्षति ।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

अति हर्षित नहुने, कसैसँग द्वेष नगर्ने, चिन्ता नगर्ने, आस नगर्ने र शुभ–अशुभ जस्ता भावनाबाट माथि उठेका भक्त मलाई मन पर्छ। १७।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥
तुल्यनिन्दास्तुतिर्मौनी संतुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

शत्रु–मित्रप्रति समान व्यवहार राख्ने, मान–अपमानलाई एकैनाश ठान्ने, चिसो–तातो, सुख–दुःखलाई समान रुपमा ग्रहण गर्ने, सँग त्यागेको, निन्दा वा स्तुतिप्रति उदासीन, मौन ब्रतमा बस्ने, आफैँमा सन्तुष्ट, घरबार नभएको र स्थिरता पूर्वक ममा आफ्नो बुद्धि लगाएको भक्त मेरा लागि ज्यादै प्रिय हुन्छ।१८–१९।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

जसरी यहाँ धर्मरुपी अमृततत्वको वर्णन गरियो त्यसै अनुरुप श्रद्धा र भक्तिपूर्वक मेरो उपासना गर्ने भक्तहरू मलाई ज्यादै मन पर्छन् वा प्रिय हुन्छन्।२०।

ॐ तत्सदिति श्रीमद्भगवद् गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे भक्तियोगो नाम द्वादशोऽध्यायः ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - तेह्र

प्रकृति, पुरुष र आत्मा

श्रीभगवानुवाच

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

श्रीभगवान्ले भन्नुभयो – हे कुन्तिपुत्र ! यो शरीरलाई क्षेत्र भनिन्छ। जसले यस क्षेत्रका बारेमा जान्दछ, ऊ क्षेत्रज्ञ कहलाउँछ ।१।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

हे भरत ! म नै समस्त शरीरको विज्ञ हुँ भन्ने तथ्य बुझिराख। शरीर र शरीरधारीलाई चिन्नु नै मेरो विचारमा ज्ञान हो ।२।

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत्।
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥

यो क्षेत्र के हो, कस्तो छ, यसमा के कस्ता गतिविधि हुन्छन्, यो कहाँबाट आएको हो र यसका के–के प्रभाव छन् ? यी सबै कुरा अब विस्तारले सुन ।३।

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥

विभिन्न ऋषिमुनिहरुले फरक–फरक थरीका शास्त्रहरुमा फरक–फरक तवरले यस विषयमा चर्चा गरेका छन्। ब्रह्मसूत्रमा समेत यसलाई निश्चित गर्न अनेकौं परिचर्चा भएको छ ।४।

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च।
इन्द्रियाणि दशैकं च पंच चेन्द्रियगोचराः ॥५॥
इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचवटा महाभूत, अहंकार, बुद्धि, अव्यक्त रहेको प्रकृति, दसैवटा इन्द्रियहरू, पाँच कर्मेन्द्रियका विषयहरू, इच्छा, द्वेष, सुख-दुःख, शरीर, चेतना र सहनशीलता यी सबै तथ्यहरू संक्षेपमा क्षेत्र र यसका विकारहरू मानिन्छन् ।५-६।

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥
इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥
असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्यानिष्येपपत्तिषु ॥८॥
मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥
अध्यात्मज्ञाननित्यत्वं तत्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

हे अर्जुन ! मानसम्मान नचाहने, अहंकार नभएको, अहिंस्रक, सहनशील, सहजता, गुरुको शरण, पवित्रता, स्थिरता, आत्मसंयम, ऐन्द्रिक विषयहरूको त्याग, मनबाटै अहंकारको त्याग, जन्म, मृत्यु, वृद्धावस्था र रोगका कारण उत्पन्न हुने दुःखहरूको जानकारी, सन्तान, पत्नी, घर इत्यादि संसारको जन्जालबाट उन्मुक्ति, असल-कमसल घटनाप्रति अरुचि, ममा अचल भक्तिभाव, एकान्तमा बसेर भक्ति गर्ने चाहना, भीडबाट टाढा रहने इच्छा, हरहमेशा आध्यात्मिकताप्रति अभिरुचि, परम्तत्वको दार्शनिक ज्ञानप्रति जिज्ञासा जस्ता विषयहरू मेरा लागि ज्ञानका विषय हुन् भने त्यस बाहेकका विषयवस्तुहरू अज्ञानका सम्वाहक हुन भनेर बुझ । ७-११ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

अब म तिमीलाई जान्नैपर्ने तत्वका बारेमा भन्छु जुन विषय जानेपछि अमृतत्व प्राप्त गर्नेछौ । त्यो मेरो ब्रह्म रुप आदि, अन्त्य र मध्यरहित छ, जसमा सबैथोक छ र छैन पनि ।१२।

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

त्यस ब्रह्मका हात, पाउ, आँखा, शिर, अनुहार र कानहरू सबैतिर छरिएर रहेका छन् । यस्तो त्यो ब्रह्मतत्व सबैतिर हरेक वस्तुमा व्याप्त छ ।१३।

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

त्यो ब्रह्मतत्व इन्द्रियहरूको स्रोत भएर पनि इन्द्रियरहित छ, समस्त जीवको पालन भएर पनि अनासक्त छ र प्रकृतिको असली स्वामी भएर पनि प्रकृतिका दोषहरूबाट मुक्त छ ।१४।

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

त्यो परमतत्व समस्त विश्वका प्राणीहरूमा अनुस्यूत भएर पनि बाहिर छ, टाढा भएर पनि अति–समिप छ र ज्यादै महत्वपूर्ण भएकाले सहज रुपले देख्न नसकिने छ ।१५।

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

त्यो परमतत्व विभाजित जस्तो देखिए तापनि अविभक्त छ, एकल छ र समस्त प्राणीजगतको सृजनहार, पालनकर्ता भएर पनि सबैको विनाश गर्छ ।१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

त्यो ब्रह्मतत्व समस्त प्रकाशवान् वस्तुहरूको प्रकाशकीय स्रोत हो । ऊ नै प्रमुख ज्ञानको विषय, स्रोत र जान्नैपर्ने तत्व हो। ऊ नै समस्त प्राणीका हृदयमा विद्यमान छ ।१७।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

यसरी मैले क्षेत्र, ज्ञान र ज्ञेयका विषयमा संक्षिप्त रुपमा वर्णन गरें। मेरा भक्तहरूले मात्र यसलाई राम्ररी बुझ्न सक्छन् र मसँग भावनात्मक सम्बन्ध गाँस्छन् ।१८।

प्रकृतिं पुरुषं चैव विद्धयनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसम्भवान् ॥१९॥

प्रकृति एवं पुरुष दुवैलाई अनादि हुन् भनेर बुझ र यिनमा रहेका गुण र विकारहरू मूलतः प्राकृतिक नै भएको जान ।१९।

कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरूच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

सृष्टिको प्रमुख कर्ता र कारण प्रकृति हो भने पुरुष संसारिक सुख, दुःखको उपभोक्ताका रुपमा रहेको बुझिन्छ ।२०।

पुरुषः प्रकृतिस्थो हि भुंक्ते प्रकृतिजान्गुणान् ।
कारणं गुणसङ्गोस्य सदसद्योनिजन्मसु ॥२१॥

पुरुषले प्राकृतिक जगतभित्र रहेर प्रार्कृतिक गुणहरूको उपभोग गरिरहेको हुन्छ र त्यसै कारणले विंभिन्न योनिमा गएर राम्रा–नराम्रा गुण दोषको भागिदार बन्छ ।२१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपद्रष्ट्यनुमन्ता च भर्ता भोक्ता महेश्वरः।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

यो शरीरभन्दा बाहिर पनि एउटा भोक्ता छ जुन साक्षी, अनुमन्ता, भोक्ता, पालनकर्ता, महेश्वर र परमात्माका रुपले चिनिन्छ ।२२।

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

जसले प्रकृति, त्यसका गुणहरू र पुरुषबीचको सम्बन्धलाई राम्रो बुझ्दछ, उसले पुनर्जीवन लिनुपर्दैन र मोक्ष प्राप्त गर्छ ।२३।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना।
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

केहीले ध्यानका माध्यमबाट अन्तरात्मामा परमात्माको दर्शन गर्छन् केहीले ज्ञानका माध्यमबाट, केहीले साङ्ख्ययोग र केहीले कर्मयोगको माध्यमबाट ब्रह्म साक्षात्कार गर्दछन् ।२४।

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

जसले परमात्मालाई जान्दैनन्, तिनले अरुबाट सुनेर ब्रह्मको उपासना गर्छन् । यिनले सुनेरै भए तापनि जन्ममृत्युको चक्रबाट छुट्कारा पाउँछन् ।२५।

यावत्संजायते किंचित्सत्वं स्थावरजंगमम्।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

हे अर्जुन ! यो विश्वमा तिमीले जे-जति चर-अचर प्राणीहरू देखिरहेका छौ, ती सबै क्षेत्र र क्षेत्रज्ञको मिलनबाट उत्पन्न भएका हुन् भन्ने कुरा बुझ । २६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यःपश्यति स पश्यति ॥२७॥

जसले शरीरको जीव र परमात्मालाई एउटै देख्छ, नाशवान्मा अविनाशी तत्त्वको दर्शन गर्छ, उसले नै वास्तविक अर्थात् परमसतयको साक्षात्कार गरेको हुन्छ ।२७।

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

जसले ब्रह्मतत्त्वलाई समान रुपले सबै ठाउँमा व्याप्त भएको अनुभव गर्छ, ऊ पथभ्रष्ट हुँदैन र त्यसैबाट उसले परमगति प्राप्त गर्छ ।२८।

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

जसले प्राकृतिक शरीरले समस्त कर्महरू गरिरहेको र आत्मालाई अकर्ता भएको बुझ्दछ, असलमा त्यही नै सत्यको साक्षात्कारकर्ता हो ।२९।

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥३०॥

जव कुनैले फरकफरक वस्तुहरूमा एकत्व अनुभूत गर्दै सबै ठाउँमा त्यही ब्रह्मतत्व छरिएर रहेको अनुभव गर्छ, उसले ब्रह्मभाव प्राप्त गर्छ ।३०।

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

त्यो ब्रह्मतत्व आरम्भरहित र प्राकृतिक प्रभाव परे अच्युत–आत्मा हो। ऊ शरीर भएर पनि शरीररहित छ, न त्यो कुनै शरीरको सृजना हो र न ता ऊ कुनै वस्तुमा लिप्त छ।३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

आकाश सर्वव्यापी भएर पनि सूक्ष्मताका कारण कहीँ बाँधिदैन त्यसरी नै आत्मा सबै ठाउँमा व्याप्त भए तापनि शरीरसँग ऊ लिप्त हुँदैन ।३२।

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

हे अर्जुन ! जसरी एउटा सूर्यले नै समस्त विश्वलाई प्रकाशित गर्छ, त्यसरी नै शरीरमा रहेको शरीरको स्वामी आत्माले समग्र शरीरलाई प्रकाशित गर्छ ।३३।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

ज्ञानका आँखाबाट शरीर र शरीरका बीचमा रहेको सम्बन्धलाई बुझ्ने र प्राकृतिक बन्धनबाट स्वतन्त्रता प्राप्त गर्न जान्ने विद्वानले मोक्ष प्राप्त गर्दछन् ।३४।

ॐ तत्सदितिश्रीमद्भगवद् गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे क्षेत्रक्षेत्रज्ञविभागयोगो नाम त्रयोदशोऽध्यायः ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - चौध

प्रकृतिका तीनवटा गुण

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

श्रीभगवान्‌ले भन्नुभयो - अब म तिमीसँग ज्ञानहरूमध्ये सबैभन्दा महत्वपूर्ण ज्ञानका बारेमा भन्दैछु, जसलाई बुझेर सम्पूर्ण मुनिहरूले संसारबाट मुक्ति प्राप्त पाएका थिए ।१।

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

धेरै मानिसहरूले यस ज्ञानको आश्रय लिएर मेरो अङ्ग सरह भएर मसँग जोडिए। अब सृष्टि हुँदा तिनको पुनर्जन्म हुनेछैन प्रलयले तिनको विनाश गर्नेछ ।२।

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।
संभवः सर्वभूतानां ततो भवति भारत ॥३॥

हे अर्जुन ! विशाल ब्रह्मतत्त्व नै सृष्टिको प्रमुख कारण हो र त्यसलाई मैले गर्भ धारण गराउँछु। त्यसैबाट समस्त जीवात्माहरूको जन्म हुन्छ ।३।

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥

हे कुन्तिपुत्र ! जीवको कहींकतै र जुनसुकै योनिमा जन्म भए तापनि तिनको स्रोत र बीजप्रदाता आदिपिता म नै हुँ ।४।

सत्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे लामा लामा हात भएका अर्जुन ! प्रकृतिबाट उत्पन्न भएका सत्व, रज र तम जीवलाई शरीरमा बाँधेर देहधारी बनाउँछन् ।५।

तत्र सत्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसंगेन बध्नाति ज्ञानसंगेन चानघ ॥६॥

हे पापरहित अर्जुन ! सत्वगुण अरु गुणहरूभन्दा पवित्र, प्रकाशवान् र मानिसलाई पापहरूबाट मुक्त गराउन मद्दत गर्छ। यस गुणको प्रधानता भएको मानिस सुख र ज्ञानका कारण संसारमा बाँधिन्छ ।६।

रजो रागात्मकं विद्धि तृष्णासंगसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसंगेन देहिनम् ॥७॥

हे कुन्तिपुत्र अर्जुन ! रजोगुण रागप्रधान हुन्छ र त्यसबाट तृष्णा, मोह इत्यादिको जन्म हुन्छ। यिनै कर्म र तिनका प्रभावका कारण जीव बन्धनमा पर्छ ।७।

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

हे भरतवंशी अर्जुन ! अज्ञानताका कारण उत्पन्न तमोगुण नै जीवको मोह हो। यसले जीवलाई विमूढ, आलसी र निद्रित बनाएर बन्धनमा पार्छ ।८।

सत्वं सुखे संजयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

हे भरतवंशी अर्जुन ! सत्वले सुख, रजले कर्म र तमोगुणले जीवलाई भ्रमित बनाएर बन्धनमा पार्छन् ।९।

रजस्तमस्चाभिभूय सत्वं भवति भारत ।
रजः सत्वं तमश्चैव तमः सत्वं रजस्तथा ॥१०॥

हे भरतबंशी अर्जुन ! कहिले सत्वगुण, कहिले रजोगुण र कहिले तमोगुणले जीवमा स्वामित्व जमाउन सङ्घर्ष गरिरहन्छन्। कहिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनैले जित्छ त कहिले कुनै हार्छ, यो प्रतिस्पर्धा चलिरहन्छ ।१०।

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्वमित्युत ॥११॥

जब शरीरका सबै ढोकाहरु ज्ञानरुपी किरणले प्रकाशित हुन्छन्, त्यसबेलामा सत्वगुण प्रभावकारी भएको बुझ्नुपर्छ ।११।

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

हे अर्जुन ! जीवनमा रजोगुणको प्रधानता हुँदा लोभ बढ्छ, कर्म गर्न अभिरुचि हुन्छ, इच्छाहरू बढ्छन् र आसक्ति बढ्छ ।१२।

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

हे कुरुनन्दन ! तमोगुणको प्रधानता हुँदा जीवनमा प्रकाशको अभाव, जडता, उन्मत्तता र मोहजस्ता तत्त्वहरु देखा पर्छन् ।१३।

यदा सत्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

सत्वगुणको वर्चस्व हुँदा कुनै जीवको मृत्यु हुन्छ भने त्यस जीवले सर्वोत्तम, पापरहित र महान्–लोक प्राप्त गर्छन् ।१४।

रजसि प्रलयं गत्वा कर्मसंगिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

रजोगुणको प्रधानता भएको बेलामा कुनै जीवले शरीरलाई छोड्छ भने उसले कर्मीहरूका बीचमा जन्मिन्छ र तमोगुणमा मर्नेहरू मूढ योनी (पशु वा रुख इत्यादिमा) जान्छन् ।१५।

कर्मणः सुकृतस्याहुः सात्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकृत कर्मको फल शुभ हुन्छ र त्यो सात्विक हुन्छ, रजले दुःख जन्माउँछ भने तमोगुणले अज्ञानतालाई जन्म दिन्छ ।१६।

सत्त्वात्संजायते ज्ञानं रजसो लोभ एव च ।
प्रमामोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

सत्वगुणबाट ज्ञान, रजोगुणबाट लोभ र तमोगुणबाट प्रमाद, मोह, अज्ञान इत्यादि उत्पन्न हुन्छन् ।१७।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

सत्वोगुणीहरू माथिल्लो लोकमा जान्छन्, रजोगुणीहरू मध्यलोकमा घुम्छन् र तमस् स्वभाव भएका जीवले अधोलोकतिर जन्म ग्रहण गर्छन् ।१८।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्ट्यनुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

जब बुद्धिमान् जीवले समस्त विश्वमा केवल प्रकृति र त्यसका गुणहरूको शासन चल्छ भन्ने कुरा बुझ्दछ उसले नै गुणहरूबाट पर रहेको परमतत्त्वलाई जान्दछ र अन्त्यमा मैलाई प्राप्त गर्छ ।१९।

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

जुन मनुष्यले तीनवटा गुणहरु उपर विजय प्राप्त गर्छ, ऊ जन्म, मृत्यु, बृद्धावस्था र अन्य सांसारिक दुःखहरूबाट मुक्त भई अमरत्व प्राप्त गर्न सफल हुन्छ ।२०।

अर्जुन उवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्जुनले भने- हे प्रभो ! मानिस त्रिगुणको प्रभावबाट मुक्त छ भनेर चिन्ने लक्षणहरू के हुन्, यस्तो मानिसको आचरण कस्तो हुन्छ र उसले प्राकृतिक गुणहरूबाट कसरी छुट्कारा पाउँछ ? ।२१।

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि कांक्षति ॥२२॥

श्रीभगवान्ले भन्नुभयो -हे अर्जुन ! जसले प्रकाश, आसक्ति र मोह जस्ता विषहरू आइलाग्दा तीप्रति घृणा, शत्रुता गर्दैन र तिनमा आसक्ति पनि राख्दैन ।२२।

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥

प्रकृतिका सबै क्रिया-प्रतिक्रियाहरूमा अविचलित रहन्छ, उदासीन रहन्छ र परिवर्तनलाई गुणहरूको विकार ठानेर तीप्रति आशक्त हुँदैन ।२३।

समदुःखसुखः स्वस्थः समलोष्ट्यश्मकांचनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

दुःख-सुखमा एकसमान रहन्छ, सुन र माटेलाई एकैनास मान्छ, जसका लागि प्रिय र अप्रिय समन छन्, निन्दा-स्तुतिले विचलन उत्पन्न गर्दैन ।२४।

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

जसका लागि मान-अपमान, शत्रु-मित्र सबै समान छन् र कुनै पनि कर्म आरम्भ गर्ने चाहना नभएको मानिस गुणातीत हुन्छ ।२५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मां च योऽव्यभिचारेण भक्तियोगने सेवते।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

जसले हरेक परिस्थितिमा अविचलित भावले मेरो भक्ति गरिरहन्छ, त्यस्तो मानिसले यी गुणहरूको जन्जाल पार गरेर सजिलैसँग ब्रह्मपद प्राप्त गर्छ।२६।

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

अमृत, अविनाशी, अव्यय एवं एकान्त–सुखको स्रोत ब्रह्मतत्त्वको आधार पनि म नै हुँ अर्थात् निराकार ब्रह्म ममा आश्रित छ।२७।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे गुणत्रयविभागयोगो नाम चतुर्दशोऽध्यायः ॥१४॥

"हरेक व्यक्ति आफ्नो शत्रु र मित्र आफै हुन्छ। धार्मिक मर्यादाहरूलाई अन्धविश्वास भन्दै जथाभावी गर्ने व्यक्तिहरूको वर्तमान जीवन मानसिक तनावहरूले भरिएको हुन्छ भने मृत्युपछिको जीवन दुःखमय हुन्छ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - पन्ध्र

पुरुषोत्तम योग

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

माथितिर जरा भएको, तलतिर हाँगाबिँगा फिँजिएको वेदका छन्दहरू पातहरू भएको एउटा अविनाशी पीपलको रुख छ, जसले त्यस रुखलाई जान्दछ उही वेदको जानकार हुन्छ ।१।

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा गुणप्रवृद्धा विषयप्रवालाः ।
अधश्च मूलान्यनुसंततानि कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

यस रुखका हाँगाबिँगा माथितिर फैलिएका छन् । यसको हेरविचार त्रि–गुणबाट भएको छ। विषय सुखहरु यसका हाँगा हुन् । यस रुखका जराहरू तलतिर फैलिएका छन् र समस्त मरणशील मानिसहरू आफ्ना कर्म बन्धनबाट बाँधिएका छन् ।२।

न रूपमस्येह तथोपलभ्यते नान्तो न चादिर्न च सम्प्रतिष्ठा ।
अश्वत्थमेनं सुविरुढमूल–मसङ्गशस्त्रेण दृढेन छित्वा ॥३॥

मनुष्यले त्यस रुखको परिवर्तितलाई देख्न सक्छ न ता त्यसको आरम्भलाई। यस पीपलको आदि–अन्त्य कहाँ छ भन्ने कुरा अज्ञातस्थलमा छ । वैराग्यरुपी शस्त्रले यसका गहिरा जराहरू काटेर ।३।

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसूता पुराणी ॥४॥

त्यसपछि त्यस महान् तत्त्वको खोजी गर्नुपर्छ जसलाई प्राप्त गरेपछि फेरि यस संसारमा फर्किनु पर्दैन । त्यस्तो ठाउँमा पुगेर मानिसले म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो परम पदको शरण पर्छु जहाँबाट समस्त सृष्टिको सुरुको धारा आरम्भ हो भन्न सकिन्छ।४।

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

जो अभिमान, मोह र नराम्रो सङ्गतबाट मुक्त छन्, जो कामवासना, मानसिक द्वन्द्व सुख–दुःख नामक संवेदनाबाट मुक्त भई अध्यात्ममा भिजेका छन्, ती ज्ञानीहरूले त्यो अव्यय ठाउँ प्राप्त गर्छन् ।५।

न तद्भासयते सूर्यो न शशांको न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

त्यो मेरो दिव्य धाम सूर्य, चन्द्र र आगोको प्रकाशले प्रकाशित नभई मेरो महिमाले प्रकाशित छ, जहाँ पुगेपछि पुनः संसारमा फर्किनु पर्दैन ।६।

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

मेरो सूक्ष्म झिल्का नै यस संसारमा सनातन जीवका रुपमा प्रकट हुन्छ र मन–सहित छ प्रकारका इन्द्रियहरूको बन्धनमा परेर प्राकृतिक गुणहरूमा रुमल्लिन पुग्छ ।७।

शरीरं यदवाप्नोति यच्चाप्युतक्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

वायुले विभिन्न प्रकारका गन्धलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याए झैँ शरीरको स्वामी जीवले अनेक थरिका जीवनहरू छोड्छ र धारण गर्छ ।८।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

यस जीवले मनको वरिपरि रहेर कान, आँखा, छाला, जिब्रो र नाकका माध्यमबाट सांसारिक विषयहरूको उपभोग गर्दछ ।९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्क्रामन्तं स्थितं वापि भुंजानं वा गुणान्वितम्।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

मायामा परेका जीवहरूले कसरी शरीर त्यागिन्छ र कस्तो शरीरमा रहेर जीवले प्राकृतिक गुणहरूको उपभोग गरिरहेको हुन्छ भन्ने रहस्य बुझ्दैनन् तर ज्ञानीले यो सबै कुरा आफ्नो ज्ञान-दृष्टिबाट बुझिरहेको हुन्छ ।१०।

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम्।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

आत्म-साक्षत्कारमा प्रयत्नरत योगीहरूले यो कुरा राम्रैसँग देख्न सक्छन् तर अपरिपक्व र ज्ञान अविकसित भएकाले यो तथ्य देख्न सक्दैनन् ।११।

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम्।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

विश्वको अन्धकार नाश पार्ने सूर्यको प्रकाश, अग्निको दाहकत्व, चन्द्रमाका सुन्दर किरणहरू मेरै भएको बुझ ।१२।

गामाविश्य च भूतानि धारयाम्यहमोजसा।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥

हरेक जीवका भित्र प्रवेश गरेर मैले आफ्नो तेजले तिनलाई धारण गर्छु। म चन्द्रमा भएर समस्त औषधिहरूलाई औषधीय गुण दिन्छु ।१३।

अहं वैश्वानरो भूत्वा प्राणिना देहमाश्रितः।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

म समस्त जीवहरूको शरीरमा वैश्वानर नामक अग्निका रुपमा प्राणवायु बनेर चार प्रकारका अन्नलाई पचाउँछु ।१४।

सर्वस्य चाहं हृदि संनिविष्ठो मत्तः स्मृतिर्ज्ञानमपोहनं च।
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म समस्त जीवका हृदयमा विद्यमान छु। मबाट नै स्मृति, ज्ञान र विस्मृतिहरू आउँछन्। वेदहरूका माध्यमबाट मलाई नै चिनिन्छ भने वेदान्तको रचयिता र वेदहरु विज्ञ पनि म नै हुँ।१५।

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

यस संसारमा नाशवान् र शाश्वत गरी दुई प्रकारका जीव छन्। भौतिक जगतका जीवहरू नाशवान् हुन्छन् भने आध्यात्मिक जगतका जीवहरू अविनाशी हुन्छन्।१६।

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

यी दुवै बाहेक एउटा उत्तम अविनाशी परमात्मा हुनुहुन्छ, जसले तीनै लोक भित्र रहेर ईश्वरका रूपमा समस्त जीवहरूको लालन-पालन गरिरहनुहुन्छ।१७।

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः॥१८॥

मेरो स्वरुप सर्वश्रेष्ठ छ। म शाश्वत र अशाश्वत भन्दा पर छु। यस संसारमा म परम पुरुष कहलाउँछु भने वेदहरू पनि मलाई उत्तम पुरुषका रुपमा चिन्छन्।१८।

यो मामेवमसंमूढो जानाति पुरुषोत्तम्।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

जसले मोहरहित भएर मलाई नै पुरुषोत्तमका रुपमा चिन्दछ, हे अर्जुन ! यस्तो सर्वज्ञाताले समग्र रुपमा सधैं-सधैं मेरो आराधना गर्छ।१९।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।
एतद् बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे पापरहित अर्जुन ! यसरी तिम्रो लागी मैले यो गोपनिय शास्त्र प्रकट गरें। यसलाई राम्रोगरी बुझ्ने बुद्धिमान कहलाउँछ भने त्यसले गरेका सम्पूण कार्यहरू भरिपूर्ण भएको ठहरिन्छ।२०

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे पुरुषोत्तमयोगो नाम पञ्चदशोऽध्यायः ॥१५॥



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - सोह्र

दैवी र आसुरी स्वभाव

श्रीभगवानुवाच

अभयं सत्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुपत्वं मार्दवं ह्रीरचापलम् ॥२॥
तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३॥

श्रीभगवानले भन्नुभयो – हे भरत ! नडराउनु, आत्मिक– पवित्रता, ज्ञान, दान, आत्म–संयम, यज्ञ, स्वाध्याय, तप, सहजता, अहिंसा, सत्यशीलता, अक्रोध, त्याग, शान्तिशीलता, अर्काको कुरा काट्न नरुचाउनु, प्राणीमाथि दया, लोभ नगर्नु, शालीनता, लजालुपन, दृढ संकल्प, तेज, क्षमाशीलता, धृति, पवित्रता, अर्काको कुभलो नचिताउनु, धेरै मान–सम्मानको चाहना नगर्नु इत्यादि दैवी गुणहरू केवल देवताको स्वभाव भएका मानिसमा हुन्छन् ।१–३।

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥४॥

हे पृथापुत्र ! अहंकार, घमण्ड, रिस, रुखो बोली र अज्ञान यी सबै गुणहरू आसुरी स्वभाव भएका मानिसमा स्वतः पाइन्छन् ।४।

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

दैवी गुणहरू मोक्षका लागि हुन्छन् भने आसुरी गुणहरु बन्धनका लागि । हे अर्जुन ! तिमी दैवीगुणसँग जन्मेको हुनाले चिन्ता नगर ।५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वौ भूतसर्गो लोकेऽस्मिन्दैव आसुर एव च।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ॥६॥

हे पार्थ ! यस संसारमा दैवी र आसुरी गरी दुई थरीका प्राणी छन्। दैवी स्वभावका बारेमा मैले भनिसकेको छु भने अब मबाट आसुरी स्वभावका बारेमा सुन ।६।

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

आसुरी स्वभाव भएका मानिसले कर्तव्य के हो र अकर्तव्य के हो ? भन्ने कुरा जानेका हुँदैनन्। उनीहरूमा पवित्रता, सदाचार र सत्यशीलाको अभाव हुन्छ ।७।

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम्।
अपरस्परसम्भूतं किमन्यत्कामहैतुकम् ॥८॥

उनीहरूले भगवान्को अस्तित्व मान्दैनन् र समस्त विश्वलाई कामवासनाको उपज भएको ठान्छन् ।८।

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

यस्ता नास्तिक विचार मानेर ती अल्पज्ञानीहरू आफूसहित समस्त संसारलाई समाप्त पार्ने र अहित गर्ने काममा लागिपर्छन् ।९।

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः।
मोहाद् गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः॥१०॥

कहिल्यै नपुग्ने कामवासनाका खातिर अभिमान, बडप्पन र झुठो–प्रतिष्ठा लिएर क्रियाशील हुन्छन् नराम्रो काम गर्न प्रेरित हुन्छन् ।१०।

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिता ः॥११॥

(आसुरी स्वभाव भएका मानिसहरू) – यौन–चाहना पूरा गर्नु नै जीवनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख लक्ष्य हो, भन्ने मान्यतामा दृढ हुन्छन् भने यसै कारण महाप्रलयको बेलासम्म पनि तिनलाई चिन्ताले छोड्दैन ।११।

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसंचयान् ॥१२॥

लाखौं प्रकारका आशारुपी फन्दामा बाँधिएर र कामवासनाका लागि मरिहत्ते गर्दै र रिस गर्दै त्यसैका लागि अन्यायपूर्वक धन सङ्ग्रह गर्छन् ।१२।

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

आसुरी स्वभाव भएका मानिसहरूले आज मैले यति कमाएँ र यसबाट फलानो इच्छा पूरा हुनेछ र यसो गरैं भने मैले पुनः धन कमाउनेछु ।१३।

असौ मया हतः शत्रुर्हनिष्ये चापरानापि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलनान्सुखी ॥१४॥

त्यो मेरो शत्रु हो र त्यसलाई मैले मारे र अरुलाई पनि मार्नेछु। म ईश्वर हुँ, म बलियो छु मसँग सबै प्रकारको सुख छ र मैले चिताएको सबै पुग्छ ।१४।

आद्योऽभिजनवानस्मि कोऽन्योस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

मेरो सबै नातागोता खानदानी छन्, म जस्तो अरु कुनै छैन। मैंले यज्ञ गर्नेछु, दान दिनेछु र रमाईलो गर्नेछु – अज्ञानका कारण मोहित भएर यसो भन्ने गर्छन् ।१५।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

यसरी अनेकथरीका चिन्ताले पिरोलिएका, मोहरुपी फन्दामा फँसेका र कामवासनाप्रति ज्यादै आसक्त हुनेहरू अपवित्र नरकमा पर्छन् ।१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मसंभाविताः स्तब्धा धनमान मदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

आफैँलाई मपाइँ ठान्ने, धन एवं मानका कारण ज्यादै घमण्डीहरूले झुटे सानका लागि विना विधि-विधान ठूला-ठूला यज्ञहरूको आयोजना गर्छन् ।१७।

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

अहंकारी, बलवान्, घमण्डी, यौन-इच्छायुक्त र रिसाहा स्वभावको मानिसले आफूभित्र रहेको म (ईश्वर) सँग डाह र निन्दा गर्छ ।१८।

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

म सँग डाह गर्ने र क्रूर स्वभाव भएका नराधमलाई मैले सधैँ-सधैँ आसुरी योनिहरूमा पठाइदिन्छु ।१९।

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

के कुन्तिपुत्र ! बारम्बार आसुरी योनिमा जानेले मलाई पाउन सक्दैनन् र फेरि तल्लोस्तरको जीवन प्राप्त गर्छन् ।२०।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

यौन चाहना, रिस र लोभ यी तीनवटा नरकका ढोका हुन् । यिनले मानिसलाई आत्म-पतनतिर लैजाने हुँदा यिनलाई त्याग्नुपर्छ ।२१।

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

हे कुन्तिपुत्र - नर्कका यी तीनवटा ढोकाबाट जो जोगिन सक्छ, उसैले आफूलाई असल हुने काम गर्न सक्छ, यसैबाट उसले मोक्ष पाउँछ ।२२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

जसले शास्त्रीय विधानलाई छोडेर स्वेच्छाचारी तवरले कर्म गर्छ, उसले न सिद्धि प्राप्त गर्छ न सुख र न मोक्ष नै प्राप्त गर्छ।२३।

तस्माचछास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

त्यसैले शास्त्रीय आधारमा गर्न हुने र गर्न नहुने कार्यहरू छुट्याउनु पर्छ र ती विधानलाई राम्ररी बुझेर सोही अनुरुप कर्म गर्नुपर्छ।२४।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे दैवासुरसंपद्विभागयोगो नाम षोडषोऽध्यायः ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - सत्र

श्रद्धाका प्रकारकाहरु

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्वमाहो रजस्तमः ॥१॥

अर्जुनले भने – हे कृष्ण ! जसले शास्त्रीय विधान छोडेर श्रद्धापूर्वक पूजा–आराधना गर्छन्, तिनको यो कर्म सत्व, रज वा तम के हुन्छ ? ।१।

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्विकी राजसी चैव तामसी चेति तां श्रृणु ॥२॥

भगवान्‌ले भन्नुभयो – देहधारीको प्राकृतिक स्वभाव अनुसार उसको श्रद्धा पनि सत्व, रजस् र तामस् गरी तीन थरीको हुन्छ। यस विषयमा सुन ।२।

सत्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः॥३॥

हे भरत ! आफ्नो प्राकृतिक स्वभाव अनुसार हरेकको आफ्नै आस्था हुने गर्छ र यस्तो श्रद्धा आर्जित हुन्छ ।३।

यजन्ते सात्विका देवान्यक्षरक्षांसि राजसाः ।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

सत्वोगुणीले देवताको पूजा–आराधना गर्छन्, रजोगुणीले राक्षस आदिको आराधना गर्छन् भने तमोगुणीले भूतप्रेतको पूजाआजा गर्दछन् ।४।

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

जसले दम्भ र अहंकारले भरिपूर्ण भएर शास्त्रीय मर्यादा पालन नगरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम, राग तथा बलले मातेर घोर तपस्या गर्छन् ।५।

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ।
मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

अनि, आफ्नो अन्तरात्माभित्र रहेका जीव-समूह र म परमात्मालाई दुःख दिन्छन् त्यस्ता मूर्खहरूलाई असुर भनेर जान्नुपर्छ ।६।

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ॥७॥

सबै प्राणीहरूको भोजन पनि तिनको प्रकृति अनुसार हुन्छ भने यही नियम यज्ञ, तपस्या र दानमा समेत लागु हुन्छ । अब यसको भेद सुन ।७।

आयुः सत्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।
रस्या स्निग्धाः स्थिरा हृद्या आहाराः सात्विकप्रियाः ॥८॥

जुन भोजनले आयु, सत्व, बल, निरोगिता, सुख र प्रेम बढाउँछ र जुन रसयुक्त, केही चिल्लो, हितकारी, स्वास्थ्यदायी र हृदयलाई आनन्द दिन्छ, यस्तो भोजन सात्विक प्रकृतिका मानिसलाई मन पर्छ ।८।

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्ट्या दुःखशोकामयप्रदाः ॥९॥

तीतो, अमिलो, चर्को, तातो, तीखो र मुख पोल्ने भोजन राजसी मानिसलाई मन पर्छ र यस्तो भोजनले दुःख, शोक र रोग उत्पन्न गर्छ ।९।

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

वासी, स्वाद बिग्रेको, गन्हाएको, बिग्रिएको, जुठो र छुन पनि घिन लाग्ने भोजन तमोगुणी मानिसलाई मन पर्छ ।१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अफलाकांक्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते।
यष्टव्यमेवेति मनः समाधाय स सात्विकः ॥११॥

फलको आशा नराखी केवल शास्त्रीय कर्तव्य पूर्तिका लागि गरिने यज्ञ सात्विक हुन्छ।११।

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत्।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

हे भरतश्रेष्ठ ! अहंकार एवं दम्भपूर्तिका निमित्त गरिने यज्ञ राजसी हुन्छ भनेर बुझ।१२।

विधिहीनमसृष्टान्नं मंत्रहीनमदक्षिणम्।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

विधिहीन, विना अन्न, मन्त्र नपढीकन, दक्षिणा बिना र श्रद्धाहीन भएर सम्पन्न गरिने यज्ञ तामसी हुन्छ।१३।

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम्।
ब्रह्मचर्यमहिंसा च शरीरं तप उच्यते ॥१४॥

देवता, द्विज, गुरु, आमाबाबुको सम्मान गर्नु र पवित्रता, सरलता र ब्रह्मचर्य पालना गर्नु शारीरिक तपस्या हो।१४।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत्।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

सत्यता, प्रेममय, हितकारी, अरुलाई नराम्रो नलाग्ने वचन बोल्नु र शास्त्र-अध्ययनको अभ्यास गर्नु वाणीको तपस्या हो।१५।

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

मनको प्रसन्नता, सरलता, मौनता, आत्म-संयम र भावमा शुद्धता यी सबै मनका तपस्या हुन्।१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः।
अफलाकांक्षिभिर्युक्तैः सात्विकं परिचक्षते ॥१७॥

तपस्या पनि तीन थरीका हुन्छन् जसमा श्रद्धापूर्वक, फलको इच्छा नगरी र भगवानको चिन्तन गर्दै गरिने तपस्या सात्विक हुन्छ ।१७।

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत्।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥

आदर–सम्मान र पूजा पाउनका लागि अहंकार पूर्वक गरिने तपस्यालाई राजसी तपस्या भनिन्छ भने यस्तो तपस्या अस्थायी र क्षणिक हुन्छ ।१८।

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः।
परस्योत्सादनार्थं वा तत्तमसमुदाहृतम् ॥१९॥

मूर्खतावश आफैँलाई दुःख दिएर अरुलाई नोक्सान पुऱ्याउन वा अर्काको नाश गर्नका लागि जुन तपस्या गरिन्छ, त्यसलाई तामसिक तपस्या भनिन्छ ।१९।

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

कुनै प्रकारको उपकारको आशा नराखी, केवल कर्तव्य सम्झेर ठीक ठाउँमा, ठीक समयमा र सही पात्रलाई प्रदान गरिने दानलाई सात्त्विक मानिन्छ ।२०।

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥

सट्टामा केही पाउने आशा राखेर बिना मनले दिइएको दान राजसी हुन्छ ।२१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

अपवित्र स्थानमा, असमयमा, अयोग्य मानिसलाई, नजानिकन र विना आदर प्रदान गरिएको दान तामसी हुन्छ।२२।

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

ॐ तत्-सत् यी तीन शब्दले ब्रह्मका तीन गुणतिर निर्देशन गर्छन् । ब्राह्मणहरुले यज्ञ गर्दा, ब्रह्मलाई प्रसन्न पार्न यी वैदिक मन्त्रहरु प्रयोग गर्छन् ।२३।

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

त्यसैले ब्रह्म प्राप्तिका लागि योगीहरुले वैदिक-विधि अनुसार यज्ञ, दान र तप आरम्भ गर्दा सधैं ॐकारबाट गर्छन् ।२४।

तदित्यनभिसंधाय फलं यज्ञतपः क्रियाः ।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकांक्षिभिः ॥२५॥

मोक्षप्राप्तिको इच्छा भएका मानिसले कर्मफलको इच्छा नराखी थरिथरिका यज्ञ, तप र दानहरु सम्पादन गर्दा तत् शब्दको उच्चारण गर्नुपर्छ ।२५।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ॥२६॥

हे पार्थ ! अरुमा सद्भाव प्रकट गर्न, कसैका कामको प्रशंसा गर्न होस् वा साधुवाद दिन तत्-सत् शब्द नै प्रयोग गरिन्छ ।२६।

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैगरी यज्ञ, दान र तपस्याको मूलतत्त्व पनि सत् नै हो भन्ने परमेश्वरका लागि गरिने कर्महरूको सार पनि सत् नै भएको मानिन्छ ।२७।

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

हे पार्थ ! विना श्रद्धा गरिने दान, हवन तपस्याहरू ब्यर्थ हुन्छन् यस्ता कर्महरू असत् हुन्छन् र यी यस लोकमा र परलोकमा समेत बेकार ठहरिन्छन् ।२८।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशोऽध्यायः ॥१७॥

"हरेक व्यक्तिमा सात्विक, राजसिक र तामसिक गुणहरू विद्यमान हुन्छन् । सात्विक गुणहरूको प्रवर्धनले जीवन सरल, शान्त र सन्तोषमय हुन्छ । राजसिक गुणहरूको प्रवर्धनले भौतिक सुखको आभास हुन्छ भने तमोगुणको प्रवर्धनले वर्तमान जीवन नै दुःखमय बन्छ ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय - अठार

सन्यासयोग

अर्जुन उवाच

संन्यासस्य महाबाहो तत्वमिच्छामि वेदितुम्।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ॥१॥

अर्जुनले भने : हे महाबाहु ! मलाई सन्यासको सारतत्व भन्नुहोस्। हे ऋषिकेश ! त्यागको मूल प्रयोजन बारे पनि बताउनु होस् ।१।

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं सन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥

श्रीभगवान्ले भन्नुभयो : विद्वान्हरूले सांसारिक कर्महरूको परित्यागलाई सन्यास भनेका छन् भने समस्त कर्मको फलासा छोड्नुलाई त्याग भनेका छन् ।२।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ॥३॥

एकथरी विद्वानहरूले हरेक कर्म ब्यवधानकारी हुन्छ भन्ने ठानेर सबै कर्मबाट संन्यास लिनुपर्छ भन्छन् भने अरु केहीले यज्ञ, दान र तपस्या जस्ता कर्मलाई कदापि छोड्नुहुन्न भन्छन् ।३।

निश्चयं श्रृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः सम्प्रकीर्तितः ॥४॥

हे अर्जुन ! अब त्यागका विषयमा मेरो अभिमत सुन । हे पुरुषश्रेष्ठ शास्त्रमा तीन थरीका त्यागका बारेमा वर्णन गरिएको छ ।४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत्।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

यज्ञ, दान, तपस्या जस्ता कर्महरू छोड्न हुन्न, यी गर्नै पर्ने हुन् र यिनले मानिसलाई पवित्र तुल्याउँछन् ।५।

एतान्यपि तु कर्माणि संगत्यक्त्वा फलानि च।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

हे पार्थ ! यी सबै कर्महरू फलको आशा नराखिकन शुद्ध अन्तःकरणबाट गरिनुपर्छ। यही नै मेरो अन्तिम अभिमत हो ।६।

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

पूर्व–नियत गरिएका कर्महरू कहिल्यै पनि छोड्नु हुन्न। यदि कसैले प्रमादवस आफ्नो पूर्व नियत कर्म छोड्छ भने यस्तो त्यागलई तामसी त्याग भनिन्छ ।७।

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत्।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

र जसले आफ्ना लागि नियत गरिएको कर्तब्य शारीरिक दुःख पाइने डरले परित्यागलाई राजसी त्याग भनिन्छ, यस्तो त्यागको कुनै प्रयोजन हुँदैन ।८।

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन।
संगत्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥९॥

हे अर्जुन ! जसले आफ्ना समस्त निर्धारित कर्महरू स्वकर्तव्यको भावनाले, फलको आशा नराखिकन सम्पन्न गर्दछ, यस्तो कर्म सात्विक हुन्छ ।९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न द्वेष्ट्यकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥

यस्तो मानिस बुद्धिमान्, सन्देहरहित, परम त्यागी, शुद्ध र शान्त हुन्छ उसका लागि सबै कर्महरू न दुःखदायी हुन्छन् न सुखदायी नै ।१०।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

यस संसारमा एउटा देहधारी मानिसका लागि कर्म नगरिकन रहन सम्भव छैन। जसले आफ्ना समस्त कर्मफलको आशा त्यागेको छ, उही नै वास्तविक त्यागी कहलाउँछ ।११।

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ॥१२॥

हरेक कर्म सुख, दुःख अथवा दुवै प्रकारको मिश्रित फल प्रदान गर्ने हुन्छ र अत्यागीले ती सबै भोग्नुपर्ने हुन्छ तर सन्यासीले यस्तो प्रतिफल भोगिरहनु पर्दैन ।१२।

पंचैतानि महाबाहो कारणानि निबोध मे ।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥

हे अर्जुन ! साङ्ख्यदर्शनका अनुसार सम्पूर्ण कर्मका पाँचवटा कारण छन्। अब मबाट तिनीहरू बारे जान ।१३।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पंचमम् ॥१४॥

कर्मको मुख्य थलो शरीर, कर्ता, इन्द्रियहरू, फरक–फरक चाहनाहरू र अन्त्यमा ईश्वर यी पाँचवटा कर्मका प्रेरक तत्व हुन् ।१४।

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्यं वा विपरीतं वा पंचैते तस्य हेतवः ॥१५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले आफ्नो मन, बाणी र शरीरबाट राम्रो-नराम्रो जे जस्तो काम गर्छ, ती सबै उपरोक्त पाँच स्रोतबाट आएका हुन्छन् ।१५।

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

यदि कुनै मानिसले प्रकृतिलाई कर्मको कारण नमानेर आफूलाई कर्ता ठान्दछ भने ऊ मन्दबुद्धि हो । उसले परम सत्यको साक्षात्कार गर्न सक्दैन ।१६।

यस्य नांहकृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

जुन अहंकाररहित छ र जसको बुद्धि कर्मप्रति अनासक्त छ, उसले यी समस्त योद्धाहरूको बध गरे पनि त्यसको कर्मफलबाट मुक्त रहन्छ ।१७।

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

ज्ञान, ज्ञानको विषय र ज्ञाता यी तीनवटा कर्मका प्रेरकतत्व हुन् भने कारण, कर्म र कर्ता यी तीनवटा तत्त्व कर्मका घटक हुन् ।१८।

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

प्रकृतिको फरक-फरक गुणका कारण ज्ञान, कर्म र कर्ताका तीन विभेद भएका हुन्, अब मबाट ती भेदहरूका विषयमा पनि सुन ।१९।

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

जुन ज्ञानबाट स्वभावतः छरिएर रहेको प्रकृतिमा अविनाशी र एकात्मकता अनुभूत हुन्छ त्यस्तो ज्ञानलाई सात्विक ज्ञान भनेर बुझ ।२०।

पृथत्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं बिद्धि राजसम् ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर जसले प्रकृतिका हरेक वस्तुलाई फरक-फरक स्वरुपमा बुझ्दछ, त्यस्तो बुझाइ अर्थात् ज्ञानलाई तिमीले राजसी भनेर जान ।२१।

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
अतत्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

अनि, यदि कसैले एउटै सामान्य वस्तुलाई अकारण नै एकमात्र कार्य हो भन्ने ठान्छ र त्यसैमा रमाउँछ भने यस्तो अयथार्थ र अल्पज्ञानलाई तामसी भएको जान ।२२।

नियतं संगरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

फलको कुनै आशा नगरिकन, राग, द्वेष तथा सङ्गरहित भएर हरहमेसा कर्तव्यनिष्ठ भएर गरिने कर्मलाई सात्त्विक भनिन्छ ।२३।

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

जुन कर्म अहङ्कार र स्वकीय इच्छापूर्तिको भावनाले परिश्रमपूर्वक सम्पन्न गरिन्छ, ती कर्महरू राजसी हुन्छन् ।२४।

अनुबन्धं क्षयं हिंसामनपेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

भावी बन्धनको पर्वाह नगरी, कसैलाई नाश पार्न, अनावश्यक बल प्रयोग गरी, हिंसात्मक र मोहग्रस्त अवस्थामा गरिएका समस्त कर्महरू तामसिक हुन्छन् ।२५।

मुक्तसंगोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

जुन ब्यक्तिले अनासक्त तथा अहङ्काररहित भई धैर्यशीलता र उत्साहपूर्ण तवरले कार्यको सिद्धि अथवा असिद्धिको पर्वाह नगरी कर्म गर्दछ, त्यस्तो कर्ता सतोगुणी हुन्छ ।२६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

कर्म र त्यसको फलप्रति असक्त हुँदै कर्मको परिणाम उपभोग गर्न चाहने लोभी, इर्श्यालु, अपवित्र, सुखदुःखमा विचलित भइरहने कर्ता राजसी हुन्छ ।२७।

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

कसैसँग नमिल्ने, भौतिकवादी, जिद्दी, कपटी, अर्काको उपकार गर्ने, अल्छी चिन्तित र सुताहा कर्तालाई तामसी भनिन्छ ।२८।

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं श्रृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनंजय ॥२९॥

हे धनन्जय ! प्रकृतिका तीन गुणअनुसार फरक–फरक रहेका धैर्य एवं ज्ञानका विषयमा म तिमीलाई विस्तारपूर्वक भन्छु, सुन ।२९।

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥

हे पार्थ ! जुन बुद्धिद्वारा मानिसले स्वीकार गर्नु पर्ने र त्याग्नु पर्ने, गर्नु हुने र नहुने, डर सृजित गर्ने र अभय दिने तथा बन्धन–मुक्तिका विषयमा राम्रो तवरले बुझ्दछ, यस्तो बुद्धि सात्विक हुन्छ ।३०।

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥

हे पार्थ ! धर्म–अधर्म र कार्य–अकार्यका बीचको फरक ठीक ठीक तवरबाट छुट्याउन नसक्ने बुद्धि राजसी हुन्छ ।३१।

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञानरुप अन्धकारमा परेर धर्मलाई अधर्म ठान्ने र अधर्मलाई धर्म ठान्ने, सधैँ विपरीत कर्म गर्न प्रेरित गर्ने र भ्रमित रहने बुद्धि तामसी हुन्छ।३२।

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥

हे पार्थ ! जब योगका माध्यमबाट मनस र इन्द्रियहरू पूर्णतया नियन्त्रित हुन्छन्, त्यस्तो सङ्कल्पलाई सात्त्विक भनिन्छ र यो अचल एवं अखण्ड हुन्छ।३३।

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन।
प्रसंगेन फलाकांक्षी धृतिः सा पार्थ राजसी ॥३४॥

हे अर्जुन ! जुन धृतिले गर्दा मानिस धर्म, अर्थ र शारीरिक–वासनामा अशक्त हुन्छ, त्यस्तो धारणा राजसिक हुन्छ।३४।

यया स्वप्नं भयं शोकं विषादं मदमेव च।
न विमुंचति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥३५॥

हे पार्थ ! जुन सङ्कल्प, सपना, डर, शोक, विषाद र मोहबाट माथि जान सक्दैन यस्तो अबौद्धिक धृतिलाई तामसी भनिन्छ।३५।

सुखं त्विदानीं त्रिविधं श्रृणु मे भरतर्षभ।
अभ्यसाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥३६॥

हे भरतश्रेष्ठ ! अब म तीन प्रकारका सुखका विषयमा भन्दछु सुन। सुमार्गमा प्राप्त हुने सुखमा सबै प्रकारका दुःखहरुको अन्त्य–निहित हुन्छ।३६।

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम्।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥३७॥

जो आरम्भमा बिष झैँ अनुभूत भए तापनि अन्त्यमा अमृत सरह हुन्छ भने अन्तरात्मा एवं बुद्धिलाई आनन्द प्रदान गर्छ, त्यस्तो सुख सात्त्विक हुन्छ।३७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥३८॥

विषय र इन्द्रियहरूको सम्बन्धबाट उत्पन्न हुने सुख जुन आरम्भमा अमृत झैँ हुन्छ र अन्त्यमा विष झैँ दुखदायी हुन्छ, यस्तो सुख राजसिक हुन्छ ।३८।

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

जुन सुख आरम्भदेखि अन्त्यसम्म आत्मालाई मोहित गरिरहन्छ र निद्रा, आलस्य र मोहबाट जसको उत्पत्ति हुन्छ, त्यस्तो सुख तामसी हुन्छ ।३९।

न तदस्ति पृथिव्यां व दिवि देवेषु वा पुनः ।
सत्वं प्रकृतिजैर्मुक्तं यदेभिःस्यात्रिभिर्गुणैः ॥४०॥

यो भौतिक–संसार वा स्वर्गका प्रत्येक जीवहरू प्रकृतिका यी तीनवटा गुणहरूको प्रभावबाट मुक्त छैनन् ।४०।

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्रहरू आफ्नै सहजात प्राकृतिक गुणअनुसार फरक–फरक छन् ।४१।

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

ब्राह्मणमा शम, दम, तप, पवित्रता, सहनशीलता, इमान्दारिता, ज्ञान, विज्ञान र आध्यात्मिकता यी सहजात प्राकृतिक गुण हुन्छन् ।४२।

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

वीरता, शक्ति, सङ्कल्प, उद्यमशीलता, युद्धमा उत्साह,उदारता र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेतृत्व यी क्षत्रीका प्राकृतिक गुण हुन् ।४३।

कृषिगौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

कृषि, गौपालन र वाणिज्य विषयहरूको प्राकृतिक गुण हो भने अर्काको सेवा गर्नु शूद्रहरूको स्वाभाविक कर्म हो ।४४।

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥४५॥

आ–आफ्नो प्रकृति वा स्वभाव अनुसार कर्म नियत कर्म गरेमा मानिसले सिद्धि प्राप्त गर्छ। आफ्नो लागि नियत गरिएको कर्म गरेर मानिसले कसरी सफलता प्राप्त गर्न सक्छ, त्यो पनि सुन ।४५।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

आफ्ना लागि नियत भएको प्राकृतिक स्वभाव अनुसार कर्म गरेर भगवानको पूजा–आराधना गरेर मानिसले सिद्धि प्राप्त गर्दछ ।४६।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥४७॥

अर्काको राम्रो व्यवसाय अपनाउनुभन्दा पनि केही कमसल नै भए तापनि आफ्नै स्वभाव अनुरुपको कर्म गर्नु बेस हुन्छ। आफ्नो प्रकृतिअनुसार काम गर्दा कहिल्यै पनि दुःख हुँदैन ।४७।

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत् ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ॥४८॥

हे कुन्तीपुत्र ! केही त्रुटिपूर्ण भए तापनि आफ्नो स्वभावसँग मिल्दो कर्म छोड्नु हुँदैन, किनभने धुवाँले आगोलाई ढाकेझैँ हरेक कार्यमा कुनै न कुनै दोष हुन्छ नै ।४८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ॥४९॥

अनासक्त बुद्धि भएको, पूर्णरुपले मनलाई नियन्त्रण गरेको र चाहनारहित ब्यक्तिले त्यागको अभ्यासका माध्यमबाट परमपद प्राप्त गर्छ ।४९।

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ॥५०॥

हे अर्जुन ! अब उसले कसरी ज्ञानको सर्वोच्चता अर्थात् ब्रह्मपद प्राप्त गर्छ, यो कुरा मबाट सङ्क्षेपमा सुन ।५०।

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१।

जब मानिसको बौद्धिक दृष्टिकोण सफा हुन्छ र मन पूर्णतया एकाग्र हुन्छ, शब्दादि इन्द्रिय अनुभूति समाप्त हुन्छन् र आत्मा रागद्वेषबाट माथि उठ्छ ।५१।

विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ॥५२॥

अनि पूर्णतया एकान्त ठाउँमा निवास गर्दछ, थोरै भोजन गर्छ, शरीर मन र बोलीमा नियन्त्रण गर्दछ र हरहमेशा स्वात्मकेन्द्रित रहन्छ ।५२।

अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥५३॥

अहङ्कार, बल, घमण्ड, काम–वासना, रिस, सङ्ग्रहरहित, अभिमान त्यागेको त्यस्तो ब्यक्तिलाई ब्रह्मपद प्राप्त गरेको मान्न सकिन्छ ।५३।

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न कांक्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥५४॥

ब्रह्म साक्षात्कार गरेको र हरहमेशा आनन्दमा रहने, शोक र ईच्छारहित अनि, समस्त प्राणीमा समान दृष्टिकोण भएको मानिसले मेरो अपरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति प्राप्त गर्छ ।५४।

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥

भक्ति माध्यमबाट मात्रै मानिसले मेरो असली स्वरुप चिन्न सक्छ यसरी मलाई तात्विक रुपमा बुझेपछि ऊ ममा प्रवेश गर्दछ ।५५।

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यापाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥५६॥

यस्ता साधकले मेरो संरक्षणमा रहेर सबैथरीका काम गर्दै मेरो कृपाले अविनाशी तथा नित्य धाम प्राप्त गर्छन् ।५६।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चितः सततं भव ॥५७॥

पूर्ण–चेतनामा रहेर मेरै लागि समस्त कर्म गर र बुद्धियोगको आश्रयमा रहेर निरन्तर मैमा मन लगाऊ ।५७।

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ॥५८॥

यदि तिम्रो चित्त पूर्णतया ममा आश्रित छ भने मेरो कृपाले सबै प्रकारका असजिलाहरू पार गर्नेछौ । यदि तिमी अभिमान गरेर आत्माको आवाज सुनेनौ भने तिम्रो विनाश हुनेछ ।५८।

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥५९॥

यदि अहंकारी भएर लडाईं गर्दिनँ भनिरहन्छौ भने तिमी आफ्नो प्राकृतिक स्वभाव विपरीत छौ र प्रकृतिले पुनः त्यसैको लागि प्रेरित गर्नेछ ।५९।

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ॥६०॥

हे कौन्तेय ! तिमी अहिले स्वभावतः पूर्वकर्मको प्रभावमा रूमल्लिएकाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहित छौ र आफ्नो मूलकर्म गर्न चाहिरहेका छैनौ तर तिमीले नचाहे तापनि स्वभावअनुसारको कर्म गर्नै पर्नेछ ।६०।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यंत्रारूढानि मायया ॥६१॥

हे अर्जुन ! ईश्वर समस्त प्राणीहरुका हृदयमा विराजमान छ र तिनलाई आफ्नो मायाले कठपुतली झैँ नचाइरहेको छ ।६१।

तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥

हे भारत ! तिमी पूर्णरुपले तिनकै शरणमा जाऊ, तिनकै कृपाले तिमीले परमशान्ति र अविनाशी पद प्राप्त गर्नेछौ ।६२।

इति ते ज्ञानमाख्यातं गुह्यद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

यस प्रकार मैंले तिमीलाई अत्यन्त गोपनीय ज्ञानका विषयमा बताएँ । यसका विषयमा आफ्नो अन्तरात्माले मनन गर र तिमीलाई जस्तो उचित लाग्छ, त्यही गर ।६३।

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ॥६४॥

तिमी मेरो ज्यादै मिल्ने साथी भएकोले फेरि तिम्रो मनलाई कल्याणका लागि असाध्यै गोप्य ज्ञानको कुरा भन्छु, त्यो सुन ।६४।

मन्मना भवमद् भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।६५॥

मेरै चिन्तन गर, भक्त बन, पूजा गर र मैलाई नमस्कार गर यसो गरे तिमीले मलाई प्राप्त गर्नेछौ । मेरो प्रिय साथी भएकोले म तिमीसँग यो प्रतिज्ञा गर्दछु ।६५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

सबै थरीका धर्मकर्म छोडेर मेरो शरणमा जाऊ, मैले तिमीलाई सबै थरिका पापबाट उन्मुक्ति दिनेछु, नडराऊ ।६६।

इदं ते नातपस्काय नाभक्ताय कदाचन ।
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

तिमीले यो गोप्य ज्ञान आत्म-अनुशासन नभएका, मसँग विनाकारण शत्रुता गर्ने र अभक्तलाई कुनै पनि हालतमा नबताउनु ।६७।

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ॥६८॥

जसले मेरा अनन्य भक्तलाई यस गोपनीय ज्ञानको उपदेश दिन्छ, त्यसले मेरो परमभक्ति पाउने र मलाई प्राप्न गर्नेछ ।६८।

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

मेरो लागि यस संसारमा सो मानिस भन्दा प्यारो अर्को छैन भने भविष्यमा पनि यतिको प्यारो अरु कुनै मानिस हुनेछैन ।६९।

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

जसले हामी बीच भएको यस धार्मिक-संवादलाई सुन्छ, त्यसले आफ्नो विवेकरुपले मेरो आराधना गरेको ठहर्छ भन्ने मेरो बिचार छ ।७०।

श्रद्धावाननसूयश्च श्रृणुयादपि यो नरः ।
सोऽपि मुक्तःशुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥७१॥

जसले यो संवादलाई द्वेषरहित र श्रद्रायुक्त भएर सुन्छ, त्यो मानिस सबै प्रकारका पापहरुबाट मुक्त भई धर्मात्माहरुले निवास गर्ने शुभलोक प्राप्त गर्छ ।७१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनंजय ॥७२॥

हे पार्थ , हे धनन्जय ! तिमीले मन एकाग्र गरेर मलाई सुन्यौ । तिमीमा रहेको अज्ञान र मोह मासियो कि मासिएको छैन ? ।७२।

अर्जुन उवाच

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥७३॥

अर्जुनले भने : हे अच्युत ! तपाईंको कृपाले मेरो मोह मासियो र मैले फेरि स्मृति प्राप्त गरें। मेरा सबै सन्देहहरू समाप्त भई मेरो बुद्धि स्थिर भएको छ। म हजुरको हरेक आज्ञा मान्न तयार छु ।७३।

सञ्जय उवाच

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

सञ्जयले भने : यसरी मैले महापुरुष वासुदेव कृष्ण र अर्जुनका बीचमा भएको संवाद सुने। त्यसले मेरो शरीर रोमान्चित भइरहेको छ ।७४।

व्यासप्रसादाच्छ्रुतवानेतद् गुह्यमहं परम् ।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

मेरा गुरु वेदव्यासको कृपाले योगेश्वर श्रीकृष्ण र अर्जुनका बीचमा भएको यो रहस्यपूर्ण संवाद मैले प्रत्यक्ष सुनें ।७५।

राजन्संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम् ।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ॥७६॥

हे राजा ! जब म केशव र अर्जुनका बिचमा भएको त्यो अद्भुत एवं पुण्यदायी सम्बाद सम्झन्छु, त्यस बखत घरीघरी मेरो मन हर्षले भरिपूर्ण हुन्छ ।७६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ।
विस्मयो मे महान्राजन्हृष्यामि च पुनः पुनः ॥७७॥

हे राजा ! घरिघरी श्रीकृष्णको त्यो अति अद्भुत र आश्चर्यजनक रुप सम्झेर म हर्षित भइरहन्छु ।७७।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

जहाँ योगेश्वर श्रीकृष्ण छन् र जहाँ महान् धनुर्धारी अर्जुन छन्, त्यहीँ समग्र सम्पत्ति, विजय, परम आनन्द र सम्पूर्ण नैतिकताले वास गर्छन् भन्ने मेरो पक्का निष्कर्ष छ ।७८।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे मोक्षसंन्यासयोगो नाम अष्टादशोऽध्यायः ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादक-परिचय

त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपालको पहिलो आधुनिक शिक्षालय त्रिचन्द्र बहुमुखी क्याम्पसको मनोविज्ञान तथा दर्शनशास्त्र विभागमा दर्शनशास्त्रका आचार्य डा. गोविन्दशरण उपाध्यायको जन्म सन् १९७२ मा पर्वत जिल्लाको तत्कालीन बराचौर गा.वि.स. वडा नं १ (हाल विहादी–२) मा पण्डित स्व. श्रीपिताम्बरशरण उपाध्याय र आमा ईश्वरी देवीबाट भएको हो। डा. उपाध्यायले आफ्नो प्रारम्भिक शिक्षा आफ्नै पिताजीबाट र संस्कृतसहित आधुनिक शिक्षा भारतको वृन्दावन तथा आगरा विश्वविद्यालयबाट प्राप्त गर्नुभएको हो।

ध्यात्मका साधक, अनुसन्धाता, चिन्तक तथा दर्शनशास्त्रजस्तो गहन विषयमा विद्यावारिधि तथा मनोविज्ञानमा डिप्लोमा गर्नुभएका डा. शरणका दर्जनौं तकहरू प्रकाशित छन् भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकामा शोधकार्यहरू छापिएका छन्। श्रीमद्भगवद्गीता, श्रीमद्भागवतसहित वैदिक वाङ्मयको स्वाध्याय, प्रवचन एवं प्रशिक्षणका माध्यमबाट नेपालको बहुमुखी उन्नयनमा क्रियाशील रही सनातन धर्म, संस्कृति, संस्कार, मौलिक ऋषि–संस्कृति प्रचारप्रसारमा सक्रिय हुनुहुन्छ।

प्रकाशित कृतिहरू :

वैदिक दर्शनको परिचय — २. नैतिक हिन्दू दर्शन

रिचयात्मक [illegible] दर्शन ४. राज्यराष्ट्र अवधारणा र सिद्धान्त (सहलेखन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भगवद्गीता बारे विश्वप्रसिद्ध विद्वानहरूको अभिमत

हेनरी डेभिड थोरो : "बिहान म मेरो बुद्धिलाई श्रीमद्भगवद्गीताको अद्भूत र ब्रह्माण्डीय दर्शनमा नुहाउँछु जसको तुलनामा हाम्रो आधुनिक संसार र यसको साहित्य तुच्छ र तुच्छ देखिन्छ ।"

महात्मा गाँधी : "जब मलाई शंकाले सताउँछ, जब निराशाहरूले मलाई घेर्छन् र मैले क्षितिजमा आशाको किरण देख्दिन, म श्रीमद्भगवद्गीतातिर फर्कन्छु र मलाई सान्त्वना दिने श्लोक फेला पार्छु र म तुरुन्तै ठूलो दुःखका बीचमा मुस्कुराउन थाल्छु। गीताको ध्यान गर्नेहरूले यसबाट हरेक दिन नयाँ आनन्द र नयाँ अर्थहरू प्राप्त गर्नेछन् ।"

एल्डस हक्सले : "मानवजातिलाई प्रदान गर्ने आध्यात्मिक विकास मूल्यकोको सबैभन्दा व्यवस्थित कथन र दर्शनशास्त्रको सबैभन्दा स्पष्ट र व्यापक सारांशहरू मध्ये एक हो। त्यसैले यसको स्थायी मूल्य छ। गीता भारतवर्षको मात्र नभई सम्पूर्ण मानवताको शास्त्र हो ।"

जर्मन दार्शनिक हर्मन ग्राफ : "श्रीमद्भगवद्गीतालाई संसारको सबैभन्दा सुन्दर आध्यात्मिक कृतिको हो ।"

हलिउड अभिनेता विल स्मिथ : "म श्रीमद्भगवद्गीतामार्फत ९०% छु ... मेरो भित्री अर्जुनलाई यसले च्यालेंज गरिएको छ ।"

सनातन धर्म, संस्कृति, संस्कार तथा सदाचारको लागि श्रीमद्भगवद्गीता पढौँ, पढ्न प्रेरित गरौँ र आत्मा गौरव गरौँ ।

श्रीमद्भगवद्गीता प्रवचन

NEWS NEPAL HD

हरेक बिहान ६:१५ देखि ६:३०

News Nepal टेलिभिजनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal